जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ९ अंक २४, २०७७ साल फागुन १४ गते शुक्रबार, नेपाल संवत् ११४१ (Feb. 26, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–

## बाइडेनले नेपालसँग सम्बन्ध बढाउने

काठमाडौं । अमेरिकी राष्ट्रपति जोसेफ आर बाइडेनले नेपालसँग सम्बन्ध अरु प्रगाढ बनाउने बताएका छन् । अमेरिकाका लागि नेपाली राजदूत डा. युवराज खतिवडाको ओहोदाको पत्र बुझेपछि पठाएको प्रतिक्रियामा राष्ट्रपति बाइडेनले साझा मुद्दामा नेपाल र अमेरिकाले सहकार्य गर्नेसमेत उल्लेख गरेका छन् ।

कोभिड- १९ का कारण भौतिक भेटमार्फत नभएर अमेरिकी राष्ट्रपतिले विदेशी राजदूतहरूको ओहोदाको प्रमाणपत्र विदेश मन्त्रालयमार्फत बुझ्दै आएका छन् । ओहोदाको बाँकी ८ पेजमा

## नेपाली युवाको अर्को कीर्तिमान

काठमाडौं । 'युरोरडिस फोटो अवार्ड २०२१' मा नेपालले दोस्रो स्थान गर्न सफल भएको छ । दुर्लभ रोग लागेर जीवन बिताउन बाध्य व्यक्तिको जीवन शैलीलाई उजागार गर्ने लक्ष्यका साथ आयोजित अन्तर्राष्ट्रिय फोटो प्रतियोगितामा पोखराका खिमकाजी लामिछाने दोस्रो भएका हुन् । गएराति बेल्जियमको ब्रसेल्समा भएको अन्तिम प्रतियोगितामा उनले दोस्रो स्थान हासिल गरेका हुन् ।

विभिन्न ३० मुलुकका चार सय भन्दा बढी फोटोपत्रकारले खिचेका दुई हजार ७३ फोटो प्रतियोगितामा समावेश भएको जनाइएको छ । प्रतियोगितामा बाँकी ८ पेजमा

# स्वेच्छाचारितामाथि सर्वोच्चको लगाम

काठमाडौं । सर्वोच्च अदालतले 'प्रधानमन्त्री केपी शर्मा ओलीले गत पुस ५ गते राष्ट्रपति विद्यादेवी भण्डारीमार्फत गराएको प्रतिनिधिसभा विघटनलाई असंवैधानिक ठहर गरेको छ । सर्वोच्चका प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले सुनाएको फैसलामा १३ दिनभित्र संसद अधिवेशन बोलाउन समेत निर्देशन दिइएको छ । संविधानको धारा ७६ को १ अनुसारको बहुमतको प्रधानमन्त्रीले धारा ७६ को ७ अनुसार संसद विघटन गर्ने संवैधानिक पूर्वसर्त नभएको र प्रधानमन्त्रीले ५ पुसमा गरेको सिफारिस राष्ट्रपतिले स्वीकृत गरी जारी गरेको विज्ञप्ति असंवैधानिक भएकाले संवैधानिक र कानुनी रुपमा शून्य हुने गरी बदर गरिएको छ ।' प्रधानन्यायाधीश राणाले फैसला सुनाउँदै भनेका छन् । उनले भनेका छन्- आदेशको परिणामस्वरुप संघीय संसदको प्रतिनिधिसभा सो असंवैधनिक विघटनभन्दा पहिलेकै स्थितिमा पुनःस्थापित भई यथास्थितिमा काम गर्न सक्षम र समर्थ रहेको छ ।'

प्रतिनिधिसभाको छैठौं अधिवेशन १८ असार २०७७ मा अन्त्य भएको र संविधानको धारा ९३ को उपधारा (१) बमोजिम अनिवार्य रुपमा ६ महिनाभित्र अर्को अधिवेशन आह्वान हुनुपर्नेमा उपयुक्त बमोजिम प्रतिनिधिसभा असंवैधानिक विघटन भएका कारणबाट समयावधि व्यतित भए पनि त्यस्तो विघटनको परिणामस्वरुप बैठक बस्ने मिति समेत स्वतः परिवर्तन भएको मानी यो आदेश जारी भएको मितिले १३ दिनभित्र प्रतिनिधिसभाको अधिवेशन बोलाई बैठकका लागि आवश्यक व्यवस्था गर्न निर्देशनात्मक जारी गरेको छ ।

सर्वोच्च अदालतका प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा, न्यायाधीशहरू विश्वम्भर श्रेष्ठ, अनिलकुमार सिन्हा, सपना प्रधान मल्ल र तेजकुमार केसीको संवैधानिक इजलासले सो फैसला सुनाएको हो । गत पुस ५ मा मन्त्रिपरिषद्को बैठकले प्रतिनिधिसभा विघटन गर्ने सिफारिस गरेको थियो । प्रधानमन्त्री ओलीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले सोही दिन नै प्रतिनिधिसभा विघटन गरी वैशाख १७ र २७ गते निर्वाचनको घोषणा गरेकी



थिइन् ।

प्रतिनिधिसभा विघटन राजनीतिक हो कि संवैधानिक हो भन्ने विषयमा सर्वोच्चले फैसलामा व्याख्या गर्दै भनेको छ- संविधानमा न्यायिक निरुपणको विषय हुँदैन भनी प्रस्ट शब्दमा अन्यथा व्यवस्था गरेको विषयका कुरामा बाहेक संविधानमा रहेको कुनै प्रावधानको प्रयोग र व्याख्यासम्बन्धी प्रश्नमा अदालतले निरुपण गर्नुपर्ने नै देखिन्छ । संविधानको धारा ७६ को उपधारा (१), (७) र ८५ प्रयोग गरिएको प्रतिनिधिसभा विघटनको निर्णय संविधानसम्मत हुन्छ वा हुँदैन भन्नेजस्ता संवैधानिक प्रश्न प्रस्तुत विवादमा देखिएको तथा गम्भीर संवैधानिक व्याख्याको प्रश्न समावेश भएका ती विषयको निरुपण नेपालको संविधानको धारा १३७ को उपधारा (३) बमोजिम यस इजलासको संवैधानिक इजलासले नै हेर्नुपर्ने संवैधानिक दायित्व रहेका कारण प्रस्तुत विवादका प्रश्नहरू न्यायिक निरुपण, योग्य रहेको देखिँदा राजनीतिक विषयवस्तु वा प्रश्न मात्रै सुन्निहित रहेको भन्ने तर्क स्वीकार गर्न सकिएन ।

संसदीय प्रणालीका अन्तर्भूत विशेषताभन्दा फरक ढंगले आफ्नै मौलिकताबाट सिर्जना गरिएको संवैधानिक व्यवस्थाको संरचनाबाट अनुप्राणित भएको हुँदा यस संविधानमा परम्परागत संसदीय शासन प्रणालीका सबै गुणहरू स्वतः समाहित छैनन् । सर्वोच्चले फैसलामा भनेको छ, परम्परागत संसदीय प्रणाली अपनाएका मुलुकमा पनि संसद विघटन गर्ने कार्यलाई निरुत्साहित गर्नेतर्फ तथा उत्तरदायी सरकारको अवधारणातर्फ उन्मुख हुँदै गएको पाइन्छ ।

'संविधानमा रहेको सीमा, बन्देज अनुसारको अवस्थाबाहेक संसदीय प्रणालीको आधारभूत मूल्यमान्यता तथा अभ्यासको आधार ग्रहण गरी अन्य विकल्प हुँदाहुँदै कसैको इच्छा वा आत्मनिष्ठा रुपमा देखिएको आवश्यकताका आधारमा आवधिक चुनावबाहेकको अवस्थामा जनतालाई आर्थिक दायित्व पर्ने गरी प्रतिनिधिसभा विघटन गरिनु संविधानको मर्म र उद्देश्य नहुँदा त्यस्तो कार्य संविधान सम्मत हुँदैन' सर्वोच्चको फैसलामा भनिएको छ ।

प्रतिनिधिसभा विघटन गर्नु संविधान सम्मत हुने हो वा होइन भन्ने प्रश्नमा संविधानको धारा ७४ ले नेपालको शासकीय स्वरुप संसदीय प्रणालीमा आधारित भएको प्रधानमन्त्रीको लिखित जवाफमा सर्वोच्चले व्याख्या गर्दै भनेको छ- धारा ७४ नेपालको शासकीय स्वरुप 'संसदीय प्रणालीमा मात्रै सीमित नराखी बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली हुने' भन्ने उल्लेख गरेबाट ती शब्दावलीलाई सम्पूर्णतामा हेर्नुपर्ने हुन्छ । फेरि यो धारा आफैंमा कार्यात्मक धारा भन्ने देखिँदैन ।

सर्वोच्चले प्रतिनिधिसभा विघटनलाई बदर गरेसँगै देशको बाँकी ८ पेजमा

## मेलम्चीको पानी चाँडै वितरण हुने

काठमाडौं । मेलम्ची खानेपानी आयोजना सुरु भएपछि यसको सुरुङ खन्नेलगायतका कामको जिम्मा इटालियन ठेकेदार कम्पनी सीएमसीलाई दिए पनि सीएमसीले काम पूरा नहुँदै आयोजनाको काम अलपत्र छाडेर भागेको थियो । सीएमसीले काम छाडेपछि बाँकी काम पूरा गर्ने जिम्मा सरकारले चिनियाँ कम्पनीलाई दिएको थियो ।

मेलम्ची आयोजनाको ढिलासुस्ती, विभिन्न क्षेत्रबाट आइरहने अवरोधका बीचमा अहिले भने मेलम्चीको पानी काठमाडौं आउने निश्चित भएको छ । मेलम्चीको पानी अबको दुई महिनाभित्र वितरण हुने भएको छ । एसियाली विकास बैंक (एडीबी) को ऋण सहयोगमा निर्माण भइरहेको मेलम्ची खानेपानीमा अहिलेसम्म २९ अर्ब ५० करोड खर्च भइसकेको आयोजनाले जानकारी दिएको छ ।

सुरुङभित्र पानी हालिएको १६ दिनभित्र सुरुङ भरिनेछ भने त्यसको २६ दिनपछि



काठमाडौंको सुन्दरीजलमा रहेको पानी प्रशोधन केन्द्रमा पानी पुग्ने मेलम्ची खानेपानी आयोजनका कार्यकारी निर्देशक खत्रीले जानकारी दिए ।

मेलम्चीको पानी वितरण गर्न काठमाडौंमा १ सय ४४ वितरण केन्द्र निर्माण गरिएको र २६ केन्द्र तयारी हालतमा रहेको आयोजनाले जानकारी दिएको छ । पाइपलाइनमा पानी हाल्दै परीक्षण गर्दै अघि बढ्ने र पहिलो चरणमा चक्रपथभित्रका करिब ३० हजार धारामा पानी वितरण गर्न सकिने आयोजनाले जानकारी दिएको छ ।

मेलम्ची खानेपानी बाँकी ८ पेजमा

## शीर्ष नेताहरू आआफ्नै रणनीतिमा

काठमाडौं । सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनर्स्थापना गर्ने निर्णयसँगै नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का ओली र दाहाल नेपाल दुवै समूह आआफ्नै रणनीतिअनुसार अघि बढ्ने भएका छन् । दाहाल नेपाल समूहले वर्तमान परिस्थितिको विश्लेषण गर्दै सबै लोकतान्त्रिक शक्तिसँग सहकार्य गरेर अघि बढ्ने रणनीति बनाएको छ भने ओली समूहले सर्वोच्च अदालतको फैसला कार्यान्वयन गर्दै संसदमा नै सामना गरेर अघि बढ्ने योजना बनाएको छ ।

प्रतिनिधिसभा पुनःस्थापना भएपछि बुधबार दाहाल नेपाल र ओली पक्षको छुट्टाछुट्टै स्थायी कमिटी बैठक बसेको छ । दुवै समूहले आगामी रणनीतिबारे छलफल गरेका छन् । नेकपा दाहाल नेपाल समूहको स्थायी कमिटी बैठकले हालको विकसित राजनीतिक घटनाक्रमका सन्दर्भमा सबै लोकतान्त्रिक शक्तिसँग हातेमालो गरेर अघि बढ्ने



निर्णय गरेको छ । नेकपा सचिवालय सदस्य एवं प्रवक्ता नारायणकाजी श्रेष्ठले संविधानको प्रभावकारी कार्यान्वयन, लोकतान्त्रिक अभ्यासको सुदृढीकरणलाई ध्यान दिँदै सामाजिक, आर्थिक रुपान्तरण गर्न लोकतान्त्रिक शक्तिसँग सहकार्य गरेर अघि बढ्ने निर्णय गरेको बताएका छन् ।

संसद बैकठबाट संविधानअनुसार सरकार गठन र अविश्वास प्रस्ताव अघि बढाउने उनको भनाइ छ । प्रधानमन्त्री ओलीविरुद्ध यसअघि दर्ता गरिएको अविश्वास प्रस्तावमा पुष्पकमल दाहाल प्रचण्डलाई नयाँ प्रधानमन्त्रीका रुपमा प्रस्ताव गरिए पनि आवश्यक परे नयाँ ढंगले अघि बढ्ने उनको भनाइ छ । प्रधानमन्त्री ओलीले आत्मालोचना सहितको रुपान्तरणको योजना नदिएसम्म एकता हुन नसक्ने श्रेष्ठले बताएका छन् । ओलीले प्रधानमन्त्री पदबाट राजीनामा दिएर गल्ती स्वीकार्दै विधि पद्धतिका आधारमा अघि बढ्ने प्रतिबद्धता गरेमा एकता हुन सक्छ । अन्यथा एकताका कुरा भ्रम हुने श्रेष्ठले भनेका छन् । बैठकले ओलीको भ्रममा परेर फुटवादी ग्रुपमा लागेका नेकपाका नेताहरूलाई आफ्नो पदमा फर्किएर जिम्मेवारी निर्वाह गर्न आह्वान गरेको छ । बैठकले संसद विघटन बदर गर्ने सर्वोच्च अदालतको निर्णयको स्वागत गरेको छ ।

यता नेकपा ओली समूहको बालुवाटारमा बसेको स्थायी कमिटी बैठकले प्रतिनिधिसभा विघटनको निर्णय बदर गर्ने सर्वोच्च अदालतको फैसला कार्यान्वयन गर्ने निर्णय गरेको छ । नेकपा स्थायी बाँकी ८ पेजमा

## मालेले गर्‍यो फैसलाको स्वागत

काठमाडौं । नेकपा (माले) को स्थायी कमिटी बैठकले सर्वोच्चले हालै गरेको फैसलाको स्वागतलगायत केही महत्वपूर्ण विषयहरू एक विज्ञप्तिमार्फत सार्वजनिक गरेको छ । माले महासचिव सीपी मैनालीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ- 'आज मिति २०७७ साल फागुन १२ गते नेकपा (माले) को स्थायी कमिटी बैठक पार्टी महासचिव क.सी.पी.मैनालीको अध्यक्षतामा पार्टी केन्द्रीय कार्यालय, रातोपुलमा बस्यो । बैठकले गरेका महत्वपूर्ण निर्णयहरूलाई यो प्रेस बिज्ञप्तिमार्फत् सार्वजनिक गरिएको छ ।

१. बैठकले हिजो फागुन ११ गते सर्बोच्च अदालतको संबैधानिक इजलासले सकृयतापूर्वक कार्य सम्पादन गर्दै बाँकी ८ पेजमा

## सामाजिक सञ्जाल उपयोगसम्बन्धी नीति लागु

काठमाडौं । निर्वाचन आयोगले निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोगसम्बन्धी नीति, २०७७ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । निर्वाचनका सबै प्रक्रिया र चरणमा सामाजिक सञ्जालको उपयोगसम्बन्धी एकीकृत एवम् उपयुक्त नीतिगत व्यवस्था कायम गर्ने उद्देश्यले आयोगले नयाँ बाँकी ८ पेजमा

## अदुवा किसानको पीडा

काठमाडौं । अदुवाको भाउ घटेसँगै इलामका किसानमा निराशा देखिएको छ । गत वर्ष प्रतिमन ६ हजारसम्ममा बिक्री भएको अदुवा यसवर्ष एक हजार मात्र हुँदा किसान निरास हुनु स्वाभाविक हो । अदुवाको भाउ सधैं अस्थिर हुन्छ । एक वर्ष आए अर्को वर्ष नआउने भएकाले सोचेभ्कैं आम्दानी लिन सकिएको छैन । यहाँ उत्पादन हुने ठूलो परिमाण भारत निकासी हुन्छ । बाँकी ८ पेजमा

## सार्वजनिक ऋण आकासियो

काठमाडौं । नेपालको सार्वजनिक ऋणको आकार १५ खर्ब रुपैयाँ नाघेको छ। पुस मसान्तसम्ममा सरकारले भुक्तानी गर्न बाँकी ऋण १५ खर्ब ६ अर्ब ८१ करोड रुपैयाँ पुगेको हो। यो नेपालको कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को ४० प्रतिशतबराबर हुन आउँछ। नेपालको जिडिपीको आकार ३७ खर्ब ६७ अर्बबराबर रहेको केन्द्रीय तथ्यांक विभागको अनुमान छ।

अर्थ मन्त्रालयका अनुसार संघीय सरकारको कुल तिर्न बाँकी आन्तरिक ऋण ६ खर्ब ६४ अर्ब २१ करोड र वैदेशिक ऋण ८ खर्ब ४२ अर्ब ५९ करोड रहेको छ। यस अवधिमा कुल तिर्न बाँकी वैदेशिक ऋणको दायित्वमध्ये बहुपक्षीय ऋणको अंश ८८.१ प्रतिशत र द्विपक्षीय ऋणको बाँकी ८ पेजमा

## पशुपतिमा सुनको जलहरी



काठमाडौं । पशुपति क्षेत्र विकास कोषले पशुपतिनाथ मन्दिरमा १०८ किलो सुनको जलहरी राखेको छ। राष्ट्रपति विद्यादेवी भण्डारीको उपस्थितिमा बुधबार सुनको जलहरी (सुवर्ण पीठिका) अनावरण गरिएको हो । कोषका कोषाध्यक्ष डा. मिलनकुमार थापाले ८५ करोड रुपैयाँ खर्चिएर पशुपतिनाथ मन्दिरको गर्भगृहमा रहेको शिवलिंगको तल्लो भागमा जलहरी राखिएको बताए। प्रधानमन्त्री केपी शर्मा ओलीले माघ १२ गते पूजा गर्न आएका बेला उक्त कार्यका लागि सरकारका तर्फबाट ३० करोड रुपैयाँ दिने घोषणा गरेका थिए । एक दाताले २ करोड नगद, अर्काले एक किलो सुन, अर्काले १० किलो चाँदी बाँकी ८ पेजमा

## भ्रष्टाचारका नायकहरूको नालीबेली-२

समय सन्दर्भ

**पीपी सुवेदी**

सञ्चारमन्त्री भएका जयप्रकाशप्रसाद गुप्ताले कान्तिपुर टेलिभिजनको बिटबन्ड फिर्ता लिएर २०५७ साल असोजमा २ करोड ५० लाख रूपैयाँ भ्रष्टाचार गरेको भनी अदालतमा मुद्दा परे पनि मुद्दाको प्रकृति कमजोर देखेर १ लाख रूपैयाँ धरौटी लिई केही महिनामै अदालतले रिहा गरिदियो । लाभको पदमा बसेर करोडौं रूपैयाँ फाइदा लिने र व्यक्तिगत तथा पारिवारिक स्वार्थ पूरा गरेर राष्ट्रलाई क्षतविक्षत बनाउने भ्रष्टाचारीहरूको बारेमा जति खोजी गरे पनि थोरै हुन्छ। २०४६ सालपछि विभिन्न तहमा बसेका पदाधिकारी र निजका परिवारहरू सरकारका विभिन्न तहका कर्मचारीहरू, बोर्ड, प्रतिष्ठान, निगम र प्राधिकरणलगायतका विभिन्न पदमा बस्नेहरूको सम्पत्ति छानबिन गर्न भनेर



४१ हजार ९ सय ४१ जनालाई फारम पठाइए पनि ३० हजार ५ सय जनाले मात्र सम्पत्ति विवरण भरेका थिए । तर अकुत सम्पत्ति कमाएका व्यक्तिहरूलाई कुनै कारबाही गर्न नसक्दा सम्पत्तिको छानबिन समेत हुन सकेन ।

भ्रष्टाचार नियन्त्रण गर्ने शपथ खाएर अख्तियारको प्रमुख भएकाहरू नै भ्रष्ट भएकाले उनीहरूले राम्रो काम गर्न सकेनन् । राधारमण उपाध्याय र मधुसुदन गोर्खालीका बारेमा जनतामा राम्रै प्रतिक्रिया सुनिन्छ तर रामप्रसाद श्रेष्ठ जस्ता भ्रष्ट व्यक्तिलाई समेत अख्तियारमा प्रमुख बनाइयो । अञ्चलाधीश, गुप्तचर प्रमुखलगायतका विभिन्न पदमा बसेका रामप्रसाद श्रेष्ठले विदेशीलाई गुप्त सूचना बेच्ने, रण्डीबाजी र तासजुवामा दिन बिताउने, चरम भ्रष्टाचार गर्ने र राज्यलाई समेत धोका दिएर ठूलठूला जघन्य अपराध गरेको उनका समकालीनहरू बताउँछन् ।

पर्याप्त कानुन नभएका कारणले भ्रष्टाचारीमाथि कारबाही गर्न नसकेको आयोगको गुनासो भए पनि आयोगमा काम गर्ने अधिकृतदेखि पदाधिकारीहरू समेत अधिकांश भ्रष्ट भएकाले ठूलठूला भ्रष्टाचारीहरू नै दोषमुक्त ठहरिएका हुन् । आयोगले कतिपय भ्रष्टाचारीलाई पहिले नै गुप्त सूचना दिएर पृष्ठपोषण गरेको धेरैलाई थाहा छ । अख्तियारका अनुसन्धान अधिकृतहरूले अभियुक्तका घरघरमा पुगेर घूस लिने गरेका छन् । २०५३ साल असोजमा अधिवक्ता बालकृष्ण न्यौपानेले प्रधानमन्त्रीदेखि पियनसम्म सबैलाई आयोगले कारबाही गर्न पाउनुपर्छ बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# सर्वोच्चको ऐतिहासिक फैसला

आफ्नो पार्टीभित्रको अन्तर्कलह चर्किंदै गएपछि प्रधानमन्त्री केपी ओलीले एक्लै हिँड्ने प्रयास गर्दै गैरसंवैधानिक तवरले प्रतिनिधिसभा विघटन गरेका थिए । सर्वोच्च अदालतले मंगलबार अपरान्ह प्रतिनिधिसभा विघटन गर्ने निर्णय खारेज गरिदिएर संवैधानिक सर्वोच्चताको रक्षा गर्दै प्रधानमन्त्रीको अधिनायकवादी कदमलाई बलियो झापड हानिदिएको छ । ओलीको असंवैधानिक कदम राष्ट्रपतिले चाहेको भए तत्काल रोक्न सक्ने थिइन् तर राष्ट्रपति समेत ओली कदमको सहयोगी र संरक्षक बनेपछि मुलुक अँध्यारो सुरूङतर्फको यात्रामा अघि बढेको थियो । दुईतिहाई हाराहारीको जनमतलाई तिलाञ्जली दिँदै एक्लै दुईतिहाई ल्याउने अहंकार बोकेर राज्यको स्रोत साधन खर्च गर्दै पूर्वपश्चिम सबैतिर घुम्दै आमसभाको प्रतिस्पर्धामा उत्रिएका प्रधानमन्त्रीलाई सर्वोच्चले आफ्नो हैसियत स्पष्ट पारिदिएको छ ।

विडम्बना नै भन्नुपर्छ हाम्रो मुलुकमा नेताहरू एकजुट भएर ठूलठूला आन्दोलन, जनआन्दोलनदेखि जनयुद्धसम्म गर्न सफल भएका छन् । तर जब सत्तामा उनीहरू पुग्छन् एक अर्काको खुट्टा तान्ने र सत्तामा सधैं आफैं मात्र विराजमान भइरहने सोचले गर्दा मुलुकलाई कहिल्यै पनि स्थिरता दिन सक्दैनन् । विगतका सत्ताका फोहोरी खेलहरूबाट पाठ सिक्दै वर्तमान संविधानलाई अस्थिरताबाट बचाउने प्रयास गरिएको थियो । प्रधानमन्त्री ओलीको चुलिएको महत्वाकांक्षालाई संविधानका काँडेतारले छेक्न सकेन उनले पुस ५ को असंवैधानिक कदम चालेरै छोडे । सर्वोच्च अदालतले संसद पुनःस्थापनाको फैसला गरिरहँदा बालुवाटारमा प्रधानमन्त्रीको भव्य जन्मोत्सव चलिरहेको थियो । ७० वर्ष लागेकै दिन उनले अप्रिय खबर सुन्नुपर्‍यो यद्यपि उनी आफूलाई केही नभएजस्तो प्रदर्शन गरिरहेका छन् । नैतिकताको आधारमा तत्काल राजीनामा दिनुपर्नेमा संसद फेस गर्छु भनेर पुनः अहंकारी शैली प्रस्तुत गरिरहेका छन् । सर्वोच्च अदालतले गरेको ऐतिहासिक फैसलाले मध्यावधि चुनावमा एक्लै दुईतिहाई ल्याएर 'सुखी नेपाल समृद्ध नेपाली' को नारालाई मूर्तरूप दिने ओली सपनामा नराम्रोसँग तुषारापात भएको छ ।

सर्वोच्च अदालतले प्रधानमन्त्री केपी ओलीको अहंकार, लिँडेढिपी राम्रोसँग बुझेर १३ दिनभित्रै संसद अधिवेशन बोलाउन समेत आदेश दिएको छ । फैसलापछि ओलीले गर्न सक्ने जालझेल, षड्यन्त्रलाई चिर्न यो आदेश कामयावी बन्ने निश्चित छ । अदालतको निर्णयअनुसार पुस ५ गतेअघिको अवस्थामा संसद फर्किएको छ । पुस ५ गतेपछि सरकारले गरेका संवैधानिक निकायहरूका महत्वपूर्ण नियुक्ति पनि अहिले प्रश्नको घेरामा परेका छन् । ७७ वटै जिल्लामा भूमि आयोगका नाममा आफ्ना कार्यकर्तालाई जागिर दिएको दुई नम्बर प्रदेश प्रमुख हटाएको लगायत ओली मन्त्रिपरिषद्ले मनमौजी ढंगले गरेका गैरसंवैधानिक, गैरकानुनी कार्यहरू उल्टिनुपर्ने माग उठिरहेका छन् । त्यस बारेमा आगामी संसद र सरकारले निर्णय गर्ने नै छ ।

अब संसद पुनःस्थापना भइसकेपछि राजनीतिक दलहरूले पुरानै फोहोरी खेल दोहोर्‍याउने बारेमा सचेत बन्न आवश्यक छ । विगतमा भएका संसदको किनबेच, मन्त्रीहरूको एकैपल्ट बैंकक पलायन जस्ता घटना देखेका भोगेका जनताले अब त्यस्ता क्रियाकलाप देख्नु नपरोस् भन्ने चाहना राखेका छन् । जनभावनालाई सम्बोधन गरेर सिंगो मुलुक र जनतालाई माथि उठाउने राष्ट्रियताको संरक्षण प्रबर्द्धन गर्ने खालको चुस्त, दुरूस्त र लोकप्रिय सरकार पाउने जनआकांक्षाको सम्बोधन हुन आवश्यक छ । अन्यथा जुन जोगी आए पनि कानै चिरेको' अवस्थता आउन सक्छ ।

# स्थिति भयावह हुन सक्छ



**सुरेन्द्र ढकाल**

नेपालको राजनीतिक इतिहासलाई षड्यन्त्र र धोकाको दस्तावेद भन्दा फरक नपर्ला । यस क्रममा भीमसेन थापा, दामोदर पाडे, माथवरसिंह थापा षडयन्त्रका शिकार भए । कोतपर्व, भण्डारखाल पर्वमा त थुप्रै भारदार ज्यान गुमाए । राणा शासन आएपछि पनि त्यसले निरन्तर पायो । रणोद्दिप सिंह र जंगबहादुरका छोराहरू समेत त्यस्को शिकार नभएका होइनन् । शमशेर खलकभित्रै पनि त्यस्तो नाटक मंचन भइ नै रह्यो ।

प्रजातन्त्र र विधिको शासन आएपछि त मान्छेहरूले षडयन्त्रको युग सकियो भनेर सोचेका थिए । तर मदन भण्डारी र जीवराज आश्रितको हत्या, राजा वीरेन्द्रको वंश विनाश कसले गर्‍यो भन्ने कुरा नखुल्नुले गर्दा नेपाली राजनीति त्यस्ता षडयन्त्रबाट अझै मुक्त हुन सकेको छैन भन्ने बुझिन्छ । गिरिजाले टनकपुर सहमती मात्रै हो भनेर नेपाली जनतालाइ ढाँटे, सर्वोच्च अदालतले सम्झौता भनिदियो । तर खोइ कहाँबाट आयो नैतिकताको आधारमा गिरिजाको राजिनामा ? राजनीति नै पेट पाल्ने भाँडो बनाउनेहरूमा कहाँ हुन्छ नैतिकता ? संविधानमै व्यवस्था नभएको अधिकार प्रयोग गरी ओलीले गरेको संसद विघटनलाई सर्वोच्चले उल्टाइदियो । यो लेख तयार पारुञ्जेलसम्म ओलीको राजीनामा आएको छैन र उनले राजीनामा दिंदा पनि दिंदैनन् ।

**राजनीति नेपालमा लाज, घिन पचेका, डर त्रास नभएका व्यक्तिहरूले गर्ने कुरा रहुञ्जेल यहाँ यस्तै भइराख्छ । ओलीलाई संसद विघटनका सल्लाह दिनेहरू कमजोर छैनन् । त्यसको पछाडि अमेरिका छ, भारत छ, समस्त इण्डो पेसेफिक एलाएन्स छ । पशुपतिमा सुनको जलहरी, नेपालको अयोध्यापुरीमा ठड्याउन बनाएको राम सीताको मूर्ति पनि ओलीकै पछाडि छ भने पछि अविश्वासको प्रस्तावले ओलीलाई हटाउन सायद हम्मे नै पर्ला ।**

राजनीति नेपालमा लाज, घिन पचेका, डर त्रास नभएका व्यक्तिहरूले गर्ने कुरा रहुञ्जेल यहाँ यस्तै भइराख्छ । ओलीलाई संसद विघटनका सल्लाह दिनेहरू कमजोर छैनन् । त्यसको पछाडि अमेरिका छ, भारत छ, समस्त इण्डो पेसेफिक एलाएन्स छ । पशुपतिमा सुनको जलहरी, नेपालको अयोध्यापुरीमा ठड्याउन बनाएको राम सीताको मूर्ति पनि ओलीकै पछाडि छ भने पछि अविश्वासको प्रस्तावले ओलीलाई हटाउन सायद हम्मे नै पर्ला । हट्ने नै अवस्था आयो भने हिन्दी उखान 'मरता क्या नहि करता' यर्थाथमा परिणत नहोला भन्न सकिन्न ।

संघीयताको नाममा फैलिएको देशको विखण्डनको विष, धर्म निरपेक्षताको नाममा आएको नेपाली समाजको क्रिस्तानीकरण, गणतन्त्रको नाममा भएको नववादशाहहरूको उदय र विकाशलाई नेपाली जनताहरूले सूक्ष्म तरिकाले हेरिरहेकै परिप्रेक्ष्यमा ओलीले २०४७ सालको संविधान नब्युँताउलान् भन्न सकिन्न । हिजो ओलीको सरकारले सदनबाट पास गर्न खोज्दा नसकेको एमसिसि माधव वा प्रचण्डको सरकारले त्यही सदनबाट पास गर्न खोजे भने नेपाली जनताले त्यसबाट के बुझ्ने ? हो चीनले नेपालको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ला तर भोलि आउने सरकारले नेपाललाई चीन विरोधी अखडा बनाउन खोज्यो भने चीन चुप लागेर त नबस्ला नि । हिजो मुस्ताङलाई अमेरिकी अति आधुनिक हतियारबाट सुसज्जित खम्पा विद्रोहीले आफनो आधार क्षेत्र बनाइ तिब्बत स्वतन्त्र गर्ने कार्यमा लाग्दा चीनले कि त नेपालले तिनीहरूलाई त्यहाँबाट धपाओस् होइन भने नेपालभित्रै भए पनि चीनले सैनिक कारवाही गर्छ भनेपछि राजा वीरेन्द्रले शाही सेना लगाई तिनीहरूलाई मुस्ताङबाट लखेटी महाकालीपारि धार्चुला पुग्नुअगावै खम्पाको नेता वांगदी मारिएका हुन् ।

एमसिसि पास गरी नेपाललाई अमेरिकी सैन्य अखडा बनाउने कोसिस गरियो भने नेपाल चीन अमेरिकाको युद्ध मैदान बन्ने छ भनेर सोच्दा हुन्छ । वर्माका जुन्ताहरू त्यतिकै पुनः सत्तामा आएका होइनन् । पहिले पनि राजा महेन्द्रले प्रजातन्त्रको घाँटी निमोठी पंचायत शुरु गर्दा चिनियाँ उपप्रधानमन्त्री चेन यीले तिब्बत आइ भारतले नेपालमाथि कुनै कारवाही गर्‍यो भने त्यो चीनमाथिको कारवाही हुनेछ भनेर बोल्दा नेहरू गल्न पुगेका होइनन र ? एमसिसिको पक्षमा लाग्दा भोलि चीनले समर्थन गर्ने नेपालको राजनीतिक शक्ति भनेको त अन्तमा दरबार र नेपाली सैनिक नै रहेछ भनेर बुझ्नुपर्ने दिन टाढा नहुन सक्छ भनेर एमसिसिका पक्षधरहरूले बुझ्दा राम्रो होला । स्थिति भयावह हुन सक्छ ।

# ओलीको रिस र प्रदेश प्रमुखको वहिर्गमन



**गोविन्द विक**

काम चलाउ सरकारका प्रधानमन्त्री केपी शर्मा ओलीले प्रदेश नंबर २ का प्रदेश प्रमुख तिलक परियारलाई पदमुक्त गर्ने सिफरिस गरेर अर्को राजनैतिक रिस पोखेका छन । मन्त्रीपरिषदको सिफारिसमा नेपालको संविधान २०७२ को धारा १६५ (१) को खन्ड ख बमोजिम सम्माननीय राष्टपति विद्यादेवी भन्डारीले परियारलाई पदमुक्त गरेकी छन ।

असंवैधानिक मार्गबाट प्रतिनिधि सभा विगठन गरेर सत्तासिन दललाई विखण्डनको अवस्थामा पुर्‍याएका प्रधानमन्त्री केपी शर्मा ओलीले प्रदेश प्रमुख हटाएर संघबाट प्रदेशतिर भाडभैलो मच्चाउन थालेको धेरैको बुझाइ रहेको छ । प्रधानमन्त्री ओलीले एक पछि अर्को रिस प्रचन्ड माधव समुहका नेकपामाथी पोखेको देखिन्छ । दलित अभियान्ता परियार तत्कालिन नेकपा माओवादीको तर्फबाट प्रदेश प्रमुखमा नियुक्त भएका थिए ।

लामो समय दलितका हकहित संरक्षणका लागि विभिन्न मोर्चामा रहेर ठोस भुमिका निर्वाह गरिरहेका परियार प्रदेशको प्रमुखमा नियुक्त भएर गएपछि आम दलित समुदायको शिर उच्चो भएको थियो । दलित समुदायलाई राज्यका उच्च तहमा अवसर दिनका लागि कन्जुस्याई गरिरहेको राजनैतिक नेतृत्वका सामु परियार प्रदेश प्रमुखमा नियुक्त हुनु एउटा गतिलो सन्देश थियो । राजनैतिक नेतृत्वले विशेषगरी दलित समुदायको हकस्थापितका निम्ती जती नै ठूला नारा घन्काए पनि अन्ततः व्यवहारमा कार्यान्वय गरेको अवस्था छैन ।

यो मुलुकमा भएका आम परिवर्तनमा दलित समुदायको भूमिका पनि त्यत्तिकै रहेको छ भन्ने कुरालाई पाटीका उच्च नेतृत्वले अझै बुझन सकेको छैन । अचानाक पाटीभित्रको आन्तरिक झगडाको रिस प्रतिनिधि सभामा पोखेका ओलीले अब संविधानले दिएको अधिकार भन्दै प्रयोग गरी वितण्डा मच्चाउन खोजिरहेका छन । प्रदेश २ का प्रदेश प्रमुख पदमुक्त गरेकोप्रति प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसलेसमेत विरोध जनाइसकेको छ । यस कदमलाई हेर्दा ओलीले विखण्डीत समुहका नेकपाका नेताहरूलाई तर्साउन खोजीरहेका छन ।

प्रधानमन्त्री ओलीले ७१ औ प्रजातन्त्र दिवसको अवसरमा बोल्दै यो सरकारले सुशासन ल्याउन खोजेको सामाजिक अपराधलाई न्युनिकरण गर्ने दिशामा अगाडी बढेको भ्रष्टचार आफू पनि नगर्ने र गर्नेलाई पनि नछोडने भन्ने जस्ता तर्क सुनाइरहदा दिउसै बलत्कार गरेर हत्या भएका भागरथीहरूको घटना विर्सेको देखिन्छ । भ्रष्टचार गर्नेलाई नछोडने तर्क गरिरहदा ३३ किलो सुन कान्ड कता हरायो ? सरकारी जग्गा व्यक्तीका नाममा बनाउनेक्रममा नाम मुछिएकाहरूलाई नै मन्त्रीमा नियुक्त गर्नु कुन सुशासन हो ?यसरी प्रधानमन्त्री केपी शर्मा ओलीले व्यवहार एकातिर गर्ने बोली अर्कैतिर ।

**दलित समुदायलाई राज्यका उच्च तहमा अवसर दिनका लागि कन्जुस्याई गरिरहेको राजनैतिक नेतृत्वका सामु परियार प्रदेश प्रमुखमा नियुक्त हुनु एउटा गतिलो सन्देश थियो । राजनैतिक नेतृत्वले विशेषगरी दलित समुदायको हकस्थापितका निम्ती जती नै ठूला नारा घन्काए पनि अन्ततः व्यवहारमा कार्यान्वय गरेको अवस्था छैन ।**

नयाँ जनादेश भन्दै चुनावको रटान बेमौसमको बाजाले प्रधानमन्त्रीको प्रतिष्ठा ओरालोतिर त छदैछ प्रचन्ड माधव समुहलाई बाहिर राखेर गरिने चुनाव कस्तो होला ? यी तमाम समस्या निम्त्याएर ओलीले मुलुकलाई अस्थिरतातिर धकेलिरहेका छन । ओलीले प्रदेश प्रमुखलाई हटाउने कदम बैधानिक भए तापनि यो समयमा गर्नु उचित नभएको धेरैको बुझाइ छ । रिस उठयो भन्दैमा असन्तुष्ट पक्षका मान्छेहरूलाई छानी छानी पाखा लगाउने खेल प्रधानमन्त्रीबाट नै सुरुवात भएको हुनाले यसले आगामी नेतृत्वलाई गलत नजिर स्थापित गरिदिएको छ । यसरी देशको कार्यकारी प्रमुखले एकपछि अर्को रबैया मच्चाउदै जाने हो भने मुलुकमा स्थिरता कसरी कायम हुन्छ ? जनताका आम समस्या कसरी सम्बोधन हुन्छन ?आर्थिक अनियमितता तथा सरकारलाई बदनाम गराउने खेलमा तल्लिन भएर लाग्नेहरूको वरीपरी नै ओली घुमिरहेका हुनाले नै आज यो नियति आम जनताले भोग्न परिरहेको छ । आफ्नो विकल्पमा ओलीले देश हाक्ने मान्छे नदेख्नु नै आजको अवस्था आउनुको एक मुख्य कारण बनेकोप्रति कुनै जनता अनविज्ञ छन भन्ने लाग्दैन ।

# झापा विद्रोह, पूर्तिघाट बैंक संघर्ष र नेपालको गणतन्त्र-५



सुदर्शन प्रधान

सन् १९९० मा जन आन्दोलनले पञ्चायती सत्ता ढले पछि र बहुदलीय व्यवस्थाको आगमन पछि तत्कालीन नेकपा(माले) का एक नेता मोदनाथ प्रश्रितले चितवनको क्याम्पाचौरमा सार्वजनिक रूपले भने 'पुर्तिघाट बैंक संघर्ष राजनैतिक संघर्ष हो ।'

यसरी बैंक संघर्षबाट आफ्ना कार्यकर्ताहरू प्रभावित बन्लान् भनेर पञ्चायती सत्तासँग घाटी जोडेर 'डाँका' भनेर पनि प्रचार गर्ने तर तत्कालीन बहुदलीय व्यवस्था स्थापना पछि अन्तरिम सरकारको क्याबिनेट मन्त्री डा. मथुरा प्रसाद श्रेष्ठ, साहना प्रधान र डा. देवेन्द्र राज पाण्डेहरूले 'पुर्तिघाट बैंक संघर्ष राजनैतिक संघर्ष हो' भनेर अडान लिएपछि एमाले र कांग्रेसका नेताहरूले स्वीकार्न बाध्य भएका थिए। तब अन्तरिम सरकारले मुद्दा फिर्ता लिएर बन्दीहरू छुट्ने र भूमिगत भएका कार्यकर्ताहरू खुल्ला हुने वातावरण बनेको हो। मोदनाथ प्रश्रितको वक्तव्य त्यसैको परिणाम थियो, तत्कालीन सर्वहारा वादी श्रमिक संगठनको कार्यकर्ताहरूलाई प्रभाव पार्न ।

अझ पुर्तिघाट बैंक संघर्षका एक हिरो फणीन्द्र आचार्यलाई भैरहवा जेलबाट छुट्ने बेला सन् १९९० जुलाई अगस्त तिर जेलबाट मुक्तिको लागि राजा वीरेन्द्र सामु बिन्तीपत्र लेखिएको आशयको निवेदनमा हस्ताक्षर गर्न लगाएर झण्डै फसाएको! यो कर्म उनै मोदनाथ प्रश्रितको पुत्रले गरेको हो। तत्कालीन ने.क.पा. (माले) का मूल नेतृत्वहरूलाई पुर्तिघाट बैंक संघर्षको वीरता र महानता प्रति कति ठूलो डर र त्रास रहेछ त! यी सबै कुराहरू तिनको गलत सैद्धान्तिक मार्ग दर्शनका परिणाम हुन्।

स्मरण रहोस्, मोदनाथ प्रश्रित थुप्रै पुस्तकका लेखक हुन्। जसले स्टालिन र माओत्सेतुङ को नेतृत्वमा निर्माण र विकास भएको समाजवादी सोभियत संघ र चीनबाट धेरै कुराहरू सिकेर लेखक बनी लोकप्रिय बने तर नब्बेको दशकपछि उनले आफ्नो पुस्तकबाट स्टालिन र माओको नाम हटाउँदै साम्राज्यवादी ब्रिटेनको प्रधानमन्त्री मार्गरेट श्याचार र भारतको सामन्त र पूँजीपति वर्गको सरंक्षक प्रधानमन्त्री ईन्दिरा गान्धीहरूलाई महान् महिलाको पंक्तिमा राखेका छन्। उनको 'नारीबन्धन र मुक्ति' पुस्तकको पछिल्लो प्रकाशन (सन् १९९२ तिरको) त्यसको प्रमाण हो। यस्तै नेतृत्वहरूको गलत सैद्धान्तिक दृष्टिकोण र व्यवहारहरूले तिनका पार्टी ठूला भएर पनि नेपाल र नेपाली जनताले आजसम्म ठोस उपलब्धिहरू के प्राप्त गर्न सके त? खै किन हो उनी स्वयं पनि पार्टी निर्माण र विकासमा लामो योगदान भएर पनि झण्डै एक दशक यता पार्टीमा फुक्लेको ढिकी बन्न पुगेका छन्।

अन्तमा, सन् १९८१र८२ तिरको पृथ्वी नारायण क्याम्पस पोखराका पूर्णकालीन विद्यार्थी नेता महेन्द्र कतिला पनि हो। गण्डक प्रदेश नेकपा (माले) विस्तार हुनमा उनको पनि महत्वपूर्ण योगदान छ। उनी आजभोलि राजनीति त्यागेर दाङमा मौरी पालन किसान बनेका छन्। अनि उनको दक्षता गोमन, करेत, नागराजा जस्ता विषालु साँपहरू समात्ने पनि हो। यिनै कतिलाले पार्टी राजनीति बारे पंक्तिकार संग भने 'हाम्रो नेकपा(माले) हुँदै एमाले र नेकपा पार्टीको वर्तमानको कुरै छोडौ, हाम्रो आरम्भ विन्दु नै गलत रहेछ, सुरु मै गलत भएको रहेछ......'

नेपाली जनता र राष्ट्रको मुक्ति र स्वाधिनताको लागि रगत, पसिना र आँशु बगाएर हजारौं शहीद बने, अरु हजारौं दिवंगत भए। अब बाँचेका योद्धाहरूले आफ्ना अनुभव सिद्ध आत्मकथाहरू अगाडि ल्याउन जरूरत छ। जुन अनुभवहरूलाई मोथेर युग परिवर्तनका वाहकहरूले भावी मार्ग दर्शन अचुक रूपले निर्माण गर्न सकोस् !

*(क्रमशः)*

# मैले देखेको १५९ औं विश्व पर्यटकीय स्थल

# ओसाकाको दरबार र बगैंचा

सुरेन्द्र ढकाल



परबाट हेर्दा ओसाका सहर बीचमा दरबार क्षेत्र यस्तो देखिन्छ



दरबारको बाहिरि पर्खाल पनि फूलले सिंगारिएको रहेछ



दरबारको बाहिरी घेरामा रहेको गोलाकार पोखरीमा रमाउँदै पर्यटकहरू



दरबारको लागि आवश्यक ढुंगा ल्याउन सहयोग गर्ने परिवारको नाम लेखिएको शिलालेख



फूलले ढकमक्क दरबारको बगैंचा क्षेत्र

ल्हासाबाट ७ अक्टोवर २००५ मा चीन र तिब्बतको भ्रमण सकेपश्चात् केही महिनाको लागि मेरो विदेश भ्रमणले विश्राम लियो ।

२००५ जुलाइदेखि २००६ को जून महिनासम्म म रोटरी क्लव डिल्लीबजारको अध्यक्ष भएको र सोही अवधिमा रोटरी क्लव सेतागाया टोकियो निम्तामा म ओसाका हुँदै १६ मे २००६ का दिन टोकियो पुगेको कुरा विश्व आश्चर्य जापानको बुलेट ट्रेनको बारेमा वर्णन गर्दा अगाडि नै लेखिसकेँ । टोकियोका लागि प्रस्थान गर्नुअघि ४ दिन ओसाका बस्ने क्रममा ओसाका पुगेको दोस्रो दिन मे १२ को बिहानै घनश्याम गौतमजीकहाँ खाना खाई लागे ओसाका दरबार क्षेत्र अवलोकन गर्न ।

ओसाका दरबार (क्यासल) र बगैंचा

जापानको एकिकरणताका मुख्य भूमिकामा रहेको यो दरबार १६औं शताब्दिमा आजुची मोमोयामाको पालामा बनेको रहेछ । करिब एक वगकिलोमिटरको क्षेत्रमा टावरसहित यो दरबार द्यगचमयअप उष्ष्लिन प्रविधि लगाइ चट्टान काटी बनाइएको पर्खालभित्र माटो ढुंगा (landfill) भरी भएको समतल जग्गामा ठडिएको भनिदो रहेछ । त्यसकारण बाहिरबाट हेर्दा ५ तले देखिए तापनि खासमा ८ तला रहेछ । यसो गर्नुको मुख्य कारण आक्रमणकारीहरूले सजिलै दरबारलाई क्षति पुऱ्याउन नसकून् भन्ने उद्देश्य राखिएको रहेछ ।

६१ हजार वर्गमिटर ओगटेको यो दरवारलाई १३ भिन्न सांस्कृतिक सम्पदा झल्कने संरचनाको रूपमा लिइदो रहेछ । ती १३ संरचनामा ओटमोन गेट,साकुरामोन गेट, इचिवान यागुरा टुर्रेट, इनुइ यागुरा टुर्रेट, रोकुवान यागुरा टुर्रेट, सेनगान टुर्रेट, टामोन टुर्रेट, किन्जो स्टोरहाउस, यन्सोगुरा वारूद कारखाना, अक्टोपस स्टोन आदि रहेछ ।

यस क्षेत्रको इतिहास खोतल्दै जांदा सन १५८३ मा टोयोटोमी हिदेयोसीले यस क्षेत्रमा संरचनाहरू निर्माण गर्न शुरू गरेका रहेछन् । ओदा नबुंगाको प्रमुख कार्यालयको रूपमा यो आजुची दरवारको मोडेल तयार भएको रहेछ र १५९७ मा औपचाारिकरूपमा यस दरवारको निर्माणकार्य सम्पन्न भएको रहेछ । त्यहा पुग्ने पर्यटकहरू आर्कषित होउन भनेर टावरको छेवमा सुनको पात वनाइएको रहेछ । दरवार वनेको ठ्याक्के एक वर्षमा हिदेयोसीको मृत्यु भएपछि उनका छोरा टोयोटोमी हिदेयोरी यस दरवारमा सरेका रहेछन । अनि सन १६१४ मा टोकुगावाले आक्रमण गरी सिंगै ओसाकालाई आफनो अधिनमा लिएपछि तिन्का दुइलाख फौजले यस दरवारमा पनि कब्जा जमाउन खोजेका रहेछन् । तर पर्खाल नाघेर दरवारमा प्रवेश गर्न सकेनछन् । त्यसपछि सन १६१५ मा हिदेयोरीले दरवार वाहिरको गोलाकार पोखरी मर्मत गर्न शुरू गरेपछि टोकुगावा जातीका प्रमुद इऐआसु कोधित हुदै आफना सेनालाई दरवार क्षेत्रमा पठाइ दरवार भित्र रहेका टोयोटोमीका ब्यक्तिहरूलाई वाहिरबाट घेरा हालेपछि अन्तमा यो दरवारमा टोकुगावा वंशको आधिपत्य स्थापित भएको रहेछ र यो वंशले जगै देखि यो दरवारलाई खरानी वनाई त्यसैको स्थानमा फेरी वरिपरिबाट अग्ला पर्खालले घेरेर नया टावर सहितको ५ तले दरवार वनाउन लगाएको रहेछ ।


यो दरवार वनाउन आवश्यक ढुंगा सेटो समुद्र नजिकको खानीबाट ल्याउन योगदान गर्नेहरूको अभिलेख त्यहा राखिएको रहेछ र सन १६२८ मा पुनरनिर्माण कार्य सम्पन्न भएको रहेछ जुन अहिले सम्म पनि ओसाका पर्यटन केन्द्रको रूपमा स्थापित छ । पछिका वर्षहरूमा कहिले चट्यागले अनि कहिले वेवारिसी अवस्थामा छोडिनुले यस दरवार दयनिय अवस्थामा पुगेको परिप्रेक्ष्यमा वाकुफु भन्ने ब्यक्तिले पैशा संकलन गरी टावरका सासाना गजुर (Turret) हरूको मर्मत गरिदिएको रहेछ । मेजी वंशको शासनकालमा यो दरवार हतियार र वारूद वनाउने कारखाना (Army Arsenal) को रूपमा प्रयोग भएको रहेछ ।

दोस्रो विश्वयुद्धताका यहाँ यति धेरै हतियार र वारूद उत्पादन हुन्थ्यो की जस्को कारण ६० हजार मानिसहरूले काम पाएका रहेछन् । जव अमेरिकनहरूले अगष्ट १४ १९४५ मा यस दरवार माथि बम आक्रमण गरे दरवारको मुख्य टावर क्षतिग्रस्त भएको ३८२ जनाले ज्यान गुमाएका रहेछन् ।

युध्द समाप्तीको धेरै पछि सन १९९५ मा यस दरवारको जिर्णोध्दार र वरिपरिका वगैंचाहरू वनाए पश्चात यस दरवारमा म्यूजियम पनि संचालन हुन पुगेछ र ओसाका आउने देशी विदेशी पर्यटकहरूको पहिलो छनौटमा पर्दो रहेछ । करिव दुइ घण्टा जति दरवार र वगैचा अवलोकन गरिसक्दा दिनको दुइ वजेको थियो र वाकी समय ओसाका शहरी केन्द्र अवलोकन गरी त्यो दिन ब्यतित गरे ।




दरबार बाहिरको गोलाकार पोखरीको पुलबाट दरबारको दृश्य



ओसाका दरबार क्षेत्रमा सुरेन्द्र मे १२, २००६ मा

# ४५. २०४६ सालको जनआन्दोलन गर्नेबारे गणेशमान दाइको घरमा हामी दुई जनाबीचको छलफल




■ शम्भुराम श्रेष्ठ

माथि उल्लेख गरिसकेकै थिएँ कि केही समयअघि नयाँदिल्लीमा नेकपा (मशाल) (मसाल), (चौ.म) र कम्युनिस्ट जमात बीचको सरसल्लाह कमिटीले निर्दलीय पञ्चायती शासन व्यवस्थालाई खतम गरी देशमा जनताको गणतन्त्र स्थापना गर्नका लागि सम्भव भएसम्म चाँडो देशभर सशक्त जनसंघर्ष गर्ने निर्णय नयाँदिल्लीमा गरेको थियो। नयाँदिल्लीबाट हामीहरू फर्केको केही हप्तापछि गणेशमान सिंहको सन्देश लिएर एक दिन प्रेमलाल सिंह मकहाँ आए। उनले मलाई 'गणेशमान एक अत्यन्तै जरुरी विषयमा तपाईंसँग छलफल र सल्लाह चाहनुभएको छ। म तपाईंलाई बोलाउन आएको, तपाईंलाई भोलि अथवा पर्सि जहिले अनुकूल हुन्छ, भन्नोस्, म तपाईंलाई लिन आउनेछु।' भनी भने। मैले उनलाई पर्सि दिउँसो १२ बजेको समय दिएर पठाएँ। पर्सिपल्ट ठीक समयमा प्रेमलाल जिप लिएर मलाई लिन आए र उनीसँगै म गणेशमानजीको घर गएँ।

म पुग्दा गणेशमान दाइ भात खाइरहनुभएको थियो। केही बेर उहाँको बैठकमा मैले कुर्नुपर्‍यो २० मिनेटजति। मलाई केही नास्तासाथ चिया ल्याइदियो। गणेशमानजी मुख पुछ्दै बैठकमा पस्नुभयो र 'तपाईंलाई कुराउनु परेकोले दुःख लाग्यो' भन्नुहुँदै मसँगै सोफामा बस्नुभयो।


छलफलको क्रममा निर्दलीय पञ्चायती शासन व्यवस्थालाई खतम गर्ने कुरामा अर्थात् नकारात्मक कार्यक्रममा गणेशमानजी र मेरो बीचमा पूरै सहमति भयो, तर सकारात्मक कार्यक्रम अर्थात् पञ्चायती व्यवस्थालाई खतम गरिसकेपछि नेपालमा के कस्तो राजनीतिक प्रणाली स्थापना गर्ने भन्ने बारेमा चाहिँ विचार मिलेन। उहाँले बहुदलीय संसदीय प्रणाली स्थापना गर्नुपर्छ भन्ने कुरामा जोड दिनुभयो। मैले उनको त्यो विचार खण्डन गर्दै भने- 'पञ्चायती शासन व्यवस्था र बहुदलीय संसदीय शासन प्रणाली दुइटै तात्विक रुपले एउटै राजनीतिक शासन प्रणाली हुन् रुपमा मात्र एक अर्कोदेखि फरक छन्। त्यसकारण, पञ्चायती शासन व्यवस्थालाई खतम गरी बहुदलीय संसदीय शासन प्रणाली स्थापना गर्नु भनेको यथार्थमा अर्कै शब्दमा पञ्चायतील शासन व्यवस्थालाई खतम गरी अझै पञ्चायती शासन व्यवस्था ल्याउने भन्नु हो। यसकारणले म यस विषयमा तपाईंसँग सहमत हुन सक्दिनँ। मेरो विचारमा, निर्दलीय पञ्चायती शासन व्यवस्थालाई खतम गरिसकेपछि नेपाली समाजका वस्तुगत अवस्थाहरू अर्थात् नेपाली समाजका मौलिक तथा आधारभूत राजनीतिक, आर्थिक, सामाजिक तथा जातिगत समस्याहरू समाधान गर्न सक्ने संसदीय शासन प्रणालीदेखि भिन्न अर्कै, हामी दुवै थरीलाई स्वीकार्य हुने राजनीतिक प्रणाली स्थापना गर्नुपर्छ। त्यसो गरिएको खण्डमा मात्र नेपाली समाजको प्रगति र रुपान्तरणको बाटोमा तगारो भइबसेका सबै कारणहरूलाई हटाएर नेपाली समाजको चौतर्फी विकासको बाटो खुल्नेछ। अनि गणेशमान दाइले भन्नुभयो- 'तपाईंको विचार नौलो स्वागतयोग्य छ, मलाई त मन पर्‍यो। हामीहरूले देशका वस्तुगत अवस्थाहरू सुहाउँदो राजनीतिक प्रणाली के कस्तो छ, त्यसको खोजी गरी पत्ता लगाउनु आवश्यक छ, तर तपाईंको विचार हाम्रो पार्टीले स्वीकार गर्दैन।'

सकारात्मक कार्यक्रममा हाम्रो बीचमा सहमति हुन नसके तापनि नकारात्मक अर्थात् निर्दलीय पञ्चायती शासन व्यवस्थालाई खत्तम गर्ने कुरामा मिलेर संघर्ष गर्ने निधो भयो।

नियात्रा

# तिष्ठाको तिरैतिर-२

✍ - रामप्रसाद पन्त




अबको दुई घण्टा कहाँ गएर, के गरेर वा हेरेर बिताउने ?

एउटा ठाउँ भेटियो– मङ्गलधाम।

बजारभन्दा अलिकति तलपट्टि रहेछ मङ्गलधाम। स्थानीय जनताकै सहयोगमा वैष्णव सम्प्रदायद्वारा सञ्चालन गरिएको त्यो मङ्गलधाम अत्यन्त सुन्दरर आकर्षक थियो। त्यस्तो पहाडी पाखोमा त्यति राम्रो व्यवस्थापन भएको सुन्दरताको नमुना सितिमिति देख्न पाइन्नँ। आनन्द लाग्यो त्यस धामको परिसर घुम्दा।

'सिमापारिको नेपालका तीन तारा 'सुधपा' मध्येका पारसमणिको घर कतापट्टि पर्छ ?' – मेरो प्रश्न।

'बाह्र माइलमा' – सञ्जय बिष्टबाट उत्तर पाएँ मैले। अर्थात् बजारबाट बाह्र माइल टाढा पर्दो रहेछ पारसमणिको घर। त्यहाँको चलन अनुसार कतिपय ग्रामीण बस्तीहरूलाई माइलको आधारमा परिचय गराइँदो रहेछ।

वास्तवमा कालिङपोङमा बसेर पनि नेपाली भाषा-साहित्यको सेवामा अनवरण लागिरहने पारसमणि यथार्थमा 'पारसमणि' नै। प्रथमपटक त्रिभुवन पुरस्कार र मदन पुरस्कार समेत पाउने पारसमणि प्रथम भारतीय नेपाली थिए। उनैको सम्पादनमा 'चन्द्रिका' प्रकाशित भएको थियो। कालिङपोङको सौन्दर्य बखान गर्दै मैले इतिहास बुझ्न खोजें। बिष्टले मेरो जिज्ञासा मेटाए– पहिले कालेबुङ सिक्किम राज्य अन्तर्गत थियो। सन् १७०६ मा भुटानले जितेर लियो। सन् १८६५ मा अँग्रेजले विजय प्राप्त गरेर इन्डियामा विलय गर्‍यो र सैन्य अखडा राख्यो।

सञ्जय बिष्टले के कुरा पनि जानकारी गराए भने– ''सुधपा' भनेजस्तै हामीले 'मोपपा'लाई कालिङपोङका तीन महारथी मान्छौँ, अर्थात् मोतीचन्द्र प्रधान, पद्मलाल सुब्बा र पारसमणि प्रधान।

उनले धेरै कविता लेखेनन्। जति लेखे, सटिक लेखे। कविताबारे उनको स्पष्ट दृष्टिकोण रह्यो–

कवि कविता होस्, कविता कवि होस्, तब पो कविता हुन्छ।

शब्द थुपारीकन के हुन्छ ? भाव भए पो हुन्छ।

समयको परिपालना गर्दै हामी दुई बज्नुअघि नै नेपाली साहित्य अध्ययन समितिको कार्यालयमा पुग्यौं। भाइचन सभाहलमा समयमै सुरु भयो कार्यक्रम। आयोजक र आमन्त्रित संस्थाका सभापतिहरू र समाजसेवी वृद्धा सानुमती राईलाई मञ्चासीन गराइएको उक्त कार्यक्रममा संस्थाका सचिव तथा कार्यक्रम सञ्चालक बलभद्र शर्माले सुजाता, वर्षा र सञ्जयको सहयोगमा अतिथिहरूलाई खादा र किताबहरू अर्पेर औपचारिक स्वागत गरे र संस्थाको सङ्क्षिप्त परिचय दिए।

त्यस संस्थाले वर्षेनी पारसमणि पुरस्कार, भाइचन प्रधान पुरस्कार, 'साहित्य सङ्केत' पत्रिकाका उत्कृष्ट रचनाकारलाई समेत पुरस्कार दिने व्यवस्था गरेको रहेछ। संस्थाको मुखपत्र साहित्य सङ्केतको पैँतिसौँ अङ्क पनि सार्वजनिक भयो त्यसै बेला।

मनीन्द्र भुजेल, डिपी अधिकारी, टिबी ठकुरी, मदना ओझा, मनोज बोगटी, डा. सरोज राई, लता राई, सुधा राई, मोक्ता लामा, रुद्र कार्की, ललिता दोषी, मेहरमान सुब्बा, तारानाथ सुवेदी, कुमार जगमेर, एसएम राई, हरिस मोक्तान, उमेश उपमा, प्रदीप लोहागन, सुधिर क्षेत्री, अनिल तलेजा, पुकार राई, गणेश पाखिन, सीताराम गुरुङ र विमल वैद्यले कविता वाचन गरेपछि पुस्तक, पत्रिका र सम्मान आदानप्रदान गरी कार्यक्रम सकियो।

समय ३:४५ भइसकेको हुँदा हामी ढीलो नगरी त्यहीं अगाडि बाटोमा उभिएर हाम्रो प्रतीक्षा गरिरहेका जीपहरूमा बसी हिँडिहाल्यौं।

अबको हाम्रो गन्तव्य थियो सिक्किम। यसर्थ हामी गएकै बाटो ओर्लन थाल्यौं। ओर्लंदै गर्दा सीताराम गुरुङको कविताको बखान भयो।

प्रथमपटक वाचित कविता र जिन्दगीको छैटौं कविता भनी रटान दिइरहेका सीतारामलाई अब कहीँ पनि त्यसो नभन्न सुझाव दिए साथीहरूले। त्यसपछि विमल वैद्यका कविता सुन्दै ओर्लियौं तिष्ठा किनारमा र तिष्ठाको पूर्वी तीरैतीर लाग्यौं सिक्किमतर्फ।

बाटोको छेउमा ठडिएको बोर्डले जानकारी दियो– गान्तोक ७० किलोमिटर। वारी जङ्गल, पारी जङ्गल, बीचमा नदी र नदी किनारमा बनेको मोटरबाटो। यस बाहेक नगण्य भेटिन्छन् नदी किनारमा बस्तीहरू। फेरि भेटियो विद्युत् गृह।

म देख्दै आएको छु, नदीको पानीलाई त्यसै बग्न दिइएको छैन। पानी सङ्कलन, विद्युत् उत्पादन, फेरि सङ्कलन, फेरि उत्पादन। हाम्रा नदीनालाबाट अथाह जलराशि त्यसै बगेको देखेर मन कुँडियो। बगेको बगै छ पानी, बगेको बगै छ जवानी।

'तिष्ठाको पानी त्रिशूलीको जस्तै' – ठाकुर शर्माको दृष्टि।

थाहा छैन पानीको रङ फरक हुन्छ कि हुँदैन। नहुनु पर्ने हो तर फरक देखिन्छ। तिष्ठाको पानी देखेर मलाई पनि शर्माको दृष्टिमा साक्षी बन्न मन लाग्यो।

'पश्चिम किल्ला काँगडा पूर्वमा तिष्ठा पुगेथ्यौं'– तिष्ठाले सम्झाइरह्यो नेपालको इतिहास। त्यसबेला वीर गोरखालीहरू तिष्ठा किनारसम्म आए तर नदी तरेनन्। दामोदर पाँडेले बैरीहरूलाई काटेको रक्ताम्य खुँडा तिष्ठामा पखालेर फर्केका थिए रे ! त्यो ठाउँ कहाँ होला ? – मेरो जिज्ञासा।

'मल्ली' भन्दा अलिकति तल 'रङ्गीत'मा। त्यो ठाउँ यतै पारिपट्टि हुनुपर्छ !' – विमलको सन्देहपूर्ण जवाफ आयो।

बाँदर र चराचुरुङ्गीहरू निकै रहेछन् क्यारे त्यस वनमा ! ठाउँ ठाउँमा सडक छेउको प्यारापीठमा बसेका देखिन्थे बाँदरहरू र चराका बथानहरू पनि मालश्री बनेर जङ्गलको वारी र पारि गरिरहेका देखिन्थे। तिनीहरूले भन्दा मेरो ध्यान आकर्षण गरेको थियो परेवाले। बाटोको मध्यभागमा फटफटाइरहेको (छटपटाइरहेको वा फुरफुराइरहेको ?) एउटा परेवाले बाटो नछोडिदिएपछि ड्राइभरले जीपलाई छेउतिर मोडेर कुदाएको थियो। मेरो मस्तिष्क तरङ्गित भएको थियो त्यस बेला – पति वा पत्नीको वियोग सहन नसकेर आत्महत्या गर्न खोजेको त होइन यो परेवा ?

तिष्ठाको पूर्वी किनारमा एउटा ठूलै भवनको धुरीमा कक्स्लेखिएको देखियो टाढैबाट। त्यो सिक्किम मणिपाल इन्स्टिच्युट टेक्नोलोजी रे ! पोखराको मणिपाल त्यसैको सम्बन्धन रे ! यसको अर्थ हामी पूर्वी सिक्किममा प्रवेश गरिसकेका रहेछौं।

पश्चिम सिक्किम अर्थात् गान्तोक जाने प्रवेशद्वार 'मल्ली' आउनै बाँकी छ।

केही छिनमै हाम्रो नजर पर्‍यो, तिष्ठाको पश्चिमतर्फ मल्ली बजारमा पनि।

तिष्ठामाथि तेर्सिएको पक्की पुल पनि देखियो लगत्तै। हामी पुग्यौं सिङ्ताम र पुल तरेर प्रवेश गर्‍यौं मल्ली बजारमा। दक्षिण लागे जोरथाङ, उत्तर लागे गान्तोक। हाम्रो गन्तव्य गान्तोक। त्यसैतर्फ मोडिँदा गान्तोक प्रवेशद्वार देखियो– गान्तोकमा तपाईंलाई स्वागत छ।

क्यामेरा निकालेर तेर्स्याएँ त्यतैतिर। ड्राइभरले मेरो हातै झड्कारी दियो– 'के ठान्नुभएको छ तपाईंले ? यो सिक्किम हो, कडा छ नियम।'

उसको असभ्य व्यवहार निको लागिरहेको थिएन मलाई तर केही भनिनँ। अर्काको देशमा छु, मेरो कारण अनावश्यक विवाद बढ्यो भने यात्राटोलीलाई नै अप्ठ्यारो...... ।

सम्झेँ, मातृकाजीले भनेको कुरा – 'ड्राइभर र होटलको वियरासँग कहिल्यै झोक्किनु वा रिसाउनुहुँदैन, त्यसको प्रतिफल उल्टो हुन्छ।' त्यति भनिसकेपछि कारण खोजिरहनु परेन मलाई।

गेटमा जीप रोकेर सोधपुछ गर्‍यो सुरक्षा प्रहरीले।

'हामी नेपालबाट आएका, नेपाली साहित्यकारको टोली .....।' त्यसपछि प्रहरिले ड्राइभरलाई भन्यो– 'परमिट लिएर जाऊ।'

परमिट लिने ठाउँ कतै थियो होला ! तर ड्राइभरले कतै नरोकेर कुदायो जीप।

हामीले सोध्यौं– 'के परमिट नलिए पनि हुन्छ ?'

'लिन थाल्ने हो भने झन्झट हुन्छ। यिनीहरूले भनेको समयमा फर्किनुपर्छ, रेकर्ड रहिरहन्छ।' – ड्राइभरले जवाफ दियो।

त्यो हाम्रो समस्याको विषय थिएन, हामीलाई रोकिनुपरेन राम्रै भयो। मल्लीबाट हामीले छाड्यौं तिष्ठालाई। बाटो छेउको पक्की पिलरमा लेखिएको अङ्कले स्पष्ट पार्‍यो – गान्तोक (न्बलनतयप) २७ किलोमिटर। सजिलोका लागि हामीले गान्तोक भन्यौं तर अङ्ग्रेजीमा हुँदो रहेछ– गङ्गटोक।

हामी करिब पाँच किलोमिटर तेर्सो गएर रानीखोलाको किनारै किनार उकालो लाग्यौं। दूरभाष केन्द्र र आकशवाणीका बोर्डहरू देखिए। रोचक दाइको आँखा परेछ एउटा भित्तोमा। लेखिएको रहेछ– आफ्नो गाउँ आफैँ बनाऊँ। यो शब्द नेपालबाट यता आएको हो कि यताबाट उता गएको हो ? खोजिकै विषय भयो। बाटो सफा थियो, वातावरण हरियालीपूर्ण थियो। ड्राइभर भन्दै थियो– 'सिक्किम लागेको थाहा पाउने मुख्य सङ्केत हो सफा बाटो।'

सितारामजीलाई रानीखोला पारिपट्टिको गाउँ राम्रो लागेछ। सोध्नुभयो ड्राइभरलाई।

भन्यो – 'मैले गाडी यहीं रोकिदिन्छु तपाईं गएर सोधेर आउनुस्।'

अब हामी हाँस्ने कि प्रतिवाद गर्ने ! – मातृकाजीकै भनाइ सम्झेर चूप लागिरह्यौं।

सिक्किमको उत्पादन र आयआर्जनको मुख्य स्रोत के हो ? आपसमा सम्वाद गर्‍यौं हामीले। सिक्किम ब्रान्डेड रक्सी, जडिबुटी, औषधी र पर्यटन। राँचीको प्रमुख माग नै सिक्कमको औषधी रहेछ।

कुन्नि कताबाट निस्क्यो राधेश्यामको कुरा। कुनै बेला नरबहादुर भण्डारी र पवन चामलिङसँग राधेश्यामको घनिष्ठ सम्बन्ध थियो। दसैंको बेला उनी प्रायः सिक्किम गइरहन्थे।

कालिङपोङमा बढी समय प्रतीक्षा गर्नुपर्दा मुडअफ भएको थियो सायद ड्राइभर। त्यही रिस पोख्दै थियो हामीहरू माथि। त्यसैको प्रतिफल थियो सीमाद्वारको घटना।

बाटोको छेउछाउमा देखिँदै थिए 'वेष्ट अफ वेष्ट सिक्किम' 'ग्रिन सिक्किम, क्लिन सिक्किम' 'बाहिर पिसाप फेरेमा एक हजार जरिवाना' आदि आदि।

करिब १० किलोमिटर तलबाट हामी रानीखोलाको पुल तरेर गान्तोक उकालो लाग्यौं। सूर्यले नेटो काटिसकेका थिए। भूतलमा सन्ध्याको प्रवेश भइसकेको थियो तापनि विद्युत् प्रकाशमा बाटो छेउछाउका भौतिक संरचनाहरू देखिँदै थिए। चामलिङलाई जोडेर सिक्किमको कुरा गर्दै थियौं हामी। कसैले तीन दिनअघि धरती छाडेका लि क्वान युको सम्झना गर्दै थिए। केही साथीहरू ठट्टा पनि गर्दै थिए– पवन चामलिङ (राई) लाई लिएरै जाउँ नेपालमा। जे होस् नेपाल बनाउनका लागि हामीले इमानदार र उदार तानाशाहको आवश्यकता महसुस गर्दै थियौं।

कुरैकुरामा हामी घुम्ती घुम्ती हुँदै निकै माथि उक्लेछौं। जीप मुख्य मार्ग छाडेर सहायक मार्गतिर लाग्यो र ठीक सात बजे गान्तोकको जीपपार्कमा ओराल्यो।

डाँडोको पाखोमा तलैतला पारेर बनाइएको जीपपार्कलाई देखेर मलाई विकसित राष्ट्रहरूको सम्झना भयो। पाश्चात्य मुलुकहरूमा घुम्दा मैले नौ तलासम्मका बसपार्कहरू देखेको थिएँ। सिक्किम साहित्य परिषदका पदाधिकारीहरूसँग सम्पर्क गर्नका लागि हाम्रै टोलीका सदस्य विमल वैद्यसँग भारतीय सिम भएकोले सजिलो भएको थियो। उनले त्यहाँबाट पनि सम्पर्क गरे सिक्किमे साहित्यकारहरूलाई।

हामी बस्ने म्याग्नोलिया होटल पुग्नका लागि ट्याक्सी चढ्नुपर्दो रहेछ। चारवटा ट्याक्सी आवश्यक भयो हामीलाई। टोलीनेता गुरुङले वार्गेनिङ गर्न खोज्नुभयो तर ट्याक्सी ड्राइभरले भन्यो– 'रेट फिक्स छ, तलमाथि गर्नै मिल्दैन।'

मेरो मनले भन्यो– नियम कानुन बनाएर मात्रै के गर्ने ! लागु गर्न सके पो ! पालना गराउने आँट चाहियो शासकमा र इमानदारी चाहियो जनतामा पनि। अनि पो बन्छ देश।

म्याग्नोलियाको अगाडि पुगेर ट्याक्सीबाट ओर्लिंदा सिक्किम साहित्य परिषद्का अध्यक्ष पारसमणि दङ्गाल र सचिव नीलम न्यौपाने हाम्रो स्वागतार्थ उभिएका देखिए।हामी, अर्थात् रमा-कृष्ण सिर्जना प्रतिष्ठानको संयोजनमा भारत र नेपालका गरी पाँचवटा कार्यक्रम पाँचै दिनमा सम्पन्न गर्ने योजना बनाएर साहित्यिक दौडाहामा निस्केका महेन्द्र गुरुङसहित रोचक घिमिरे, मातृका पोखेल, जलेश्वरी श्रेष्ठ, लक्ष्मी उप्रेती, ललिता दोषी, सीताराम गुरुङ, तुलसीहरि कोइराला, जयदेव भट्टराई, यादव भट्टराई, विमल वैद्य, पर्वत पोर्तेल, दुर्गा दाहाल, ठाकुर शर्मा र मसमेत पन्ध्र जनाको टोली।

# करेलाका फाइदा



करेला प्राय हामी सबैले सुनेको, देखेको तथा खाएको खाद्य वस्तु हो। करेलालाई प्राय अचारको रूपमा प्रयोग गरिन्छ। तितो हुने भएकाले सबैको राजोईमा नपर्ने यो करेलाको औषधीय गुण भने निकै राम्रा छन्। करेलाको उचित प्रयोगले विभिन्न रोगमा निकै फाइदा पुर्याउँछ। करेलालाई प्रयोग गर्ने विधी थाहा हुन सके यसबाट धेरै पाइदा लिन सकिन्छ।

करेलालाई यसरी प्रयोग गर्न सकिन्छ औषधीका रूपमा'

१. कमलपित्तमाः द्रोणपुष्पी र करेलाको रस मिसाई दिनको एक तोला खाने गरे कमलपित्त ठीक हुन्छ।

२. जुकामाः ३ ग्राम वायुविडङ्गको धुलो र दश ग्राम करेलाको रस मिलाई खाएको ३ घण्टापछी साधारण जुलाव दियो भने जुका नष्ट हुन्छ।

३. भिरूङ्गी(सुजाकमा): दश करेलाको पातको रस मिश्री वा चीनी मिलाएर केहि दिन लगातार सेवन गरे सुजाक निको हुन्छ।

४. घाँटी सुनिएमाः कागतीको रसमा हरियो वा सुकेको करेला पिसेर घाँटीमा लेप गरेर पातलो लुगाले पट्टी बाँधिदिए तीन(चारदिनमा आराम हुन्छ।

५. आँखाको रोगमाः करेलाको जरो पानीमा घोटेर अलिकति मह र फिटकिरी मिसाई सुर्मा लगाए झै आँखामा लगाए आँखाका सबै रोग नष्ट हुन्छन्। यस्तै, राती आँखा नदेख्ने रोगमा करेलाको पातको रस र मरिच बेस्सरी पिसेर आँजन(सुर्मा) जस्तै आँखामा लगाए ठीक हुन्छ।

६. हैजामाः करेलाको दश ग्राम रसमा दश ग्राम तिलको तेल मिसाएर पिउनाले हैजामा आराम हुन्छ।

७. अम्ल-पित्तमाः काँचो करेला र करेलाको तरकारी खाने गरे अम्लपित्त (अमिलो पानी आउने) ठिक हुन्छ।

८. पत्थरीमाः तीन दिनसम्म तीन तोला करेलाको पातको रस, दुई तोला दहीसित मिसाएर पाँच(सात तोला मही बनाएर पिउन दिनू, लगातार तीन दिन औषधी दिएर तीन थाम्ने अनि चार दिन दिएर चर दिन थाम्ने। यसै क्रमले सात पुर्याए जति पुरो पत्थरी भएपनि आराम हुन्छ। भारी खाने कुरा खान दिनु हुँदैन। जाउलो मात्र दिनु राम्रो हुन्छ।

९. घाउ-फोडामाः करेलाको पातको रस पकाएर फोडा वा घाउमा लेप लगाए घाउ पाक्छ वा थाक्छ। दाह कम हुन्छ।

१०. सर्पको विषमाः रोगीलाई करेलाको रस जति पिउन सक्छ दिनु। वमन हुन्छ, फेरी पिउन दिनु। यसै गरी वमन नथामिएसम्म पिलाउनु, सर्पको विष नष्ट हुन्छ। टोकेको घाउमा पनि करेलाको रस नै अलि बाक्लो पारेर लगाइदिनू।

## समाचार संक्षेप

### कलाकार सम्मानित

काठमाडौं। लामो सययदेखि कला,साहित्य तथा विभिन्न क्षेत्रमा क्रियाशील रहेर समाज विकासमा उत्कृष्ट योगदान गरेका व्यक्तित्वलाई परिवार दलले सम्मान गरिएको छ। नेपाल परिवार दलका अध्यक्ष एवम् पूर्वमन्त्री एकनाथ ढकालले उनीहरूलाई राजधानीमा आयोजित छुटाछुट्टै कार्यक्रममा सम्मान गरेका हुन्।

नेपाल प्रज्ञा प्रतिस्ठानका, सिस्नुपानी नेपालका सदस्य कलाकार धिरेन्द्र प्रेमसी झा, लोक तथा आधुनिक गायिका टिका पुन, मैथली भाषाबिज्ञ रुपा झा, कलाकार उदिराम खड्का, एन्जल श्रेष्ठ लगायतलाई सम्मान गरेका हुन्।

यसरी सम्मानित हुने अन्यमा युवा बैज्ञानिक बसन्त कुमार शाही, सुपर मेमोरी किङ बिजय शाही, गिनीज बुक रेकडिस्ट, मंगल बिस्ट, गायीका प्रभिमा गहतराज, गायीका स्मृति शाही,, गायक सरोज सुनाम,कलाकार लक्ष्मी शाही, पूर्व राष्ट्रसेवक,टिकारा गिरी, युवा ब्यबसायीद्धय, नरेन्द्र राय यादव, सन्तोष कुमार शाह, काजल जैशवाल, गुन्डु खान लगायत रहेका छन्। परिवार दल काठमाण्डौ-कर्णाली प्रदेश र प्रदेश २ सर्म्पक समितिद्धारा आयोजना गरेको छुटा छुटै कार्यक्रममा उनीहरूलाई अध्यक्ष ढकालले सम्मान गरेका हुन्।

### नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव



काठमाडौं। नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानले अन्तर्राष्ट्रिय चलचित्र महोत्सव गर्ने भएको छ। प्रतिष्ठानले एक विज्ञप्ति प्रकाशित गरी उक्त जानकारी गराएको हो। प्रतिष्ठानका अध्यक्ष केपी पाठकद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ- नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानले वर्षेनी आयोजना गर्दै आइरहेको चौथो नेपाल अन्तराष्ट्रिय चलचित्र महोत्सब (निफ) को लागि संसारका ५२ देशबाट ४५० चलचित्र प्राप्त भएका थिए। यो कोरोनाको महामारिमा पनि हामीलाई विश्वाश गरेर चलचित्र पठाउनु हुने संसारका चलचित्रकर्मीहरूलाई आभार ब्यक्त गर्न चाहन्छौ। यो महामारिको बेलामा यती धेरै विश्वाश गरेर चलचित्र पठाउनु भए तापनि विभिन्न सिमितताले गर्दा सबै देशको सबै राम्रा फिल्म छन्न वा प्रदर्सन गर्न सम्भब नहुने कुरा सबैलाई बिदितै छ। हाम्रो आन्तरिक छनौट समितिले दिएको नम्बरको आधारमा उच्च नम्बर पाउने चलचित्रहरूमध्यबाट ३१ देशका ६३ चलचित्रलाई चौथो नेपाल अन्तर राष्ट्रिय चलचित्र महोत्सबमा प्रस्तिस्पर्धाको लागि छनौट गरिएको छ।

कोरोना महामारिका कारण केही पुरा हुननसकेका र केही रिलिज नभएको कारण सुरक्षाले गर्दा पनि होला नेपाली फिचर फिल्म प्रतिस्पर्धा अन्तर्गत खासै फिल्महरूआउन नसकेको र अली टाईम मागेको तर हामीले पूर्वनिर्धारित मिती भएको कारणले आज छनौट फिल्मको नामाबली सार्वजनिक गर्नैपर्ने कारणले सो प्रतिस्पर्धाको लागि नेपाली फिचर फिल्म फाईनल नागरिकन अरुप्रतिस्पर्धाको लागि छनौट गरिएका चलचित्रको नाम सार्वजनिक गरिएको छ।

'विश्वका कथाहरूको कथ्य उत्सव' भन्ने नाराका साथ 'फिल्म संस्कृति' को विकास गर्ने उद्देश्यसहित सुरुभएको फेस्टिभलमा यो वर्ष महामारीको विषयमा बनेका फिल्मलाई अलग्गै क्याटगोरीमा प्रतिस्पर्धा गराइ अवार्ड पनि बितरण गरिनेछ। कोभिड-१९ ले पारेको प्रभावमा बनेका यस्ता फिल्मले ५सय अमेरिकी डलर तथा ट्रफी प्राप्त गर्नेछन्। अन्तर्राष्ट्रिय प्रतिष्पर्धा अन्तर्गत सर्वोत्कृष्ट फिचरफिल्मलाई १५ सय अमेरिकी डलर राशिसहित गौतमबुद्ध अवार्ड प्रदान गरिनेछ। उत्कृष्ट फिचर फिल्मको लागि प्रदान गरिनेछ।

यसैगरि, सर्वोत्कृष्ट बृत्तचित्रलाई १ हजार डलर राशिको माउन्ट एभरेष्ट अर्वाड, सर्वोत्कृष्ट एनिमेटेड चलचित्रलाई ७५० डलरको मञ्जुश्री अवार्ड, सर्वोत्कृष्ट लघुचल चित्रलाई ५सय डलर राशिको बाग्मती अर्वाड यथावत रुपमा प्रदान गरिनेछ। त्यसैगरी नेपाली प्रतिष्पर्धा अन्तर्गत उत्कृष्ट फिचरफिल्मलाई रु. १ लाख,उत्कृष्ट सर्टफिल्मलाई नगद रु. ५० हजार प्रदान गरिनेछ।'

# जासुस सुन्दरी यौनकर्मीले हल्लाइन् ब्रिटेनको संसद



विष्णु भट्टराई





रुपवती नवयौवना देख्दा कुन पुरुषको हृदय धड्कँदैन ? अझ तिनको कसिलो उच्च वक्षस्थल र सुडौल लोभलाग्दा तिघ्राले त पुरुषलाई कामातुर नै बनाउँछ। सुन्दरता मानवीय कमजोरी नै हो। अझ त्यसमा पनि नारीशृङ्गार र सुन्दरताले त पुरुष आफू उभिएको धरातललाई नै बिर्सन पुग्छ। जब कुनै पुरुष कुनै सुन्दरीप्रति अकर्षित हुन पुग्छ, उसले आफ्नो सामाजिक दायरा, पद, मान र प्रतिष्ठासमेतलाई तिलाञ्जली दिन पुग्छ। रोगी, भोगी हुन् या जोगी सुन्दर युवती देखेपछि लोभीपापी मनलाई काबुमा राख्न उनीहरूलाई कम सकस पर्दैन। सुन्दरीहरूकै कारण कयौं राजकुमारहरूले राजगद्दी त्यागसमेत गरेको रोमाञ्चकारी घटना इतिहासमा पढ्न पाइन्छ। विश्वका थुप्रै राजनेताहरू यस्ता प्रकारका सेक्स स्क्यान्डलमा बदनाम भएका अनगिन्ती उदाहरण छन्। बिल क्लिन्टनदेखि टोनी ब्लेयर वा फ्रास्वाँ होल्यान्ड हुन् स्त्री काण्डमा चर्चित भएका छन्।

सन् १९६१ को गर्मी महिनाको घटना थियो यो। स्वीमिङ पुलमा वैंशले मात्तिएका केही युवतीहरू निर्वस्त्र नुहाइरहेका थिए। एक आपसमा जिस्किँदै उनीहरू स्वीमिङ पुलको चिसो पानीसँग बाक्लिएको गर्मीलाई मजाका साथ साँटिरहेका थिए। यस्तै बेलामा स्वीमिङ पुलको नजिकैको एउटा भव्य भवनबाट थुप्रै पुरुषहरू निस्किएर स्वीमिङ पुलतर्फ आउँदै गरेको नुहाउँदै गरेका तरुनीहरूले देखे। भएन त फसाद, उनीहरू लाजले मुख छोप्दै शिर निहुराउन थाले। तीमध्ये एउटी युवती भने नग्न अवस्थामै तलाउबाट बाहिर निस्किन्। हातले गुप्ताङ्ग छोप्दै भाग्न थालिन्। दृश्यावलोकन गरिरहेका पुरुषहरूको ओठबाट हाँसो फुस्कियो। आखिर ती नग्न नवयौवनाको सुन्दर शरीर मन्द हाँसोले निकट भविष्यमा शक्तिशाली राष्ट्र ब्रिटेनको संसदलाई हल्लाइदियो।

२० वर्षीया ती सुन्दरी युवती जो लाजले भुतुक्क भएर नाँगै तलाउबाट निस्किएर कुदिन्। तिनी लर्ड स्टरको बिल्डिङ नजिक डा. स्टिफेन वार्डको कटेजमा उनीसँगै बस्ने गर्थिन्। अस्थि चिकित्सा विशेषज्ञ थिए डा. स्टिफेन। लर्ड एस्टरको जोर्नी र हाडसम्बन्धी पुरानो बिमारी जो पनि सो कटेजमा बसेका थिए। एस्टरले आफ्नो रोग ठीक पार्ने शर्तमा डा. वार्डलाई सो कटेज सित्तैमा उपलब्ध गराएका थिए। डा. वार्ड बडो रसिक मान्छे थिए। उनको इच्छा चिकित्सा सेवा गर्नुमात्र थिएन, उनी पैसाको खातिर जस्तोसुकै काम गर्न पनि तयार थिए। लण्डनका बदनाम नाइट क्लबहरूमा गएर त्यहाँका डिस्कोथेकमा आफ्नो नांगो शरीर प्रदर्शन गरेर कामुक हाउभाउका साथ नाच्ने सुन्दरीहरूलाई उच्च वेश्यावृत्तिमा लगाएर प्रशस्त धन आर्जन गर्ने डा. स्टिफेनको सोख नै थियो।





यस्तै सुन्दरीमध्येकी थिइन् तलाउबाट निर्वस्त्र भाग्ने युवती क्रिस्टन किलर, जसलाई डा. स्टिफेनले आफूसँगै कटेजमा राख्दै आएका थिए। किलर मुरे क्याब्रे क्लबमा कार्यरत कलाकार थिइन्। किलर जस्ता सुन्दरीहरूलाई डा. स्टिफेनले आफूसँग आउने उच्च घरानाका बिरामी ठूला नेताहरू र अन्तर्राष्ट्रिय स्तरका पाहुनाहरूलाई मोटो रकम आफूले लिएर उपलब्ध गराउँथे। डा. स्टिफेनकै कटेजबाट ब्रिटेनको आन्तरिक सुरक्षा संस्था (एम १-५) को प्रमुख रोजर हेलिसमार्फत बिरामीहरूको बारेमा महत्वपूर्ण जानकारी ब्रिटेनले पाउने गर्थ्यो। यही कारण डा. स्टिफेनले निर्भयका साथ आफ्ना कालोधन्दा चलाउन छुट पाएका थिए।

डा. स्टिफेनको क्लिनिकमा यस्ता प्रकारका सिसाहरू लगाइएका थिए। भित्रैबाट हेर्दा ऐनाको काम गर्थे भने बाहिरबाट हेर्दा सादा काँचको पारदर्शी ढोका लाग्थे। यिनै ऐनाझैं देखिने पारदर्शी ढोकाको सहायताले स्टिफेनले आफूसँग आउने सम्पूर्ण व्यक्तिहरूको नग्न र अश्लिल तस्बिर खिचेर ब्लाक मेलिङ गरी अपार धन आर्जन गरिसकेका थिए। जब पाहुना सुन्दरीसँग भित्र रासलिला गर्न थाल्छ त्यतिबेला बडा चलाखीका साथ स्टिफेनले आपत्तिजनक दृश्यहरू आफ्नो क्यामराभित्र कैद गर्थे। डा. स्टिफेनको सहायता लिएर ब्रिटेनको आन्तरिक सुरक्षा संस्थाका अधिकारीहरू तत्कालीन सोभियत संघका जासुस क्याप्टेन इभानोभलाई ब्रिटेनको पक्षमा काम गर्न लगाउन चाहन्थे।

यही सिलसिलामा डा. स्टिफेन सोभियत संघ जान चाहिरहेका थिए। तर उनलाई सोभियत रुसले भिसा उपलब्ध गराएको थिएन। रुसी जासुस क्याप्टेन इभानोभ कम चलाख थिएनन्। जब उनले स्टिफेनले रुस जान चाहेको थाहा पाए भिसा उपलब्ध गराइदिने लोभ देखाए। यस बापत इभानोभले स्टिफेनबाट एउटा महत्वपूर्ण एल्बम हात पार्न सफल भए। यस एल्बममा ब्रिटेनका महत्वपूर्ण राजनीतिक हस्तीहरूको विभिन्न अश्लिल यौन मुद्रामा खिचिएका तस्बिरहरू राखिएका थिए।

तलाउबाट नांगै सुन्दरी किलर भाग्दा ब्रिटेनका तत्कालीन गृहमन्त्री जोन प्रोफयुमो त्यहीँ उपस्थित थिए। किलरका सुन्दर र आकर्षक शरीरका अवयवहरू देखेर मन्त्री जोनले घुटुघुटु थुक निलेका थिए। उनी यति साह्रो किलरसँग मोहित बने कि टुलुटुलु हेरेका हेर्‍यै भए। जासुस क्याप्टेन इभानोभले मन्त्री जोनको अनुहारलाई निहालिरहेका थिए। र उनले अनुमान गरे कि किलरप्रति मन्त्री जोन फिदा नै भएका छन्। मन्त्री जोनले स्टिफेनसँग मनका कुरा भनिहाले- 'म कुनै पनि मूल्य चुकाएर हरहालतमा त्यस युवतीलाई आफ्नो मुठ्ठीमा पार्न चाहन्छु।' डा. स्टिफेनलाई के आपत्ति ? यसकै लागि त यत्रो जाल बिछ्याइएको थियो। सोभियत युद्ध जासुसी विभागका नयाँ अफिसर बुजिन इभानोभले ब्रिटिस रक्षामन्त्री जोनको कमजोरी थाहा पाइहाले। डा. स्टिफेनले मन्त्री जोनलाई सुन्दरी किलर एक दिन उपलब्ध गराएरै छोडे। जोनले किलरसँग गरिरहेको यौनक्रीडाको तस्बिर पनि स्टिफेनले लुकेर खिच्न बाँकी राखेनन्। जासुस क्याप्टेन इभानोभले स्टिफेनलाई भने- 'यदि तिमीले किलरमार्फत पश्चिम जर्मनले अमेरिकाबाट कुन दिन हतियार पाउनेछ ? भन्ने पत्ता लगाएर मलाई जानकारी दियौ भने तिमीलाई रुस जाने भिसा निश्चित' भनेका थिए।

इभानोभको यो कुरा डा. स्टिफेनले ब्रिटेनको आन्तरिक सुरक्षा जासुस प्रमुख हेलिसलाई सुनाए। प्रधानमन्त्री, गृहमन्त्री र युद्धमन्त्रीलाई यसबारेमा जानकारी नै नदिई हेलिस सिधै क्याबिनेट सचिव ब्रुकसमक्ष पुगे। उनले रक्षामन्त्री प्रोफ्युमोलाई इभानोभलाई ब्रिटेनको पक्षमा काम गर्न राजी गराउन पाउने आदेश मागे। ब्रुक र मन्त्री जोनको सम्बन्ध एकदम राम्रो थियो। हेलिस यसरी अनौठो ढंगले प्रस्तुत भएका कारण पछि मात्र पत्ता लाग्यो। उनी स्वयं रुसी जासुस पो रहेछन्। हेलिसबाट प्राप्त जानकारीका आधारमा सचिव नर्मन ब्रुकले युद्धमन्त्री प्रोफ्युमोलाई सम्पूर्ण षड्यन्त्र बताए। तर के गर्ने 'डार्लिङ तिम्रो र मेरो अब कहिल्यै भेटघाट हुनेछैन' भनेर प्रोफ्युमोले किलरलाई पत्र लेखिहाले जुन ठूलो गलत साबित भयो। पछि यही चिठीले युद्धमन्त्रीलाई संकटमा पार्‍यो।

विपक्षी लेबर पार्टीका प्रमुख जर्ज बिगले २३ मार्च १९७३ मा संसदमा प्रश्न उठाए एक रुसी जासुसको रखैलको साथ युद्धमन्त्रीको अवैध सम्बन्ध स्थापित हुनु ब्रिटेनको सुरक्षामा ठूलो खतरा हुन सक्दैन ? जवाफमा युद्धमन्त्रीले भने- 'मेरो किलरसँग कुनै सम्बन्ध छैन।' संसदमा भएको यो हँगामापछि किलरले युद्धमन्त्री प्रोफ्युमोद्वारा आफूलाई सम्बोधन गरी पठाएको पत्र एक अखबारलाई २३ हजार पाउन्डमा उपलब्ध गराइदिइन् र युद्धमन्त्रीसँगको सम्बन्ध पनि खुलस्त पारिदिइन्। युद्धमन्त्री प्रोफ्युमोले १९७३, ४ जुनमा पदबाट राजीनामा दिन बाध्य हुनुपर्‍यो। यही काण्डले ब्रिटेनका प्रधानमन्त्री म्याकमिलनले पनि राजीनामा दिनुभयो।

प्रोफ्युमोको २५ वर्षदेखि सांसद भएको प्रतिष्ठा क्षणभरमै धुलोमा मिल्यो। असर यस्तो पार्‍यो कि चुनावमा पार्टीले नै पराजयको सामना गर्नुपर्‍यो। सुन्दरीहरूको प्रयोगद्वारा अन्य देशका बारेमा जानकारी लिन सोभियत कम्युनिस्टहरू निकै माहिर मानिन्थे। किलरमार्फत त्यसबेला ब्रिटेनका बारेमा कति महत्वपूर्ण सूचनाहरू सोभियत रुसले प्राप्त गर्‍यो त्यो भने कहिल्यै खुलस्त गरिएन।


## अलेक्जेन्डरको सफलता



अलेक्जेन्डर ड्युमा आफ्नो समयका ख्यातिप्राप्त नाटककार थिए। उनको बहुलठ्ठीपनबाट पेरिसका जनता जानकार नै थिए। उनले अचानक पेरिसबाट आफ्नो डेरा सारे। नयाँ ठाउँमा डेरा सारेका अलेक्जेन्डरबारे त्यहाँका जनतालाई त्यति थाहा थिएन। उनको नाम सुन्नेहरू उनी उपल्लो श्रेणीका नाटककार हुन् भनेर जान्दथे। नयाँ डेरामा सरेका अलेक्जेन्डरले मध्यरातमा कोठाभित्र अनौठो प्रयोग गर्न थाले। सुनसान रात, बत्ती मधुरो बलिरहेको, कोठाभित्र डाङडाङ र डुङडुङ हतियार बजिरहेको आवाज बाहिर बाटोसम्म सुनिन्थ्यो। उनको कोठाबाट मान्छेको आवाज आइरहेको थियो। हाहा र हुहु आवाजसाथ फलाम ठोकिएको टिङ टिङ आवाज वरपरका छिमेकीहरूले सुने। उनीहरूको निद्रा नै भंग भयो। सबै उठेर भेला भए र अलेक्जेन्डरको बन्द कोठाको वरिपरि पाए। भित्र युद्ध नै भइरहेको मारकाट मच्चिइरहेको आवाज आइरह्यो। स्थानीयबासीले तुरुन्त पुलिसलाई फोन गरे। पुलिसहरू पनि भेला भए। कोठाभित्रबाट त्यस्तै लडाइँ चलिरहेको आवाज आइरहेको थियो। पुलिसले बेस्सरी ढोका ढक्ढक्याए। केही बेरपछि अलेक्जेन्डरले ढोकाको चुकुल खोलिदिए। सबैले उनलाई देखे उनका दुवै हातमा तरबार थिए। उनी पसिनाले निथुक्क भिजेका थिए। एक पुलिसले अलेक्जेन्डरसँग सोधे तिमी को हौ ? भित्र अर्को के छ ? किन तरबार चलाएर लडिराखेका छौ ?

अलेक्जेन्डरले आफ्नो परिचय दिए। उनी चर्चित नाटककार भएको सबैलाई थाहा भयो। पुलिसले फेरि भन्यो, तपाईं त ठीकै हुनुहुन्छ, तपाईंमाथि हमला गर्ने चाहिँ को हो ? भित्रै लुकेको छ ? अलेक्जेन्डरले भने, होइन यहाँ त म एक्लै छु। मसँग कोही पनि लडिरहेको छैन। फेरि त्यो पुलिसले भन्यो, अघि भित्र त आवाज दुईजनाको सुनिन्थ्यो नि ? अलेक्जेन्डरले बताए, हो आवाज दुईजनाको थियो। दुईजनाबीच भयानक तरबार युद्ध चल्यो। अर्को आवाज मैले नै निकालेको हो। म एउटा स्तेज शोको लागि नाटक लेख्दैछु। नाटकमा दुई पात्रबीच युद्ध हुन्छ तरबार युद्ध। दुईबीचको युद्ध शोको समयमा कस्तो हुन्छ भनेर म प्रयोग गरिरहेको थिएँ। युद्धले दर्शकहरूलाई प्रभाव पार्न सकेन भने नाटक असफल हुन्छ। त्यसैले दुईबीचको युद्धको दृश्य म आफैं अभिनय गरेर नियालिरहेको थिएँ। अलेक्जेन्डरको यस्तो पागलपन देखेर सबै छक्क परे। तर आफैं नाटक लेख्ने र त्यो सफल असफल कस्तो हुन्छ भनेर सोच्ने अनि आफैंले अभिनय गर्ने उनको अनौठो स्वभावले नै उनलाई महान नाटककार बनायो। अरुले जेसुकै भनुन् तर आफ्नो सफलतालाई ध्यान दिन्थे उनी। उनलाई पागल भन्न पनि मान्छेले बाँकी राखेका थिएनन्।

## टाल्स्टायको कल्पना



सुप्रसिद्ध साहित्यकार लियो टाल्स्टाय एक दिन सुपर मार्केट छिरे। मार्केट सिँढी चढेर माथि जानुपर्थ्यो। टाल्स्टाय सिँढी चढ्न थाले। उनको मनमा एक महिला काल्पनिक पात्र थिइन्। उनी ती महिलासँग मनमनै गफ गर्दै हिँड्न थाले। माथितिरबाट एक दम्पती सपिङ गरेर तल झर्दै थिए। टाल्सटायले मुन्टो उठाएर उनीहरूतिर हेरे। उनले ती आगन्तुकलाई बाटो छोड्न खोजे। आफ्नो साथमा रहेकी महिला बाटो छोड्दा साँघुरो भएर लडिछन् कि भन्ने लाग्यो टाल्स्टायलाई। उनले महिलाको बचाउ गर्दै बाटो छोड्न खोजे। यसरी बाटो छोडदा उनी सिँढीबाट गल्र्याम्म तल खसे। उनको खुट्टै भाँच्चियो। आगन्तुक दम्पतीले उनलाई उठ्न मद्दत गर्दै भने, किन तपाईंले बाटो छोड्नुभएको ? हामी तल झर्दै थियौं। सिँढीमा तीनजना सजिलै अटाइन्थ्यो।

टाल्स्टायले भने, मसँग एकजना महिला पनि थिइन्। उनी लड्लिन् कि भनेर मैले बाटो छोडेको हो। फेरि दम्पतीमध्येका एकले भने, तपाईंसँग त कोही पनि थिएन। तपाईं एक्लै हुनुहुन्थ्यो त। टाल्स्टायले भने, अहो अघि म सिँढी चढ्दा मसँग उपन्यासकी एकपात्रसँगै थिइन्। म उनीसँगै कुरा गर्दै सिँढी चढ्दै थिएँ। म एउटा नारीप्रधान उपन्यास लेखिरहेको छु। ती महिला त्यही उपन्यासकी प्रमुख पात्र थिइन्। मैले त उनलाई वास्तविक महिला नै ठानेँछु। उनको बचाउ गर्दा आफ्नो खुट्टै भाँचियो।

## लिंकनको प्रतिबद्धता



अमेरिकी राष्ट्रपति अब्राहम लिंकन एक गरिब चमारका छोरा थिए। उनका बाबु जुत्ता सिउने काम गर्थे। उनले छोरा लिंकनलाई असाध्य दुःख गरेर पढाएका थिए। बाबुले दुःख गरेअनुसार लिंकनले सफलताको मंजिल चुमेर देखाए। उनी अमेरिकाको राष्ट्रपति पदमा निर्वाचित भए। राष्ट्रपति लिंकनले सिनेटलाई पहिलोपटक सम्बोधन गर्दै थिए। जब लिंकन सिनेटभित्र पसे तब एकजना पाका सिनेटर कडकिए, तपाईं त्यही जुत्ता बनाउने चमारको छोरा होइन ? तपाईंको बुबा मानिसहरूको गोडा नापेर जुत्ता सिउँथे। तपाईंले पनि त्यही कला जान्नुभएको होला बरु बाबुको काम गरेको भए बेस हुन्थ्यो। सिनेटमा एक क्षण सन्नाटा छायो। ती सिनेटर राष्ट्रपतिको हुर्मत लिन भ्याएकोमा आनन्दित मुद्रामा देखिन्थे। उनीतिर हेर्दै राष्ट्रपति लिंकनले भने, धन्यवाद छ तपाईंलाई तपाईंले मलाई बुबाको सम्झना गराइदिनुभयो।

हो, मेरो बुबा जुत्ता सिउनुहुन्थ्यो। जुत्ता सिउन आउने मानिसहरूको भीड नै लाग्ने गर्थ्यो। यस्तो जुत्ता सिउने पेसामा अरु पनि थिए र छन्। तर जुत्ता सिउन आउने मान्छेहरू भन्थे, मेरो बुबाले सिएको जस्तो राम्रो र टिकाउ जुत्ता अरुले बनाउँदैनथे रे। मेरो बुबा आफ्नो पेशाप्रति इमानदार हुनुहुन्थ्यो। उहाँको हातबाट तयार भएको जुत्ता लगाउने मानिसहरूलाई हिँड्दा पनि अत्यन्त सजिलो महसुस हुन्थ्यो। लामो समयसम्म टिक्थे उहाँले सिलाएका जुत्ताहरू। बडो मेहनतपूर्वक उहाँ जुत्ता सिउनुहुन्थ्यो। उहाँले जति मानिसहरूलाई जुत्ता बनाउनुभयो, कसैले पनि जुत्तामा खोट देखाउन सकेनन्। मेरो बुबाले सिएका जुत्ता तपाईंले अझै लाउँदै हुनुहुन्छ होला। बुबा त धेरैअघि बितिसक्नुभयो। भन्नोस् त मेरो बुबाले बनाएका जुत्ता लाउँदा तपाईंलाई कहिल्यै अप्ठेरो महसुस भयो ? मैले बुबाबाट इमानदार र मेहनती भएर काम गर्न सिकेको छु। जसरी बुबाले अथक परिश्रम गरेर असल र राम्रो जुत्ता बनाउनुहुन्थ्यो म पनि राष्ट्रपतिका रुपमा काम गरेर सुन्दर अमेरिका बनाउन चाहन्छु। सिनेटर रातो मुख लगाउँदै शिर झुकाउन बाध्य भए। राष्ट्रपतिको प्रतिबद्धता सुनेर सिनेटरमा उपस्थित अन्य सिनेटरहरूले जोडदार ताली बजाए।

प्रेरक
## हिराको मूल्य



भारतीय राज्य महाराष्ट्रअन्तर्गत पर्ने रत्नागिरि जिल्लाको काटलुक गाउँमा एउटा प्राथमिक विद्यालय थियो । विद्यालयमा कक्षा चलिरहेको थियो । एक दिन एक अध्यापकले बालबालिकासित प्रश्न गरे- तिमीहरूले बाटामा हिंड्दै गर्दा एउटा मूल्यवान् हिरा भेट्यौ भने के गर्छौ ?

एक बालकले हत्तपत्त जवाफ दिए- गुरु, म त्यसलाई बजारमा लगेर बेच्छु, अनि एउटा राम्रो कार किन्छु । अर्का एक बालकले भने- म त्यसलाई बेचेर धेरै धनी मान्छे बन्छु । अर्का एकजनाले भने- म त्यसलाई बेचेर विदेश घुम्न जान्छु ।

सबैले आआफ्ना योजना सुनाउँदै गर्दा अर्का एक बालकले भने- मैले बाटामा त्यस्तो बहुमूल्य हिरा भेटेँ भने म त्यसको मालिक पत्ता लगाएर उसैलाई फिर्ता गरिदिन्छु ।

बालकको जवाफ सुनेर अध्यापक चकित भए । उनले फेरि प्रश्न गरे- धेरै दुःख गरेर खोज्दा पनि त्यस हिराको मालिक पत्ता लागेन वा भेटिएन भने त्यतिखेर तिमी के गर्छौ ?

बालकले नम्र स्वरमा जवाफ दिए- मालिक भेटिएन भने म त्यस हिरालाई बजारमा बेच्छु र आएको पैसा देशसेवामा लगाउँछु । बालकको जवाफ सुनेर अध्यापक ज्यादै खुसी भए । उनले ती बालकलाई अंकमाल गर्दै भने- स्याबास, तिमी साँच्चै ठूलो देशभक्त हुनेछौ ।

तिमीलाई राष्ट्रले पछिसम्म आदर गरिरहनेछ । ती अध्यापकको भनाइ साँच्चै सत्य ठहरियो । ती बालक जवान भएपछि साँच्चै ठूला देशभक्त बने । उनको नाम थियो, गोपालकृष्ण गोखले ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष
सहयोगीहरूले साथ दिनाले चिताएका काम सम्पादन हुनेछन्। प्रतिस्पर्धीहरू पछि पर्नेछन् । मिहिनेत गर्दा राम्रो परिणाम प्राप्त हुनेछ। तारिफयोग्य काम गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। थोरै लगानीबाट पनि नाफा कमाउन सकिनेछ। विभिन्न भौतिक साधन जुट्नेछन्। उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ।

### वृष
द्विविधा बढ्नाले निर्णायक क्षमता कमजोर बन्नेछ। वादविवादले काममा बाधा पुर्याउनेछ, सजग रहनुहोला। अरूको वचन हार्न नसक्दा दुःख पाइनेछ। तर मिहिनेत गर्दा आयस्रोत बढ्नेछन् र उठ्नुपर्ने रकम हातलागी हुनेछ। अध्ययनमा समय दिन नसकिए पनि नयाँ ज्ञान सिक्ने समय छ। मिहिनेतले आम्दानी बढाउन सकिनेछ। प्रतिस्पर्धामा भने सावधान रहनुहोला।

### मिथुन
नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। रचनात्मक काम बन्नुका साथै मनग्गे धन आर्जन हुनेछ। पहिलेको सफलताले थप हौसला जगाउनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। विगतका कमीकमजोरीलाई सुधार गर्ने मौका छ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ।

### कर्कट
करकापमा परी काममा जुट्नुपर्ने अवस्था रहनेछ। परिश्रमका तुलनामा प्रतिफल कम देखिनेछ। खर्च तथा विवाद बढ्ने समय रहेकाले महत्त्वाकांक्षी योजनामा अघि नबढ्नुहोला। छर-छिमेकमा केही असमझदारी बढ्न सक्छ। टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ। अवसरका लागि भने केही दौडधुप गर्नुपर्ने देखिन्छ। पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ । चिन्ता बढ्नेछ ।

### सिंह
मिहिनेतले आम्दानी बढाउनेछ। आयस्रोत बढ्नेछन् भने उठ्नुपर्ने रकम हातलागी हुने समय छ। कृषि, पशुपालन तथा व्यापारमा मनग्य लाभ हुनेछ। दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ। अध्ययनमा पनि राम्रै प्रगति हुनेछ। नयाँ ज्ञान सिक्ने समय छ। सञ्चित धनको उपयोगबाट विशेष फाइदा हुनेछ। श्रमको उचित मूल्यांकन होला। दिन उत्साहवर्द्धक रहनेछ।

### कन्या
राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ। सामाजिक नेतृत्व हातलागी हुने सम्भावना छ। व्यापारमा पनि राम्रै फाइदा हुनेछ। प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ । मिहिनेतले जीवनशैलीमा परिवर्तन आउनेछ। लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ। काममा विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ। महत्त्वाकांक्षाले लक्ष्यमा पुर्याउन सक्छ, कर्तव्यपरायण रहनुहोला । आयभन्दा व्यय बढी हुनेछ ।

### तुला
अवसरसँगै केही चुनौतीसमेत देखा पर्नेछन्। सहयोगको नाममा आफ्ना कमजोरीको फाइदा उठाउनेहरू प्रशस्तै हुनेछन्। होसियारीसाथ काममा जुट्नुहोला। शुभचिन्तकहरूले भने सक्दो सहयोग जुटाउनेछन्। सामाजिक कामको जिम्मेवारी बढ्नेछ। अध्यात्मभाव जागृत हुनुका साथै धर्मकर्म र परोपकारी काममा प्रवृत्त भइनेछ। नयाँ काम थालनी गर्ने समय छ।

### वृश्चिक
परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। सम्भावना देखिए पनि सोचेको उपलब्धि प्राप्त नहुन सक्छ। प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला। सामान्य कामका लागि दौडधुप गर्नुपर्नेछ। व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ। गोपनीयता बाहिरिनाले काम दोहोर्याउनुपर्ला। स्वास्थ्यका लागि आहारविहारमा सजग रहनुहोला।

### धनु
घुमफिर तथा मनोरञ्जनमा समय बित्नेछ। तर, विचार नमिल्नाले आफन्तसँग मतभेद हुन सक्छ। वादविवादले साथीभाइमा असमझदारी निम्त्याउनेछ। निम्तो आए पनि भेटघाट गर्न केही समय प्रतीक्षा गर्नुहोला। मिहिनेत गर्दा जीवनशैलीमा परिवर्तन आउनेछ। उठ्नुपर्ने रकम तत्काल हातलागी नहुन सक्छ। व्यापारको बहानामा यात्राको अवसर भने जुट्न सक्छ।

### मकर
भौतिक साधन जुट्नाले दिगो काम प्रारम्भ हुनेछ। साहसी काम गरेर प्रशस्त लाभ उठाउन सकिनेछ। नयाँ योजनातर्फ अग्रसर भइनेछ। अरूको विश्वास जित्न केही समय लागे पनि दिगो फाइदा हुने काम हातलागी हुनेछ। पहिले ईर्ष्या गर्नेहरूले नै सहयोग गर्न थाल्नेछन्। चुनौती चिर्दै काम बनाउन सकिनेछ। शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ।

### कुम्भ
अवसर र व्यवधानका बीचबाट कर्मफल हातपार्न सफल भइनेछ। धैर्य एवं लगनशीलताले मात्र उपलब्धि प्राप्त हुनेछ। कामको मेसो मिलाउन केही समय लाग्न सक्छ। बुद्धिको उपयोगले अरूको विश्वास जित्न सकिनेछ। प्रयत्न गर्दा दिगो फाइदा हुने काम हातलागी हुनेछ। श्रम परे पनि नाम, दाम र इनाम हातपार्न सकिनेछ। मिहिनेत नपुग्दा अध्ययनमा प्रगति नहुन सक्छ।

### मीन
आफन्त र परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ। आश्वासन दिनेहरूले प्रतिबद्धता पूरा नगर्न सक्छन्। हल्लाको भरमा अरूको विश्वास गर्दा धोका हुन सक्छ। कृषि, पशुपालन तथा घरेलु कामकाजमा बढी प्रवृत्त भइनेछ। धेरै फाइदा नहुने काममा समय बित्नेछ। नजिकका आफन्त, साथीभाइ टाढिन सक्छन्। दोहोर्याएर प्रयत्न गर्दा केही काम बनाउन सकिनेछ । आफन्तहरुबाटै धोका हुन सक्छ ।

# समाचार संक्षेप

## कुटपिट गरी हत्या गरेको अभियोगमा पक्राउ

कञ्चनपुर । आफ्नै श्रीमान २९ वर्षीय ओम बहादुर चौधरीको फरुवा प्रहार गरी हत्या गरेको अभियोगमा बेलौरी नगरपालिका(६ भुराकोट बस्ने २७ वर्षीया बसन्ती चौधरीलाई मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ । बसन्तीले फरुवा प्रहार गरी आफ्नै घरमा श्रीमानलाई मारेको भनी आफै जानकारी गराए पश्चात ईलाका प्रहरी कार्यालय बेलौरीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

यसैगरी कञ्चनपुर, भिमदत्त नगरपालिका(२ पशुपति टोल बस्ने ७६ वर्षीय प्रेम थापाको कुटपिट गरी हत्या गरेको अभियोगमा २ जनालाई सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा उनकै बुहारी ३५ वर्षीया सीता थापा र १८ वर्षीय किशोर रहेका छन् । उनीहरूले घरायसी बिबादका कारण गत माघ २८ गते साँझ प्रेमलाई कुटपिट गरी कसैलाई जानकारी नगराई उपचारको लागि महाकाली अस्पताल ल्याई उपचार पश्चात घर लगेकोमा पुनः स्वास्थ्यमा समस्या आएपछि महाकाली अस्पताल ल्याएकोमा उपचारको क्रममा सोमबार मृत्यु भएको हो ।

## अवैध लागूऔषधसहित पक्राउ

काठमाडौं । काठमाडौं महानगरपालिका(१६ बालाजुस्थित सडकबाट १३.५ ग्राम अवैध लागूऔषध अफिम जस्तो देखिने वस्तु सहित बारा आदर्श कोतवाल गाउँपालिका(३ ठेगाना भएका १९ वर्षीय रितिक कुमार यादवलाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरीले रितिकलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । उनी उपर लागूऔषध अफिम मुद्दामा म्याद थप गरी अनुसन्धान भइरहेको उक्त ब्यूरोले जनाएको छ ।

मोरङ, बिराटनगर महानगरपालिका(१६ दुर्गा मन्दिर नजिकबाट करिब ३ ग्राम ९ सय ४० मिलिग्राम अवैध लागूऔषध खैरो हेरोइन सहित उदयपुर कटारी नगरपालिका(७ तकिया बस्ने २१ वर्षीय रुपेश फुयाललाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । को.२ ह ३७२९ नम्बरको टेम्पोलाई लागूऔषध नियन्त्रण व्यूरो विराटनगरबाट खटिएको प्रहरीले जाँच गर्दा टेम्पोभित्र लुकाई ल्याएको उक्त खैरो हेरोइन सहित फेला पारी टेम्पो चालक रुपेशलाई पक्राउ गरेको हो ।

## सवारी दुर्घटनामा परी मृत्यु

काठमाडौं । काठमाडौं महानगरपालिका(३२ स्थित पेप्सीकोला रुक्मणी मार्वल अगाडि बा.३ ख ९६६१ नम्बरको बसले सोमबार बिहान ठक्कर दिँदा पैदलयात्री सोही ठाउँ बस्ने खोटाङ दिक्तेल मझुवागढी नगरपालिका(१ घर भएका ७४ वर्षीय कृष्ण बहादुर श्रेष्ठको मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको मदरल्याण्ड अस्पताल पेप्सीकोलामा उपचारको क्रममा मृत्यु भएको हो । बसका चालक र सहचालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## मृत अवस्थामा फेला

काठमाडौं । काठमाडौं महानगरपालिका(६ रामहिटीस्थित सडकमा हाल नाम, थर, वतन नखुलेका करिब ४० वर्षीय पुरुष सोमबार मृत अबस्थामा फेला परेका छन् । गोरखा, सुलिकोट गाउँपालिका(१ बारपाक बस्ने ८४ वर्षीय लिल बहादुर गुरुङ, १४ वर्षीया उषा गुरुङ र २१ वर्षीया आईत कुमारी गुरुङ आफ्नै घरमा सोमबार मृत अवस्थामा फेला परेका छन् ।

सिरहा, कल्याणपुर नगरपालिका(७ भेडियास्थित इन्द्रजित यादवको खेतको परालको थुप्रोमाथि हाल, नाम, थर, वतन नखुलेका करिब ४० वर्षीय पुरुष सोमबार मृत अवस्थामा फेला परेका छन् । सुर्खेत, बराहताल गाउँपालिका(४ भाडेस्थित जंगलको खोल्सामा हाल, नाम, थर, वतन नखुलेका करिब ४० वर्षीय जस्तो देखिने पुरूषको शव सडीगलेको अवस्थामा सोमबार फेला परेको छ ।

## भीरबाट लडेर मृत्यु

दार्चुला । मालिकार्जुन गाउँपालिका-८ धामीगडा थकतोली बस्ने ३१ वर्षीय जय देव टमटा भिरबाट लडेर सोमबार मृत अवस्थामा फेला परेका छन् । फागुन ४ गते देखि घरबाट हराएका उनको खोजी गर्ने क्रममा उक्त स्थानमा शव फेला परेको हो ।

## सवारी दुर्घटनामा २ जनाको मृत्यु

काठमाडौं । ललितपुर, ललितपुर महानगरपालिका(४ जावलाखेल चोकमा बा.२ ख ३५७४ नम्बरको बस र प्रदेश ३(०२(१० प ५५८९ नम्बरको स्कुटर एकआपसमा ठक्कर खाई सोमबार दिउँसो दुर्घटना हुँदा स्कुटर चालक सोही महानगरपालिका(४ बागडोल बस्ने उदयपुर कटारी गाउँपालिका(४ घर भएकी २३ वर्षीया सिर्जना राईको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएकी उनको अल्का अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । सर्लाही, कबिलासी नगरपालिका(१ पिपरियास्थित सडकमा मोटरसाइकलबाट लडेर सोही ठाउँ बस्ने ६० वर्षीया सबिना खातुनको मृत्यु भएको छ । हाल नम्बर नखुलेको मोटरसाइकलबाट लडेर गम्भीर घाइते भएकी उनको जिल्ला अस्पताल मलंगवामा उपचारको क्रममा मृत्यु भएको हो । फरार मोटरसाइकल चालकको प्रहरीले खोजी गरिरहेको छ ।

## कोइला खानीमा पुरिएर एक जनाको मृत्यु

दाङ । घोराही उपमहानगरपालिका-१९ राम्चेस्थित कोईला खानीमा कोइला निकाल्ने क्रममा पुरिएर सोही उपमहानगरपालिका-१९ तिरसाङ बस्ने ४५ वर्षीय मोहन लाल बिकको सोमबार दिउँसो मृत्यु भएको छ ।

## कुटपिटबाट मृत्यु

झापा । दमक नगरपालिका३ शरणार्थी सिबिर बस्ने ४९ वर्षीया बिष्णुमाया तामाङको कुटपिटबाट मृत्यु भएको छ । उनकै श्रीमान सरे राईले कुटपिट गर्दा उनको मृत्यु भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय दमक र प्रहरी चौकी बाघखोरबाट खटिएको प्रहरीले हाल फरार राईको खोजी गरिरहेको छ ।

## मृत अवस्थामा फेला

काठमाडौं । अछाम, साँफे नगरपालिका(१० भाटबाडा बस्ने मिन बहादुर भाटको ४ वर्षीय छोरा बिबेक भाट आफ्नै घरदेखि करिब ३ सय मिटर टाढा भिरालो जमिनमा सोमबार साँझ मृत अवस्थामा फेला परेका छन् । आइतबार साँझदेखि बिबेक आफ्नै घरबाट हराएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय घुँघुरकोटबाट खटिएको प्रहरीले स्थानीयबासीको सहयोगमा खोजी गर्ने क्रममा उनको शव फेला परेको हो ।

## दुर्घटनामा चालकको मृत्यु

बाँके । नेपालगंज उपमहानरगपालिका(२२ पुरैनीस्थित सडक भे.१ त ९२१४ नम्बरको ट्याक्टर अनियन्त्रित भई आइतबार राति दुर्घटना हुँदा ट्याक्टर चालक खजुरा गाउँपालिका(४ बस्ने ३६ वर्षीय चेत बहादुर थारूको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको भेरी अस्पताल नेपालगंजमा उपचारको क्रममा मृत्यु भएको हो ।

## मृत अवस्थामा फेला

झापा । बिर्तामोड नगरपालिका(२ शान्तिटोलस्थित सडकमा कन्काई नगरपालिका(९ लकरीगद्दी बस्ने ५० वर्षीय लय प्रसाद राजवंशी आइतबार दिउँसो मृत अवस्थामा फेला परेका छन् ।

## करेन्ट लागेर मृत्यु

रुपन्देही । ओमसतिया गाउँपालिका(३ करवानीस्थित हरि बहादुर थापाको माछा पोखरीमा काम गर्ने सियारी गाउँपालिका(१ घर भएका २७ वर्षीय कमल पुरीको करेन्ट लागेर आइतबार दिउँसो मृत्यु भएको छ । सोही स्थानमा पानी तान्ने मोटरबाट करेन्ट लाग्दा गम्भीर घाइते भएका उनको मेडिकल कलेज भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो ।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Voyeur = लुकीछिपी हेर्ने ब्यक्ति They called Gopal a voyeur as they found him aiming at the bedroom of the neighbours by the binaculars. (दुर्विनले छिमेकीको घरको सुत्नेकोठा भित्र हेर्न खोजेको देखी तिनीहरूले गोपाललाई लुकीछिपी हेर्ने ब्यक्तिको रुपमा दर्ज गरे )

Wrath = क्रोध She turned wrath as she was paid much less than she had expected (आशा गरेका भन्दा धेरै थोरै पाएकोमा तिनी क्रोधित बनिन )

Appease = कसैलाई केही दिएर शान्त पार्नु, फूल्याउनु She always tries to appease her baby by giving toys (तिनी सधै आफ्नो वच्चालाई खेलौना दिएर फूल्याउन खोज्दछिन )

Broach= समावेश गर्नु Many political parties opposed the government as it decided to broach religion in the school curriculum (विद्यालयको पाठ्यक्रममा धर्मलाई समावेश गर्ने सरकारी निर्णयको सबै विपक्षीहरूले विरोध गरे)

Contrite = ठुलो गल्ती गरेकोमा पछुताउनु She was contrite the entire week after she behaved very badly with her husband (आफ्नो लोग्नेसंग नराम्रो ब्यवहार गरेकोमा तिन्ले पुरै हप्ता पछुताइन )

Disinterested = तटस्थ, निश्वार्थी The only disinterested persons if work keeping in mind the professional ethics are journalists (पेशागत धर्मलाई साक्षी राखी काम गर्दछन भने पत्रकारहरू जस्तो तटस्थ र निश्वार्थी अरु कोही हुन सक्तैन)

Exult = रमाइलो गर्नु We should exult if our team won the match (हाम्रो टिमले म्याच जित्यो भने हामीले रमाइलो गर्नु पर्दछ )

Fruition = प्राप्ती, उपलब्धी, फल The completion of the project marks the fruition of our hard work (यो योजनाको सफल कार्यान्वयन हाम्रो कडा परिश्रमको फल हो )

Gustatory = स्वादिलो The gustatory menu of this restaurant has attracted many coutumers (यो रेष्टुराको स्वादिलो खानाको सूचीले गर्दा धेरै उपभोक्ताहरू यस रेष्टुरा प्रति आकर्षित भएका छन् )

Holocaust = आगजनीबाट भएको क्षति The city was totally destructed by the holocaust (पुरै शहर आगजनीबात ध्वस्त भएको थियो )

# Read बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Read oneself to sleep = निन्द्रा नआउञ्जेल पढ्नु She has habit to read herself to sleep तिनी ननिदाउञ्जेल पढि रहन्छिन ।

Read something back = सुन्ने गरी पढ्नु Please read me back the telephone number कृपया टलिफोन नंवर सुन्ने गरी पढ त !

Read into something = अर्थ भन्दा वढि पाउनु She has read into my letter a sympathy तिन्ले मेरो पत्रमा उल्लेख कुराको अर्थ भन्दा वढि सहानुभुति पाइन ।

Read something out for = कसैको लागि पढिदिनु He read out the letter for all of us उस्ले हामी सबैको लागि भनी चिठी पढेर सुनाइदियो ।

Read somebody up on = कसैको वारे गहन अध्ययन गर्नु Everyone should read Nelson Mandel upon (हरेकले नेल्सन मण्डेला वारे अध्ययन गर्नै पर्छ ।

Read upon something = कही कुराको वारे केही अध्ययन गर्नु If you read upon the biggest economic depression, then you will know how it affects in national economy (यदि तिमीले ठूलो आर्थिक मन्दि वारे गहन अध्ययन गर्छौ भने मात्रै थहापाउनेछौ यसले कसरी राष्ट्रिय अर्थतन्त्रमा असर गर्छ भन्ने कुरा ।

Read = पाठक This auhtor is a very good read (यी लेखक धेरै पाठक भएका भित्र पर्छन )

Well Read = चलेको This is a very well read novel (यो निकै चलेको उपन्यास हो )

Read between the lines = वारंवार पढ्नु Although she read between the lines she could not understand the meaning (हरफहरू वारंवार पढेता पनि तिन्ले अर्थ बुझ्न सकिनन)

Read some body like a book = स्पष्ट बुझ्नु They read each other like a book (तिनीहरू एक अर्कालाइ स्पष्टै बुझ्छन् अथवा उनीहरू वीच बुझाइमा स्पष्टता छ, फरक छैन ) ।

## सुडोकु-अंक २१५

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २ | ८ | ७ | | ३ | ५ | ६ | |
| | | | २ | | | | | |
| | | | १ | ४ | ६ | | | |
| | १ | ५ | | | | ६ | ९ | |
| | | ७ | | | | २ | | |
| | ८ | ३ | | | | ४ | ७ | |
| | | | ९ | ६ | ७ | | | |
| | | | | | | | | ९ |
| | ९ | २ | ५ | | ८ | ७ | ३ | |

## अंक २१४ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | ८ | १ | ९ | ३ | ५ | ४ | ७ | २ |
| ३ | ५ | २ | ६ | ७ | ४ | १ | ८ | ९ |
| ९ | ४ | ७ | ८ | १ | २ | ५ | ६ | ३ |
| ८ | ९ | ३ | ७ | ५ | १ | ६ | २ | ४ |
| ७ | ६ | ५ | ४ | २ | ९ | ८ | ३ | १ |
| २ | १ | ४ | ३ | ८ | ६ | ७ | ९ | ५ |
| ४ | ७ | ९ | ५ | ६ | ३ | २ | १ | ८ |
| ५ | २ | ८ | १ | ९ | ७ | ३ | ४ | ६ |
| १ | ३ | ६ | २ | ४ | ८ | ९ | ५ | ७ |

# सर्वोच्चको परमादेश : संविधान र लोकतन्त्रको रक्षा

सर्वोच्च अदालत, संवैधानिक इजलास सम्माननीय प्रधानन्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.

माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ माननीय न्यायाधीश श्री अनिल कुमार सिन्हा माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.

**संक्षिप्त आदेश**

**विषय :उत्प्रेषण परमादेश ।**

यस इजलासमा विचाराधीन रहेको प्रस्तुत विवादमा निवेदन ब्यहोरा, लिखित जवाफ, निवेदकहरू तथा प्रत्यर्थीहरूका तर्फबाट उपस्थित भई बहस गर्नुहुने एवं अदालतको सहयोगीको रुपमा उपस्थित हुनु भएका बिद्वान कानून व्यवसायीहरूले प्रस्तुत गर्नु भएको बहसजिकीर, बहसनोट समेतलाई दृष्टिगत गर्दा प्रस्तुत बिवादको निरुपणमा मुख्यत: निम्नलिखित प्रश्नमा निर्णय दिनुपर्ने देखिन आएको छ:

१. प्रतिनिधि सभा विघटनको लागि सम्माननीय प्रधानमन्त्रीले पेश गर्नुभएको सिफारिसका आधारमा सम्माननीय राष्ट्रपतिबाट मिति २०७४।९।५ मा प्रतिनिधि सभा विघटन भएको प्रश्नमा राजनीतिक विषयवस्तु समावेश भएको भन्ने कारणले प्रस्तुत विवाद यस अदालतले न्यायनिरोपण गर्न मिल्ने प्रकृतिको हो वा होइन ? २. संसदीय प्रणालीको आधारभूत मर्म एवं मूल्यमान्यता तथा आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरूको अभ्यास बमोजिम प्रतिनिधि सभा विघटन गर्नु नेपालको संविधानसम्मत हुन्छ वा हुदैन ? ३. नेपालको संविधानको धारा ७६ को उपधारा (१) र (७) तथा धारा ८५ प्रयोग गरी प्रतिनिधि सभा विघटन गर्नु संविधानसम्मत हुने हो वा होइन? । ४. सम्माननीय प्रधानमन्त्रीको प्रतिनिधि सभा विघटनको सिफारिस दुराशययुक्त छ बा छैन ? ५. रिट निवेदनको माँग अनुसार आदेश जारी गर्नु पर्ने वा नपर्ने के हो?

निवेदकहरूको निवेदन व्यहोरा हेर्दा सम्माननीय प्रधानमन्त्री नेपालको संविधान (यस उप्रान्त "संविधान" भनी सम्बोधन गरिएको। को धारा ७६ को उपधारा (१) अन्तर्गतको प्रधानमन्त्री भएको, उक्त धारा अनुसार नियुक्त भएका प्रधानमन्त्रीले संविधानको धारा ७६७) को अधिकार प्रयोग गर्न नसक्ने, धारा ८५ को व्यवस्थाले विघटन गर्ने अधिकार श्रृजना नगर्ने, प्रधानमन्त्रीको सुविधा बा असुबिधाको आधारमा प्रतिनिधि सभा विघटन गर्न पाउने स्वविवेकिय अधिकार यो संविधान बमोजिम प्राप्त गर्न नसक्ने, हाम्रो विशिष्ट प्रकृतिको संसदीय व्यवस्था भएको मुलुकका लागि परम्परागत् संसदीय व्यवस्था भएको मुलुकको दृष्टान्त अनुकरणीय हुन नसक्ने भएकोले संविधानमा नै नभएको अधिकार प्रयोग गरी प्रतिनिधि सभा विघटन गर्ने सिफारिस गैर संवैधानिक भएको हुँदा सम्माननीय प्रधानमन्त्रीले मिति २०७४। ९।५ मा प्रतिनिधि सभा विघटन गर्नुभएको सिफारिस र सो सिफारिसको आधारमा सम्माननीय राष्ट्रपतिबाट मिति २०७४। ९।५ गते प्रतिनिधि सभा विघटन गर्ने गरी भएका सम्पूर्ण कार्यहरू नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) वमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरी प्रतिनिधि सभाले गर्नु पर्ने कामहरू सम्पादन गर्न आवश्यक र उपयुक्त आदेश गरी पाँउ भन्ने निवेदकको माग दाबी रहेको देखिन्छ।

प्रत्यर्थीहरू मध्यका सम्माननीय प्रधानमन्त्रीले प्रस्तुत गर्नु भएको लिखितजवाफ हेर्दा मुलुकको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको, संविधानको धारा ७४ मा संसदीय शासन प्रणाली अवलम्बन गरी सो प्रणालीका विशेषतालाई स्वीकार गरीएको, प्रधानमन्त्रीले संसद विघटन गर्न पाउने अधिकार संसदीय प्रणालीको अन्तर्निहित मूल्य र आधारभूत मान्यता भित्र पर्ने, धारा ८५ ले प्रतिनिधि सभाको कार्यकाल समाप्त हुनु अगावै विघटन हनसक्ने अवस्था स्वीकार गरेको, प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटनका लागि सिफारिस गर्न नपाउने भनी संविधानले कतै व्यक्त वा अव्यक्तरुपमा रोकेको अवस्था नभएको, धारा ७५ ले प्रदान गरेको कार्यकारिणी अधिकारमा यस विषयमा कुनै सीमा निर्धारण नगरिएको, धारा ७६ को उपधारा (१) बमोजिम मेरो नेतृत्वमा सरकार सञ्चालन भई रहेकोमा धारा ७६ को उपधारा (७) ले बैकल्पिक सरकार गठन हुन नसक्ने अवस्थामा प्रतिनिधि सभा बिघटन हुन सक्ने परिकल्पना गरेको र प्रस्तुत विषयवस्तु राजनीतिक भएकोले अदालत प्रवेश गर्न नमिल्ने हुँदा उक्त संवैधानिक व्यवस्था संसदीय शासन प्रणालीको आधारभूत मान्यता र संसदीय प्रणाली अवलम्बन गर्ने मुलुकहरूका अभ्यास समेतका आधारमा प्रतिनिधि सभा विघटनको सिफारिस संविधान सम्मत भएको हुदाँ रिट निवेदन खारेज गरी पाँउ भन्ने समेत व्यहोरा उल्लेख भएको पाइन्छ ।

उपर्युक्त निवेदनहरूको माँग र लिखित जवाफहरूको जिकीरहरू लगायत नेपालको संवैधानिक व्यवस्था, प्रतिपादित नजीर तथा बाहिरका संवैधानिक अभ्यासहरू समेतका आधारमा बिचार गर्दा निम्नानुसारका अवस्थाहरू देखियो: (१) प्रत्यर्थीहरूले प्रारम्भिक रुपमै यो राजनीतिक विषयवस्तु समावेश भएको विवाद हुँदा यस अदालतबाट न्याय निरोपण योग्य होइन भन्ने प्रश्न उठाउनु भएको छ। सो तर्फ विचार गर्दा संविधानमा न्यायिक निरुपणको विषय हुदैन भनी प्रष्ट शब्दमा अन्यथा व्यवस्था गरेको विषयका कुरामा वाहेक संविधानमा रहेका कुनै प्रावधानको प्रयोग र व्याख्या सम्बन्धी प्रश्न उठाई अदालतमा प्रवेश गरिएको अवस्थामा त्यस प्रकारका प्रश्नहरूको निरुपण गर्नु यस अदालतको कर्तव्य नै बन्दछ। केवल राजनीतिक महत्त्व वा राजनीतिक क्रियाकलाप भन्ने जस्ता कुराको आवरणमा संविधानद्वारा निर्धारित सीमा वा परिधि नाघेको भनी उठाएको प्रश्नहरूको निरुपण गर्न पन्छिने हो भने यस इजलासले संविधान प्रदत्त जिम्मेवारी पुरा नगरेको अवस्था सृजना हुन जान्छ। संविधानको धारा ७६ को उपधारा (१) र (७) र धारा ८५ प्रयोग गरी गरिएको प्रतिनिधि सभा विघटनको निर्णय संविधान सम्मत हुन्छ वा हुदैन भन्ने जस्ता विशुद्ध संवैधानिक प्रश्नहरू प्रस्तुत विवादमा देखिएको र गम्भीर संवैधानिक व्याख्याको प्रश्न समावेश भएको ती विषयहरूको निरुपण नेपालको संविधानको धारा १३७ को उपधारा (३) बमोजिम यस अदालतको संवैधानिक इजलासले नै हेर्नुपर्ने संवैधानिक दायित्व रहेको कारण प्रस्तुत विवादका प्रश्नहरू न्यायिक निरुपण योग्य रहेको देखिदा राजनीतिक विषयवस्तु वा प्रश्न मात्र सन्निहित रहेको भन्ने तर्क स्वीकार गर्न सकिएन । नेपाल अधिराज्यको संविधान, २०४७ लागू भएपछि पटक पटक प्रतिनिधि सभा विघटन भएकोमा यस अदालतबाट तत्कालिन संवैधानिक व्यवस्थाहरूको आधारमा निवेदक हरिप्रसाद नेपाल समेत वि. सम्माननीय प्रधानमन्त्री गिरिजा प्रसाद कोइराला समेत (२०५१ सालको रिट नं. २३०४), अधिवक्ता रबिराज भण्डारी समेत वि. सम्माननीय प्रधानमन्त्री मलमोहन अधिकारी समेत (२०५२ सालको रिट नं. ३१०५), अधिवक्ता श्यामकुमार खत्री समेत बि. सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवा समेत (२०५९ सालको रिट नं. ३५४२) भएका निवेदनहरूमा विघटन सम्बन्धी बिवाद अदालतबाट न्यायनिरुपण योग्य संवैधानिक एवं कानूनी प्रश्नको रुपमा स्विकार गरी सकिएको समेत कारणबाट प्रस्तुत विवादको प्रश्न यस इजलासको अधिकारक्षेत्र भित्र नै रहेको देखियो ।

(२) संसदीय प्रणालीका आधारभूत मर्म एवं मुल्य मान्यता र सो प्रणाली अवलम्बन गर्ने

बिभिन्न मुलुकको अभ्यासलाई आधार लिई प्रतिनिधि सभा विघटन गर्नु संविधान सम्मत हुने हो वा होइन भन्ने दोश्रो प्रश्नतर्फ बिचार गर्दा संबिधानको धारा ७४ ले नेपालको शासकीय स्वरुप संसदीय शासन प्रणालीमा आधारित भएकोबाटै प्रधानमन्त्रीलाई विघटनको अन्तर्निहित अधिकार रहेको भन्ने प्रत्यर्थी सम्माननीय प्रधानमन्त्री तथा मन्त्रिपरिषदको लिखितजवाफ रहेको छ । उक्त धारा ७४ ले नेपालको शासकीय स्वरुप परम्परागत संसदीय शासन प्रणालीमा मात्र सिमित नराखी 'बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली हुने भन्ने उल्लेख गरेबाट ती शब्दावलीहरूलाई सम्पूर्णतामा हेर्नु पर्ने हुन्छ । फेरी यो धारा आफैमा कार्यात्मक धारा भन्ने देखिदैन । संविधानको प्रस्तावनाको प्रारम्भ मै 'हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता' भन्ने वाक्यांशबाट शुरु भई धारा २ मा नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहीत रहेको र यस्को प्रयोग यस संविधानमा व्यवस्था भए बमोजिम हुनेछ" भन्ने उल्लेखन, धारा ८४ मा प्रतिनिधि सभा र धारा ८६ मा राष्ट्रिय सभाको गठनका सन्दर्भमा गरिएका निर्वाचन र मनोनयन प्रणाली. मतदान, उम्मेदवारी र सहभागीता समेतलाई समष्टिमा हेर्दा यो संविधान परम्परागत संसदीय प्रणालीको प्रतिबिम्ब नभई संविधानसभाहरूको लामो प्रयत्न पश्चात आएको दस्तावेज हो। त्यसै गरी धारा ७६ मा मन्त्रिपरिषदको संख्या बा कायम गरिनु पर्ने समावेसिताको सिद्धान्त, धारा ७६ को उपधारा (५। मा प्रतिनिधि सभाको कुनै सदस्य पनि प्रधानमन्त्री नियुक्त हुन सक्ने व्यवस्था, धारा १०० को उपधारा (४) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित अविश्वासको प्रस्ताव पेश गर्न नपाउने अवधि तथा धारा २९२ को संसदीय सुनुवाईको व्यवस्थाहरूलाई समग्रतामा हेर्दा हाम्रो शासकीय स्वरुप संसदीय प्रणाली हुँदा हुदै पनि आफ्नै अनुभवले खारिएको र आवश्यकताद्वारा अनुप्राणित विशिष्ट किसिमको छ। संसदीय प्रणालीका अन्तभूत विशेषताहरू भन्दा फरक ढङ्गको आफ्नै मौलिकताबाट श्रृजना गरिएका संवैधानिक व्यवस्थाहरूको संरचनाबाट अनुप्राणित रहेको हुँदा यस संविधानमा परम्परागत संसदीय शासन प्रणालीका



सबै गुणहरू स्वत: समाहित छैनन्। यिनै कुराहरूको सन्दर्भ र सापेक्षतामा यो संविधानले अङ्गिकार गरेको दर्शनलाई मनन् गर्दै संसदीय शासन प्रणालीका परम्परागत मुल्य मान्यता तथा अभ्यासको कुरालाई हेरिनु वाञ्छनिय हुन्छ। परम्परागत संसदीय प्रणाली अपनाएका मुलुकहरूमा पनि संसद विघटन गर्ने कार्यलाई निरुत्साहित गर्ने तर्फ तथा उत्तरदायी सिमित सरकारको अवधारणा तर्फ उन्मुख हुदै गएको पाइन्छ। साविक नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३।४) को प्रावधान अनुसार विगतमा भएका प्रतिनिधि सभा विघटन गर्ने सम्बन्धी अभ्यासहरूबाट सिकिएका पाठहरू समेत मनन् गर्दै वर्तमान संविधानका निर्माताहरूले प्रतिनिधि सभा विघटन सम्बन्धी व्यवस्थालाई संविधानमा निशर्त रुपमा खुला छोडेको पाइदैन । संविधानमा रहेका सीमा बन्देज अनुसारको कारण आइपरेको अवस्थामा बाहेक संसदीय प्रणालीको आधारभूत मुल्य, मान्यता तथा अभ्यासको आधार ग्रहण गरी अन्य विकल्प हुँदा हुँदै कसैको इच्छा वा आत्मनिष्ठरुपमा देखेको आवश्यक्ताका आधारमा आवधिक चुनाब बाहेकको अवस्थामा जनतालाई समेत आर्थिक दायित्व पर्ने गरी प्रतिनिधि सभा बिघटन गरिनु संविधानको मर्म र उद्देश्य नहुँदा त्यस्तो कार्य संविधान सम्मत हुदैन। (३। नेपालको संविधानको धारा ७६ को उपधारा (१) र (७) तथा धारा ८५ वमोजिम प्रतिनिधि सभा विघटन गर्नु संविधान अनुकुल छ वा छैन भन्ने तेश्रो प्रश्नका सम्बन्धमा विचार गर्दा सर्वप्नथम संविधानमा रहेका प्रावधानहरूको व्याख्या कसरी हुन्छ भन्ने संवैधानिक व्यवस्था तर्फ बिचार गर्नु आवश्यक छ । संवैधानिक व्याख्याको सम्बन्धमा फरक फरक प्रकृतिका अवधारणा, सिद्धान्त तथा विज्ञहरूको राय रहेको अवस्थामा सर्वप्रथम आफ्नै संवैधानिक र कानूनी व्यवस्थाको बिबेचना गर्नु आवस्यक हुन्छ । संविधानले व्याख्याको आवस्यकता पर्न सक्ने परिकल्पना गरेकै कारण धारा ३०६ को उपधारा (२) मा "बिषय बा प्रसंगले अर्को अर्थ नलागेमा यस संविधानमा व्यक्त भएका कुराहरूको अधीनमा रही कानूनको व्याख्या सम्बन्धी कानूनी व्यवस्था नेपाल कानूनको व्याख्यामा लागू भए सरह यस संविधानको व्याख्यामा पनि लागू हुनेछ" भन्ने उल्लेखनबाट कानून व्याख्या सम्बन्धी प्रचलित कानून तथा यस अदालतबाट बिभिन्न समयमा कानूनको व्याख्या सम्बन्धमा कायम भएका नजीरहरूको आधारमा संवैधानिक व्यवस्थाको पनि व्याख्या हुनुपर्ने प्रष्ट छ ।

यस परिप्रेक्षबाट संविधानको धारा ७६ को उपधारा (१) (२),(३। र (५) लाई दृष्टिगत गर्दा प्रतिनिधि सभा निर्वाचनको परिणाम घोषणा पछि प्रधानमन्त्री नियुक्ती सम्बन्धमा पहिलो चरणमा बहुमत प्राप्त संसदीय दलको नेता स्वत: नै सम्माननीय राष्ट्रपतिबाट प्रधानमन्त्री नियुक्त हुने सम्बन्धमा दुविधा देखिदैन । सार्वभौमसत्तासम्पन्न जनता समक्ष आफू जनताको प्रतिनिधित्व गर्दै सरकार बनाउने प्रतिवद्धता साथ चुनावमा भाग लिई जनप्रतिनिधीको रुपमा चुनिएर जाँदा त्यस्ता जनप्रतिनिधिहरूको दलले संसदमा बहुमत प्राप्त गरेको अवस्थामा त्यस्तो बहुमत प्राप्त संसदीय दलको नेतासंग सरकार बनाउने र राज्य संचालन गर्ने बाहेक अन्य कुनै संवैधानिक विकल्प नै रहदैन । चुनावमा जनताबाट बहुमत प्राप्त गरेपछि संसदीय दलको नेता चयन गरी प्रधानमन्त्री दिनु, त्यस्तो संसदीय दल र दलका प्रत्येक निर्वाचित जनप्रतिनिधिको संवैधानिक कर्तव्य नै हुन जान्छ भने संसदीय दलको नेताको हैसियतले नियुक्त भएका प्रधानमन्त्री तथा मन्त्रिपरिषद संसदप्रति उत्तरदायी भई तथा राज्य संचालन गर्नु संवैधानिक नैतिकताको विषय पनि हो । त्यस प्रकारको अवस्था नभई प्रतिनिधि सभामा कुनै दलको स्पष्ट बहुमत नरहेको अवस्थामा अर्थात दोस्रो चरणमा प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधि सभाको सदस्यलाई सम्माननीय राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्नु पर्ने हुन्छ। यसरी पनि प्रधानमन्त्री नियुक्त हुने अवस्था नभएमा वा नियुक्त भएका प्रधानमन्त्रीले विश्वासको मत प्राप्त ।इल गर्न नसकेमा तेस्रो चरणमा राष्ट्रपतिले प्रतिनिधि सभामा सबै भन्दा बढी सदस्यहरू भएका दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नुपर्ने व्यवस्था रहेको पाइन्छ। यसरी नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा चौथो चरणमा प्रतिनिधि सभाका कुनै सदस्यले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्रीमा नियुक्त गर्नुपर्ने हुन्छ । यसरी क्रमवद्ध रुपमा धारा ७६ को उपधारा (२।(३) र (५। का विकल्पहरू हेर्दै जाँदा दुई वा सो भन्दा बढी दलहरू बीच एकिकरण भई धारा ७६ को उपधारा (१) को प्रयोजनार्थ संसदभित्र बहुमतप्राप्त भएको देखिने दल सिर्जना भएमा वा पछिल्लो चरणमा दुई वा सो भन्दा बढी दलहरूबाट सरकार गठन हुन सक्ने नयाँ समिकरण सिर्जना भएमा पनि त्यस्तो सरकार बनाउने विकल्प प्रतिनिधीसभा भित्रै खोज्नु पर्ने उक्त धारा ७६ को समष्टिगत उद्देश्य र मनशाय रहेको देखिन्छ ।

उक्त धारा ७६ को उपधारा (१०,४२॥३। र (५। को समग्र बनोटलाई हेर्दा प्रधानमन्त्री नियुक्तिमा एक पछि अर्को प्रक्रिया अभ्यासगत रुपमा प्रतिनिधि सभा भित्र क्रियान्वयन हुदै गई प्रधानमन्त्री नियुक्त हुन नसकेको बा विश्वासको मत प्राप्त गर्न नसकेको अवस्था सिर्जना भएमा त्यस्तो वाध्यात्मक अवस्थामा मात्र धारा ७६ को उपधारा (७) बमोजिम तत्काल बहाल रहेका प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधि सभा विघटन हुने संबैधानिक व्यवस्था रहेको देखिन्छ। यस बाहेक प्रतिनिधि सभामा कुनै दलको बहुमत रहेको र धारा ७६ को उपधारा (१। बमोजिमको सरकार बन्न सक्ने टडकारो अवस्थामा धारा ७६ को उपधारा (७) बमोजिम प्रतिनिधि सभा बिघटन हुन सक्छ वा सक्दैन भन्ने पनि प्रश्न पनि सृजना हुन सक्छ। प्रतिनिधि सभामा बहुमत प्राप्त दलले आफ्नो नेताको चुनाव गर्छ र स्वत: नै नीजलाई राष्ट्रपतिबाट प्रधानमन्त्री नियुक्त गरिन्छ भन्ने विश्वास गर्नु सामान्य समझको कुरा हो ।

प्रस्तुत विवादमा प्रकट भएका वस्तुतथ्य सन्दर्भमा हेर्दा चुनाव पश्चात शुरुमा दुई भन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्नसक्ने प्रतिनिधि सभाको सदस्यलाई राष्ट्रपतिको कार्यालयको मिति २०७४।१।३ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम नेपालको संविधानको धारा ७६ को उपधारा (२) अनुसारको सरकार गठन गर्न प्रधानमन्त्री नियुक्त गरिएको देखिएतापनि मिति २०७५ । २ । ३ मा दुई पार्टी एकिकरण भई मिति २०७५ । २।५ मा सम्माननीय प्रधानमन्त्री संयुक्त संसदीय दलको नेता चुनिनु भएपछि उहाँको हैसियत धारा ७६ को उपधारा (१) बमोजिमको बहुमत प्राप्त प्रधानमन्त्रीको रुपमा परिवर्तन भएको तथ्यगत् रूपमा देखिएको छ। निबेदकहरूले उहाँको हैसियत धारा ७६ को उपधारा (१) बमोजिमको प्रधानमन्त्रीको रुपमा परिवर्तन भएको बारे नेपाल राजपत्रमा सूचना प्रकाशित नभएको भन्ने प्रश्न उठाएपनि प्रस्तुत बिबादमा सम्माननीय प्रधानमन्त्रीलाई आफ्नै सत्तारुढ दलका केही सदस्यहरूले असहयोग गरेको कारण प्रतिनिधि सभा विघटन गर्नु परेको भन्ने उहाँको लिखितजवाफमा रहेको र विघटनको सिफारिस गर्दा प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेताको हैसियत कायमै रहेको अवस्था हुँदा त्यसतर्फ प्रवेश गर्नु भन्दा धारा ७६ को उपधारा (१) बमोजिम हैसियत राख्ने प्रधानमन्त्रीलाई धारा ७६ को उपधारा (७) बमोजिम प्रतिनिधि सभा विघटन गर्ने अधिकार रहे नरहेको तर्फ नै केन्द्रित हुनु आबस्यक देखियो। जनताले चुनाव मार्फत संसद दिन्छ, संसदले नै सरकार दिन्छ भन्ने मान्यतामा संसदीय व्यवस्था चलेको हुन्छ। संविधान निर्माताले आफ्नै देशका विगतका संबैधानिक अभ्यासहरू समेतलाई मध्यनजर राखि संसदले सरकार दिन सक्ने अवस्था र विकल्प कायम रहेसम्म प्रतिनिधि सभामा बहुमत कायम रहेको संसदीय दलको नेतालाई नेपालको संविधानले धारा ७६ को उपधारा (७) मा उल्लिखित प्रावधानहरूको अभ्यास गर्न पर्ने अवस्थाको परिकल्पना गरेको देखिदैन । अर्कोतर्फ प्रतिनिधि सभाको कार्यकाल सम्बन्धमा संविधानको धारा ८५ को उपधारा (१) मा - यस संविधान बमोजिम अगाबै बिघटन भएकोमा बाहेक प्रतिनिधि सभाको कार्यकाल पाँच वर्षको हने छ भन्ने व्यवस्था रहेको र उक्त धारा ८५ को उपधारा (१) को सन्दर्भ धारा ७६ को उपधारा (७) मा मात्र सिमित नगरी "यस संविधान बमोजिम" भन्ने शब्दावली परेको कारण धारा ७४ मा उल्लिखित संसदीय शासन प्रणालीको आधारभूत मूल्य र मान्यता बमोजिम सम्माननीय प्रधानमन्त्रीलाई संसद बिघटनको असिमित अधिकार रहेकोले प्रतिनिधि सभा विघटनको लागि धारा ८५ र ७४ आफैमा क्रियाशील धारा भएको भन्ने जिकीरहरू तर्फ समेत विवेचना गर्नु पर्ने देखिन्छ । माथी उल्लेख भए बमोजिम यो संविधान परम्परागत/संसदीय प्रणालीको प्रतिबिम्ब नभई विगतका अनुभवहरूलाई समेत मध्यनजर गर्दै संविधानसभाहरूको लामो प्रयन्न पश्चात सहमतिय आधारवाट अन्तिमता प्रदान भएको दस्तावेज रहेको र संवैधानिक सर्वोच्चतालाई अंगकार गरेको सम्बन्धमा विवाद नहुँदा प्रतिनिधि सभा बिघटनका सम्बन्धमा संविधानमा शाब्दिकरुपमा ब्यक्त अबस्था परिस्थिति र अधिकार वाहेक अव्यक्त अधिकार पनि रहेको भन्ने दावी स्विकारयोग्य देखिदैन । संसदले प्रधानमन्त्री दिने र संसदले दिएको प्रधानमन्त्री सोही संसदप्रति उत्तरदायी हुने व्यवस्था धारा ७६ मा रहेबाट सिमित सरकारको अवधारणा अँगकार गरेको यस संविधानले प्रतिनिधि सभा विघटनको केही पूर्वावस्थालाई लिखित रुपमा राखेको र अन्य अवधारणागत् अधिकारलाई मौन वा सुषप्त रुपमा क्रियाशील राखेको अनुमान गर्न सकिदैन। त्यसैले धारा ८५.१) मा यस संविधान बमोजिम अगावे विघटन भएकोमा बाहेक" भन्ने बाक्याँशले प्रतिनिधि सभा निर्वाचन पश्चात धारा ७६ को उपधारा (१ ) (३) र (५) बमोजिम प्रधानमन्त्री नियुक्त हुन नसकेपछि बा नियुक्त भएका प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेपछि प्रतिनिधि सभाका अरु कुनै सदस्य प्रधानमन्त्री नियुक्त हुने विकल्प समाप्त भएपश्चात धारा ७६ को उपधारा (७) बमोजिम प्रतिनिधि सभा बिघटन हुने संवैधानिक प्रावधान रहेको भन्ने अर्थमा नै वुझाउछ। प्रतिनिधि सभाको कार्यकाल निर्धारण गर्ने प्रयोजनार्थ रहेको धारा ८५ को उपधारा (१) प्रतिनिधि सभा विघटन गर्न अधिकार सृजना गर्ने स्वतन्त्र धाराको रुपमा रहेको भन्ने तर्क स्विकार गर्न सकिदैन । संविधानको धारा ७५ को उपधारा (१) मा नेपालको कार्यकारिणी अधिकार यो संविधान र कानून वमोजिम मन्त्रिपरिषदमा निहित रहने र अधारा (२) मा यो संविधान र कानुनको अधीनमा रही नेपालको शासन सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषदमा हुने व्यवस्था रहेको छ । धारा ७५ को उपधारा (२) मा प्रयुक्त यो संविधान र कानन को अधीनमा रही भन्ने उल्लेखनले कार्यकारिणी अधिकारको प्रयोग यहि संविधान र कानूनको अधीनमा रहेर गर्नुपर्ने सम्बन्धमा विवाद हुन सक्दैन। प्रतिनिधि सभा विघटन सम्बन्धमा पनि संविधानले प्रदान गरेको अधिकार र निर्धारण गरेका सीमा बन्देजलाई अनिवार्य रूपमा पालना गरीनु पर्दछ। लिखित संविधानको लक्ष्य सीमित सरकार हुन्छ र हरेक अङ्गको अधिकारको सीमा रेखा संविधानले कोरेको हुन्छ। संविधानवाद सम्बन्धी अवधारणाले सरकारको शक्तिमा सीमितता, राज्यशक्तिको बिभिन्न अंगमा शक्ति र अधिकार समेतको पृथकीकरण र जनताप्रति उत्तरदायी सरकार सञ्चालन सम्बन्धि मान्यतालाई आत्मसात गरेको हुन्छ । राज्यको सबै अङ्गको अधिकारको सिमारेखा संबिधानबाट नै निर्धारित गरी शक्ति सन्तुलनको पालनमा प्रभावकारी बनाउनु नै लिखित संविधानको गुण हो। त्यस्तै धारा ५८ को अवशिष्ट अधिकार संघ, प्रदेश तथा स्थानीय तहको अधिकारको बाँडफाँड सम्बन्धी प्राबधानसंग सम्बन्धित रहेको पाइन्छ। संविधानमा कुनै तहले प्रयोग गर्ने गरी नतोकिएको विषयमा संघको अधिकार हुने व्यवस्था हुँदा प्रतिनिधि सभा बिघटन धारा ५८ को अवशिष्ट अधिकारको सन्दर्भमा प्रयोग हुने व्यवस्था होइन। धारा ३०६ को उपधारा (१) को खण्ड (ज) मा "राज्यशक्ती " को परिभाषामा उल्लेख भएको अवशिष्ट अधिकारले धारा ५८ लाई समेत संकेत गरेको छ। संघ प्रदेश र स्थानिय तह बीचको अधिकारको बिभाजनमा शुन्यताको अवस्था भएमा मात्र यो धारा ५८ क्रियाशील हुने देखिन्छ । उक्त धाराहरूमा प्रतिनिधि सभा विघटन गर्न प्रधानमन्त्रीको अधिकार श्रृजना गर्ने प्रावधान नदेखिएबाट उक्त धाराहरूको आवरणमा प्रतिनिधि सभा विघटनको सिफारिसलाई संवैधानिक रहेको भनी पुष्टी गर्ने संविधानसम्मत आधार नदेखिएको र माथी बिबेचना गरिएको कारण र आधारहरूबाट धारा ७६ को उपधारा (१) बमोजिम प्रतिनिधि सभामा बहुमतप्राप्त नेताको हैसियतमा रहनु भएका सम्माननीय प्रधानमन्त्रीलाई धारा ७६ को उपधारा (७) को पूर्वशर्तहरू आकर्षित हुने अवस्था नै नरहने हुँदा उक्त धारा ७६ को उपधारा (७) बमोजिम प्रतिनिधि सभा विघटनको सिफारिस गर्न पाउने संवैधानिक अधिकार रहेको पाइएन॥ (४) अब, प्रतिनिधि सभा विघटनको सिफारिस दुराशययुक्त छ वा छैन भन्ने चौथो प्रश्नका सम्बन्धमा विचार गर्दा जनताले चुनाव मार्फत प्रतिनिधि सभाको लागि दलहरू मार्फत बा स्वतन्त्र सांसद समेत दिईसकेको अवस्था रहेकोमा संसदले प्रधानमन्त्री समेत दिई मन्त्रिपरिषदको गठन भए पश्चात दलको आन्तरिक विवादको कारण सरकार संचालन असहज भएको एवं अपेक्षा अनुसार काम गर्न नसकेको भन्ने लिखित जवाफहरूबाट देखिन्छ । राजनीतिक दलको आन्तरिक बिबाद प्रचलित ऐन र दलको विधान बमोजिम समाधान गर्न सम्बन्धित दलका प्रत्येक सदस्यको कर्तव्यको विषय भई संसदीय दलको नेता माथी बिश्वासको मत यथावत रहेको वा अबिश्वास रहेको कारण संसदीय दलको नेता परिवर्तन हुने भन्ने सम्बन्धमा विधान बमोजिम प्राप्त उपचारको मार्ग अबलम्बन गरि निकास प्रदान गरिने नै हुँदा र संविधानले किटान गरेको पूर्वावस्थाको अभावमा प्रतिनिधि सभा विघटनको सिफारिस संविधान प्रतिकूल भएको माथि विवेचना भईसकेकोले यस पृष्टभूमीमा प्रतिनिधि सभा विघटन दुराशययुक्त हो वा होइन भन्ने तर्फ तत्काल प्रवेश गर्नु उपयुक्त देखिएन । अब, रिट निवेदनको माँग अनुसार आदेश जारी गर्नु पर्ने वा नपर्ने के हो भन्ने पाँचौ प्रश्नका सम्बन्धमा विचार गर्दा संघीय संसदको प्रतिनिधि सभाको विघटनको लागि नेपालको संविधानले निर्दिष्ट गरेका निश्चित पूर्वावस्थाहरूको अभावमा तथा संविधानको आधारभूत मर्म, मूल्य र मान्यता प्रतिकूल सम्माननीय प्रधानमन्त्रीले संविधानको धारा ७६ को उपधारा (१) र (७), धारा ८५ तथा संसदीय प्रणालीको आधारभूत मर्म एवं मुल्य मान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरूको अभ्यास बमोजिम भनी संघिय संसदको वर्तमान प्रतिनिधि सभा विघटनका लागि सम्माननीय राष्ट्रपति समक्ष गर्नु भएको मिति २०७७। ९।५ को सिफारिस तथा सो बमोजिम सम्माननीय राष्ट्रपतिबाट सोही मितिमा भएको प्रतिनिधि सभा विघटनको निर्णय, विज्ञसी समेतका तत्सम्बन्धी सम्पूर्ण कामकारवाहीहरू असंबैधानिक भएकोले प्रारम्भ देखि नै कानूनी प्रभाव शून्य रहने गरी उतोषणको आदेशले बदर हुने ठहर्छ । उपर्युक्त बमोजिम जारी गरीएको आदेशको परिणामस्वरुप संघीय संसदको प्रतिनिधि सभा उक्त असवैधानिक विघटन भन्दा पहिलेकै स्थितिमा पुनर्स्थापित भई यथास्थितिमै काम गर्न सक्षम र समर्थ रहेको छ । प्रतिनिधि सभाको छैठौं अधिवेशन मिति २०७७।३।१८ मा अन्त्य भएको र संविधानको धारा ९३ को उपधारा (१) बमोजिम अनिवार्य रूपमा ६।६ महिनाभित्र अर्को अधिवेशन आह्वान हुनुपर्नेमा उपर्युक्त बमोजिम प्रतिनिधि सभा असंवैधानिक विघटन भएको कारणबाट समयावधि व्यतित भएतापनि त्यस्तो बिघटनको परिणामस्वरुप बैठक बस्ने मिति समेत स्वत: परिवर्तन भएको मानि यो आदेश जारी भएको मितिले १३ (तेह) दिन भित्र प्रतिनिधि सभाको अधिवेशन बोलाई बैठकको लागि आवस्यक व्यवस्था गर्नु गराउनु भनि प्रत्यर्थीहरू मध्यका श्री राष्ट्रपतिको कार्यालय, शीतलनिवास, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार, सम्माननीय प्रधानमन्त्री के.पी. ओली, सम्माननीय सभामूख अग्नी प्रसाद सापकोटा, प्रतिनिधि सभाका नाममा परमादेश समेत जारी गरिएको छ ।

यो आदेशको पालना तत्काल कार्यान्वयन गरिनुपर्ने प्रकृतिको रहेको र आदेशको पूर्णपाठ तैयार हुन समय लाग्ने भएकोले यो संक्षिप्त आदेश जारी गरिएको छ। आदेशको जानकारी सम्बन्धित पक्षहरूलाई तत्काल गराइदिनु ।

इति सम्बत् २०७७ साल फागुण ११ गते रोज ३ शुभम् ।

## बाइडेनले...

प्रमाणपत्र बुझेर राष्ट्रपतिले सम्बन्धित राजदूतलाई पनि कूटनीतिक च्यानलमार्फत जवाफ पठाउने गरेका छन् ।

'राजदूतको ओहोदाको प्रमाणपत्र बुझेपछि राष्ट्रपति बाइडेनले राजदूत खतिवडालाई वासिङ्टन डिसीको कूटनीतिक समुदायमा स्वागत गर्दै साझा एजेन्डामा नेपालसँगको सम्बन्ध थप सुदृढ गर्ने इच्छा व्यक्त गरेको जवाफ पठाएका छन्,' अमेरिकास्थित नेपाली दूतावासद्वारा मंगलबार जारी विज्ञप्तिमा भनिएको छ । राष्ट्रपति बाइडेनले एक साताअघि नेपाली राजदूत खतिवडाको ओहोदाको प्रमाणपत्रसँगै राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री केपी शर्मा ओलीले पठाएका सन्देश प्राप्त गरेका थिए ।

राष्ट्रपति भण्डारी र प्रधानमन्त्री ओलीले पठाएको सन्देशमा राष्ट्रपति बाइडेनको सफल कार्यकाल, सुस्वास्थ्यका लागि कामना गरिएको छ । सन्देशमा अमेरिका र जनताको निरन्तर प्रगति थप प्रवर्द्धन हुने विश्वास व्यक्त गरिएको छ । नेपालको समग्र विकासमा अमेरिकाले पुऱ्याउँदै आएको सहयोगप्रति पनि नेपाल सरकारले अमेरिकालाई आभार व्यक्त गरेको दूतावासद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

## नेपाली युवाको...

स्लोभाकिया प्रथम र आइसल्याण्ड तृतीय भएका थिए । सजिलै हाड भाँचिने रोग (ओस्टियो नेनेसिस इम्पेर्फेक्टा–ओआई) बाट पीडित आफ्नै छोरा अनिमेसलाई दुर्गा केसी ह्विलचियरका सहायताले विद्यालय पुऱ्याउँदै गरेको फोटो लामिछानेले प्रतियोगिताका लागि पठाएका थिए ।

एघार वर्षीय छोरा अनिमेसको अहिलेसम्म ४० पटक हाड भाँच्चिसकेको बताइएको छ । ओआईबाट ग्रसित भई हिँडुल गर्न नसके पनि पढ्ने इच्छालाई रोक्न नसक्ने सन्देश लामिछानेले कैद गरेको फोटोले दिएको थियो । फोटोमाध्यमबाट नेपाललाई विश्वसामु परिचित गराउन सफल भएकोमा लामिछानेले खुशी व्यक्त गर्दै भने, 'सफलताका लागि सहयोग गर्नुहुने सम्पूर्णलाई आभाव व्यक्त गर्दछु ।' फोटोका माध्यमबाट ओआई रोगको बारेमा स्वदेश र विदेशमा जनचेतना अभिवृद्धि गर्न आफ्नो लागि महत्वपूर्ण उपलब्धि भएको उनले बताए । रासस

## स्वेच्छाचारितमाथि...

राजनीति पुनः ध्रुवीकृत हुन थालेको छ । संसद विघटन गर्ने प्रधानमन्त्री ओलीको सिफारिसलाई सबै राजनीतिक दलहरूले 'प्रतिगमन' भन्दै आएका थिए । विघटनविरुद्ध राजनीतिक दलहरू र नागरिक समाज आन्दोलित थिए । त्यसलाई काउन्टर दिन सरकारी पक्षले पनि राज्यकोषको दोहन गर्दै 'देखाइदिने' जनप्रदर्शन गऱ्यो । विघटनको पक्ष र विपक्षमा भइरहेका प्रदर्शनहरूको उद्देश्य सर्वोच्चलाई मनोवैज्ञानिक दबाब दिनु नै रहेको थियो । पुस ५ पछि सत्तारुढ दल नेकपा औपचारिक रुपमै ओली र दाहाल नेपाल समूहमा विभाजन भयो । यद्यपि दुवै समूहले अहिलेसम्म आफूलाई आधिकारिक भएको दाबी गरिरहेका छन् । ओली र दाहाल नेपाल समूहबीच जनप्रदर्शनमा कसले बढी मान्छे उतार्ने भन्नेमा होडबाजी नै चल्यो । प्रधानमन्त्री ओली हरेक जनसभामा आफैं प्रधानन्यायाधीश भएझैं प्रतिनिधिसभा कुनै हालतमा पुनर्स्थापना नहुने दाबी गरिरहन्थे । तर सर्वोच्चले गरेको ऐतिहासिक फैसलाले ओलीलाई गम्भीर धक्का दिएको छ ।

ओलीले अब के गर्छन् ? यो तपसिलको विषय हो । कांग्रेसलगायतका विपक्षी दलहरूले उनलाई राजीनामा गर्न सुझाव दिए पनि ओली सितिमिति राजीनामा दिने मुडमा देखिँदैनन् । अब उनीसँग राजीनामा दिनु, संसदमा अविश्वासको प्रस्तावको सामना गर्नु, दाहाल नेपाल समूहमा फर्कनु वा छुट्टै पार्टी गठन गर्नुबाहेक अरु विकल्पहरू छैनन् । दाहाल, नेपाल पक्षले संसदमा अविश्वासको प्रस्ताव पहिल्यै दर्ता गरिसकेको छ, संसद बैठक बस्नासाथ त्यो ब्युँतिन्छ । ओली संसदीय दलमा समेत अल्पमतमा छन् । अब उनले बहुमत सावित गर्न सांसदहरू खरिद गर्न सक्छन् । छुट्टै पार्टी बनाउन ओलीसँग केन्द्रीय कमिटीमा चालीस प्रतिशत बहुमत पुग्दैन । अब उनले निर्वाचन आयोगमा दर्ता गरिएको एमाले पार्टी ब्युँताउन सक्छन् । सूर्य चिन्हमाथि ओलीले दाबी गरे पनि केन्द्रीय कमिटीमा अल्पमतमा रहेका कारण यो चिन्ह ओलीले पाउने सम्भावना देखिँदैन । अब झन् ओली समूहमा रहेकाहरू पनि दाहाल नेपाल समूहमा प्रवेश गर्ने क्रम बढ्ने देखिन्छ ।

ओलीलाई ८१ सांसदको साथ छ भनिन्छ । यो गणितलाई उनले नेपाली कांग्रेससँग भजाएर सरकारमा रहिरहने रणनीति लिन सक्छन् । दाहाल नेपाल समूहले कांग्रेस सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बन्न 'ग्रिन सिग्नल' दिइसकेका छन् । ओलीले पनि महत्वपूर्ण मन्त्रालयहरू राखेर देउवालाई प्रधानमन्त्री छोड्न सक्छन् । कांग्रेस र ओली समूह मिल्ने भएमा दाहाल नेपाल समूहले जसपा र अन्य दलहरूलाई लिएर सरकार बनाउने सम्भावना छ । ओलीलाई मात्र होइन, राष्ट्रपतिलाई महाअभियोग लगाएर हटाउने पक्षमा दाहाल नेपाल समूह छ । त्यसमा कांग्रेसको साथ आवश्यक पर्छ । महाअभियोग प्रस्ताव पारित गर्न दुईतिहाई बहुमत चाहिन्छ । कांग्रेसको समर्थनबिना यो सम्भव छैन । यसर्थ नेकपा दाहाल नेपाल समूहले कांग्रेसलाई फकाइरहेको छ । कांग्रेसको देउवा समूह (संस्थापन) अहिले पनि ओली समूहप्रति उदार छ । तर वरिष्ठ नेता रामचन्द्र पौडेल र कृष्णप्रसाद सिटौला पक्ष ओली समूहसँग सहकार्य गर्न नहुने भनिरहेका छन् । यदि कांग्रेसले दाहाल नेपाल पक्षसँग सत्ता समीकरण गरेमा प्रदेश सरकारसम्म भुइँचालो जाने देखिन्छ । संसदको अधिवेशन बस्ने सर्वोच्चको निर्देशनपछि दल विभाजनसम्बन्धी अध्यादेश ल्याउन समेत ओलीलाई अप्ठेरो छ, त्यसो गरेर संसद छल्न पाइँदैन । कि त उनले आत्मालोचना गरेर दाहाल नेपालकै साथमा बस्नुपऱ्यो । संसद फेस गर्ने उनले जमर्को गरेपनि संसदकै हत्या गर्नेलाई संसदले विश्वास गर्दैनन् भन्ने विश्लेषण गरिएको छ । ओली यतिबेला नैतिक संकटमा छन् । तानाशाह बन्ने उनको गतिविधिलाई सर्वोच्चले पूर्णबिराम लगाइदिएको छ । ओलीको बहिर्गमनसँगै ओली युगको पनि अन्त्य हुनेछ ।

## मेलम्चीको पानी...

आयोजनाले पहिलो चरणमा दैनिक १७ करोड लिटर काठमाडौं लैजाँदै छ । सुरुङको क्षमता दैनिक ५१ करोड लिटर भए पनि दोस्रो चरणमा पाँच पोखरी थाङपाल गाउँपालिकामा रहेको याग्री र लार्के खोलाको पानी समेत ल्याएर दैनिक सुरुङको क्षमताअनुसार नै काठमाडौंमा पानी लैजाने तयारी आयोजनाको छ । दोस्रो चरणको आयोजनाका लागि जग्गा अधिग्रहणलगायतका काम सम्पन्न भइसकेको छ ।

## शीर्ष नेता...

कमिटी सदस्य एवं परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीले सर्वोच्च अदालतले गरेको निर्णयमाथि आशंका भए पनि संविधानको अन्तिम व्याख्या गर्नै अधिकार सर्वोच्चलाई नै भएकाले सोहीअनुसार अघि बढ्ने निर्णय बैठकले गरेको जानकारी गराएका छन् । प्रधानमन्त्री मुलुकलाई अन्यौलमा राख्नु हुँदैन भन्ने पक्षमा हुनुहुन्छ । आजका निर्णयले भोलिका दिनमा के असर गर्छ भन्ने उहाँले बुझ्नुहुन्छ, यसकारण पार्टी एकतालाई ध्यानमा राखेर दुई पक्षबीच गम्भीर मतभिन्नता भएको स्वीकार्दै उनले अझै पनि एकता प्रयास जारी रहेको खुलाए ।

पार्टी एकताबद्ध रहने सन्देश जाने गरी कसैलाई पनि कारबाही नगरिएको बताउँदै उनले प्रधानमन्त्रीको राजीनामाबारे पनि छलफल भएको जनाए । 'मुलुकलाई राजनीतिक निकास दिनुपर्छ भन्ने नै हाम्रो भनाइ हो । यस पछाडिको परिदृश्य के भन्ने स्पष्टता भएपछि परामर्श गरेर छलफलपछि संस्थागत निर्णय गरी अघि बढ्छौं उनले भने । सर्वोच्च अदालतको फैंसलापछि दुईतिर विभाजित माहोल, पछिल्लो घटनाक्रमको असर र प्रभाव, राजीनामा, अबको राजनीति कसरी अघि बढ्ने, सर्वोच्चको निर्णयको प्रभाव र कार्यान्वयनको विषय, सो फैसलालाई मान्नुपर्छ भन्ने मत, केन्द्रीय कमिटी बैठक बोलाउने विषय, पूर्वघोषित शक्ति प्रदर्शनका कार्यक्रम परिमार्जन गरेर मात्रै गरिने, संसदको अधिवेशन निर्धारित समयमा गराउने, त्यसपछिको माहौल कसरी अघि बढ्छ भन्ने चासो लगायत विषयमा छलफल भएको उनले जानकारी गराएका छन् ।

सर्वोच्चको फैसलालगत्तै प्रधानमन्त्री ओलीले आफू निकट नेताहरूसँग व्यापक छलफल गरेका छन् । नेकपा दाहाल नेपाल समूहले प्रधानमन्त्रीको राजीनामा मागे पनि उनी तत्काल राजीनामा नदिने अडानमा छन् । प्रधानमन्त्रीका सल्लाहकारहरूले प्रधानमन्त्री ओलीले तत्काल राजीनामा नदिने बताउँदै आएका छन् । प्रधानमन्त्री ओलीले सर्वोच्चको फैसला सामान्य भएको र त्यसले आफूलाई कुनै असर नपर्ने टिप्पणी गरेका छन् ।

## मालेले...

सिंगो देश प्रतीक्षारत रहेको संसद विघटन सम्वन्धी महत्वपूर्ण फैसला गरेको छ, जसलाई नेकपा (माले) सम्मान गर्दछ । स्मरण रहोस्, के पी ओली नेतृत्वको मन्त्रीपरिषदले यहि २०७७ साल पुष ५ गते प्रतिनिधिसभा विघटन गरी ताजा जनादेश प्राप्तिको निम्ति निर्वाचन गर्ने प्रस्ताव पारित गरी राष्ट्रपतिबाट अनुमोदन प्राप्त गरेको थियो । सर्वोच्च अदालतमा उजुरी परी उक्त निर्णय हिजोसम्म विचाराधिन रह्यो । सर्वोच्च अदालतले उक्त निर्णय संविधान विपरित र प्रतिनिधिसभा 'उक्त असंवैधानिक विघटन भन्दा पहिलेकै स्थितिमा पुनर्स्थापित भई काम गर्न सक्षम र समर्थ' रहेको ठहर गरेको छ । साथै, त्यसले सरकारलाई हिजैको मितीबाट १३ दिन भित्रमा त्यसको अधिवेशन बोलाउने कार्य गर्न/गराउन 'परमादेश जारी' गरेको छ । सर्वोच्च अदालतले यस फैसलाबाट संविधानको उल्लंघन भएको ठहर गर्दै त्यसलाई सच्याउने र राजनीतिक आशंका र अन्यौल हटाउने महत्वपूर्ण कार्य गरेको छ, जसलाई यो बैठक सराहना गर्दछ ।

२. स्मरण रहोस्, स्थायी कमिटिको पुष ६ गते बसेको बैठकले प्रेश-वक्तब्य जारी गर्दै भनेको थियो, 'मौजुदा प्रतिनिधिसभा विघटन गर्ने प्रस्ताव तत्काल जनताद्वारा अनिच्छित, देशमा अवाञ्छित, जतातती आलोचित, संविधानाका मर्मलाई बोक्न कोशिस गरेपनि त्यसका लिखित प्रावधानहरूसँग मेल नखाने र व्यापक जोखिमयुक्त प्रस्ताव हो । यसकारण नेकपा (माले) यसप्रति असहमति प्रकट गर्दछ ।' 'यो घटना सत्ताधारी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्र मूलतः दुबै समूहका दुई नेताका ब्यक्तिवादी लहडमा फगत सत्तामोहको कारण गरिएको चुनावी गठवन्धन (१७ असोज २०७४) तथा पार्टी एकीकरण (३ जेठ २०७४) को जगमा हुर्किएको गुट द्वन्दमा हस्तक्षेपकारी वाह्य शक्तिको चालवाजीको प्रवेश पछि उत्पन्न विस्फोटक स्थितिको परिणाम हो ।' उक्त विश्लेषणलाई यो बैठक पुनःपुष्टि गर्दछ ।

३. सर्वोच्च अदालतको फैसलाबाट प्रतिनिधिसभाको पुनर्स्थापन भए पनि सत्ताधारी पार्टीको द्वन्द तत्काल समाधान नहुने, अस्थिर गठबन्धन सरकार बन्ने अहिलेको भन्दा पनि भ्रष्टाचार बढ्ने र हस्तक्षेपकारी वाह्य शक्तिकै चलखेल झन वढ्न गई देशमा राजनीतिक अस्थिरता झन् बढ्ने निस्चित प्रायः छ ।

४. उपरोक्त स्थितिमा बिदेशी हस्तक्षेपकारी चलखेल झन् बढ्नुका साथै देशमा विद्यमान द्वन्दहरू विस्फोटक स्थितितर्फ बढ्दै जाने सम्भावना अधिकाधिक स्पष्ट देखिदैछ । त्यस्तो अवस्थाबाट मुलुक र जनतालाई वचाउन कम्युनिष्ट, वाम, लोकतान्त्रिक तथा राष्ट्रवादी गरी चारै धारका देशभक्तहरू देशमुखी एजेण्डाको आधारमा एकगठ भएर अघि बढ्दै देशभक्त प्रगतिशिल लोकतान्त्रिक बैकल्पिक शक्तिको निर्माण गर्नु आजको टड्कारो राष्ट्रिय आवस्यकता हो भन्नेतर्फ समस्त देशभक्तहरूलाई यो बैठक आह्वान गर्दछ ।'

## सामाजिक सञ्जाल...

नीति कार्यान्वयनमा ल्याएको हो । समाजका सबै वर्ग, लिङ्ग, समुदाय र उमेर समूहका मानिसमा सामाजिक सञ्जालप्रतिको आकर्षण बढ्दै गएको परिप्रेक्षमा एकातर्फ सामाजिक सञ्जालको उपयोग गरी निर्वाचन तथा मतदाता शिक्षा सामग्री, निर्वाचन आयोगका गतिविधि, निर्वाचनका सबै चरण र प्रक्रियाका निर्वाचनसम्बन्धी सूचनाहरू छिटोछरितो, मितव्ययी एवम् प्रभावकारी तवरबाट सम्प्रेषण गर्न सकिने अवसर सिर्जना भएको आयोगको दाबी छ ।

सूचना प्रविधि एवम् सामाजिक सञ्जालको क्षेत्रमा कार्यरत निर्वाचनका सरोकारवालासँग समन्वय र सहकार्य गर्दै आगामी दिनमा निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययी बनाउन नीति सहयोगी हुने आयोगले अपेक्षा गरेको छ । नीति कार्यान्वयनमा आएसँगै आयोगका सबै गतिविधि र क्रियाकलापहरू सामाजिक सञ्जालका माध्यमबाट लक्षित वर्ग तथा अन्य सरोकारवालालाई सहज र छिटोछरितोरूपमा प्रवाह गरी पारदर्शी बनाउने, सामाजिक सञ्जालका माध्यमबाट निर्वाचन तथा मतदाता शिक्षामा सरोकारवालाको पहुँचलाई सहज र मितव्ययी बनाई समन्वय र सहकार्य वृद्धि गर्दै दोहोरो सञ्चार स्थापित गर्ने, युवा, महिला, समावेशी समूह, अपाङ्गता भएका व्यक्ति लक्षित निर्वाचन तथा मतदाता शिक्षा सामग्रीको उपलब्धता हुनेछ ।

प्रचारप्रसार एवम् पहुँच वृद्धि गर्ने, सामाजिक सञ्जालमा सम्प्रेषित मिथ्या सूचना, दुष्प्रचार, सूचना तोडमोड र द्वेषपूर्ण अभिव्यक्तिको नियमन, तत्काल व्यवस्थापन तथा सूचनाका स्रोतको आधिकारिकता यकिन गर्न योगदान पुग्ने विश्वास गरिएको छ । सक्षम जनशक्ति र संस्थागत प्रणालीको विकास गर्ने, निर्वाचनका सबै चरणमा राजनीतिक दल, सञ्चारमाध्यम तथा निर्वाचनका सरोकारवालाले सामाजिक सञ्जालमा सम्प्रेषण गर्ने निर्वाचनसम्बन्धी सूचना, जानकारी तथा विषयहरूको अनुगमन गर्ने जस्ता कार्यमा नीति कार्यान्वयनबाट सहज हुनेछ ।

सामाजिक सञ्जालका मञ्चको प्रयोग गरी मिथ्या सूचना, दुष्प्रचार, सूचना तोडमोड एवम् द्वेषपूर्ण अभिव्यक्ति जस्ता क्रियाकलापमार्फत निर्वाचनलाई नकारात्मकरुपमा प्रभाव पार्ने एवम् निर्वाचनको समयमा सामाजिक सञ्जालको माध्यमबाट बाह्य हस्तक्षेप हुन सक्ने जोखिमको विगतमा महसुस गरी नीति कार्यान्वयनमा ल्याइएको हो । समाजिक सञ्जालबाट सिर्जित उल्लिखित अवसरको सदुपयोग गर्ने एवम् सामाजिक सञ्जालको प्रयोगबाट उत्पन्न हुनसक्ने जोखिम न्यूनीकरण गर्ने प्रयासस्वरुप नीति तर्जुमा गरिएको जानकारी दिइएको छ ।

उक्त नीति तर्जुमा गर्दा संवैधानिक एवम् कानूनी व्यवस्था, पन्ध्रौं पञ्चवर्षीय योजना, आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना एवम् विगतका अभ्यासबाट प्राप्त सिकाइ तथा उपलब्धिलाई आधार मानिएको आयोगले स्पष्ट गरेको छ ।

## अदुवा...

अन्य खेती विस्थापित गरेर अदुवा खेती लगाए पनि श्रम मूल्य नपाउँदा निरास हुनुपरेको फाकफोकथुमका किसान गुरुभक्त नेपाल बताउँछन् । अघिल्लो वर्ष भारतले निकासीमा अवरोध गरेपछि उत्पादित निर्यातमा समस्या थियो । व्यावसायिक किसानको सावाँसमेत नउठेपछि धेरैले यस वर्ष अदुवा खेती नै गरेका छैनन् । विगत वर्षदेखि नै इलामको अदुवा भारतीय बजारमा निकासी हुँदै आएको छ ।

## सार्वजनिक ऋण...

अंश ११.९ प्रतिशत रहेको छ। त्यस्तै, तिर्न बाँकी आन्तरिक ऋणको दायित्वमध्ये विकास ऋणपत्रको अंश ६५.३ प्रतिशत, ट्रेजरी बिलको ३३.५ प्रतिशत, नागरिक बचतपत्रको १.२ प्रतिशत र वैदेशिक रोजगार बचतपत्रको अंश ०.१ प्रतिशत रहेको छ। सरकारले चालू आर्थिक वर्षको ६ महिनामा ७८ अर्ब ४ करोड रुपैयाँ ऋण लिएको छ। यसध्ये ३० अर्ब ४ करोड वैदेशिक ऋण र ५७ अर्ब आन्तरिक ऋण हो। चालू आवमा सरकारले कुल २ खर्ब ९९ अर्ब ५० करोड वैदेशिक ऋण र २ खर्ब २५ करोड रुपैयाँ आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य लिएको छ। पुस मसान्तसम्ममा सरकारले कुल ३७ अर्ब ५० करोडबराबरको वैदेशिक सहायता परिचालन गरेको छ। जसमध्ये ७ अर्ब ४६ करोडबराबरको वैदेशिक अनुदान र ३० अर्ब ४ करोडबराबरको वैदेशिक ऋण रहेको छ। गत आर्थिक वर्षको पहिलो ६ महिनामा अनुदान १३ अर्ब ७३ करोड र ऋण ३२ अर्ब ४४ करोड गरी जम्मा ४६ अर्ब १७ करोडको वैदेशिक सहायता प्राप्त भएको थियो।

सरकारले पुस मसान्तसम्ममा ऋणको साँवा र ब्याजसमेत गरी कुल ३० अर्ब ७० करोड रुपैयाँ भुक्तानी गरेको छ। अर्थ मन्त्रालयका अनुसार आन्तरिकतर्फ ६ अर्ब साँवा भुक्तानी र १३ अर्ब ९६ करोड ब्याज भुक्तानी भएको छ। त्यसैगरी, यस अवधिमा वैदेशिक ऋणको १० खर्ब ७४ करोड साँवा भुक्तानी भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा आन्तरिक ऋणको साँवातर्फ २ अर्ब ४० करोड र ब्याजतर्फ १० अर्ब ३१ करोड भुक्तानी गरिएको थियो।

पुस मसान्तसम्ममा वैदेशिक सहायता प्रतिबद्धता १ खर्ब ८७ अर्ब ४४ करोड रुपैयाँ पुगेको छ। यो गत आवको सोही अवधिको तुलनामा १५६.९ प्रतिशतले बढी हो। गत आवको ६ महिनामा ७२ अर्ब ९५ करोडको वैदेशिक सहायता प्रतिबद्धता प्राप्त भएको अर्थ मन्त्रालयको तथ्यांक छ। चालू आवको ६ महिनामा सरकारले प्राप्त गरेको वैदेशिक सहायताको प्रतिबद्धतामध्ये अनुदान सहायता १८ अर्ब १३ करोड र ऋण सहायता १ खर्ब ६९ अर्ब ३१ करोड रुपैयाँ रहेको छ। कुल वैदेशिक सहायता प्रतिबद्धतामध्ये सडक तथा सुशासन क्षेत्रमा ५७ प्रतिशत, ऊर्जा क्षेत्रमा २९ प्रतिशत, शिक्षामा ५ प्रतिशत, स्वास्थ्य तथा कोभिड क्षेत्रमा ५ प्रतिशत, वातावरण क्षेत्रमा ३ प्रतिशत र पुनर्निर्माण क्षेत्रमा १ प्रतिशत रहेको अर्थ मन्त्रालयले जनाएको छ।

## पशुपतिमा...

दिएका थिए। कोषले आह्वान गरेपछि सर्वसाधारणले कोषको बैंक खातामा ४० लाख प्रदान गरेका थिए । तत्कालीन राजा रणबहादुर शाहले पहिलो पटक १८३८ सालको श्रीपञ्चमीमा तामाको जलहरी स्थापना गरेका थिए। उक्त जलहरी जीर्ण भएपछि तत्कालीन राजा महेन्द्र शाहले २०२४ माघ २० गते चाँदीको जलहरी फेरेका थिए । सुनको जलहरी राख्ने कामको मूलकर्ताका रूपमा प्रधानमन्त्री ओली रही राष्ट्रपति भण्डारी मन्दिर पुगी जलहरी राख्ने काम भएको हो ।

## भ्रष्टाचारका...

भनेर सर्वोच्चमा मुद्दा दायर गरेपछि मात्रै आयोग बलियो बनेको थियो । नत्र सरकारले राजनीतिक नियुक्ति गरेका व्यक्तिलाई सरकारको स्वीकृतिबेगर आयोगले कारबाही गर्न पाउँदैन भन्ने व्यवस्था गरेर अख्तियारको हातखुट्टा बाँध्ने काम गरेको थियो । तर आयोग नै निकम्मा भएका कारण भ्रष्टाचारीहरूले अहिले पनि छुट पाइरहेका छन् । भ्रष्टाचार निवारण ऐन २०५९ ले भ्रष्टाचारीले जेल बस्नैपर्ने व्यवस्था गरे पनि त्यसको कार्यान्वयन नहुँदा ठूलठूला भ्रष्टाचारीहरू उम्किने गरेका छन् ।

२०५९ सालको भ्रष्टाचार निवारण ऐनले १ करोड रूपैयाँभन्दा माथि भ्रष्टाचार गर्नेलाई ८ देखि १० वर्षसम्म कैद बस्नैपर्ने निर्णय गरेको छ । तर कैदमा के बसे त ? प्रश्न अनुत्तरित छ । २०५६ साल चैत २६ गते टुँडिखेलमा आयोजित आमसभामा एमालेका नेताहरूले आफ्नै पार्टीभित्रका भए पनि जघन्य अपराधी र भ्रष्टाचारीलाई कारबाही गर्ने उद्घोष गरेका थिए, एमालेले जनकारबाही गर्ने घोषणा गरेपछि २ हजार ७ सय ८८ वटा उजुरी परेको थियो । सो आमसभामा बोल्दै एमाले नेता प्रदीप नेपालले खुमबहादुर खड्का मात्र होइन वामदेव गौतम समेत ठूलो भ्रष्टाचारी भएको घोषणा गरेका थिए । वामदेवले गृहमन्त्री हुँदा करोडौंको सुन तस्करी गरेको भन्दै उनलाई भ्रष्टाचारी ठहर गरेका थिए । प्रदीप नेपालले भ्रष्टाचारको तथ्यांक पेस गर्दै वामदेव गौतमले १ अर्ब १६ करोड ९ लाख रूपैयाँ बराबरको १६ सय ३८ केजी सुन तस्करी गरेको आरोप लगाएका थिए । एमाले फुटाउन खुमबहादुर खड्काबाट वामदेव गौतमले १ करोड ८० लाख रूपैयाँ लिएको आरोप पनि प्रदीप नेपालले लगाएका थिए ।

पोखरामा आयोजित अर्को कार्यक्रममा तत्कालीन माले नेता वामदेव गौतम (हाल एमाले) ले प्रदीप नेपाल, केपी ओली, माधव नेपाल र मोदनाथ प्रश्रितले करोडौंको भ्रष्टाचार गरेको आरोप लगाएका थिए । चेज एयर प्रकरणमा एमालेबाट मन्त्री बनेका यमलाल कँडेल, शानेवानिका तत्कालीन अध्यक्ष हङकङ राणा, तत्कालीन मेयर केशव स्थापित, व्यापारी सीताराम नेपाल, प्रकाश टिबडेवाल, दीपक मलहोत्रा, प्रकाश भट्टचन, टेकबहादुर गुरुङ, शंकर गोल्यान, छविलाल भूसाल आदिले भ्रष्टाचार गरेको सञ्चारमाध्यमहरूले उल्लेख गरेका थिए ।

चाइना साउथ वेस्ट प्रकरणमा एमालेका अधिकांश नेता मुछिएकाले सो पार्टीले त्यस प्रकरणलाई छुँदै छोएन । त्यस्तै अर्बौंको सुन तस्करी गरेको आरोप लगाइएका वामदेव गौतम एमालेमा फर्किएपछि उनी चोखो भएको घोषणा गरियो । २०५९ साल मंसिर ४ गते बसेको एमाले बैठकले गौतममाथि लगाएका सबै आरोप फिर्ता लिने निर्णय गऱ्यो ।

नेपाल दक्षिण एसियाको सबैभन्दा भ्रष्ट मुलुकमा पर्छ । ट्रान्सपरेन्सी इन्टरनेसनलको प्रतिवेदनमा यही कुरा उल्लेख छ । प्रहरी, प्रशासन, न्यायापालिका, कार्यपालिका, व्यवस्थापिका, सेना, नागरिक समाज, गैरसरकारी संस्था, प्रेसलगायत हरेक वर्ग र व्यवसायमा भ्रष्टाचार छाएको छ । गैरकानुनी र गैरसंवैधानिक काम गर्नेहरूलाई कठोर सजाय दिन नसकेका कारण नेपाल झन् झन् बदनाम हुँदै गइरहेको छ । बरु पञ्चायतकालमा भ्रष्टाचारविरुद्ध चर्को आवाज उठेपछि प्रधानमन्त्री मरिचमान सिंहले १५७ जना भ्रष्ट कर्मचारीहरूलाई बर्खास्त गरेका थिए । भन्सार विभागका तत्कालीन महानिर्देशक हेमराज ज्ञवालीलगायतका धेरै कर्मचारीहरू उच्च तहमा पुगे पनि खोसुवामा परेका थिए । तिनै ज्ञवालीले कालान्तरमा कान्तिपुर दैनिकमा लगानी गरेर कालो धनलाई सेतो बनाए ।

नेताहरू मात्र भ्रष्टाचारी हुँदैनन् कर्मचारीतन्त्रमा त्योभन्दा धेरै भ्रष्टाचार हुन्छ । तर राष्ट्र हाँक्ने व्यक्तिहरू सही भइदिए भने कर्मचारीले भ्रष्टाचार गर्ने हिम्मत गर्दैनन् भन्ने कुरा सिंगापुर, मलेसिया लगायतका देशहरूमा देखिएको छ । भूगोलविद तथा विकासविद् हर्क गुरुङले भनेका थिए- 'हरेक वर्ष इमानदारीसँग काम गरेको भन्दै हजारौंलाई पुरस्कार र तक्मा दिइन्छ, त्यो हेर्दा त नेपाल रामराज्य नै भइसक्नुपर्ने हो' तर हर्क गुरुङलाई के थाहा राजदरबारबाट बाँडिने तक्मा र पुरस्कार समेत किनबेच हुने गर्थ्यो । दरबारका भ्रष्ट सचिवहरूले तस्कर र ठूलठुला भ्रष्टाचारीबाट लाखौं रूपैयाँ लिएर हरेक वर्ष विभूषण वितरण गर्ने गर्थे ।

जनार्दन मल्लिकको अध्यक्षतामा गठित मल्लिक आयोगले जनआन्दोलन २०४६ का दोषीलाई कारबाही गर्ने ठहर गरे पनि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले जनआन्दोलनका दोषीलाई कारबाही गर्न नमिल्ने भन्दै क्याबिनेटबाट निर्णय गरायो । यसले गर्दा पुराना भ्रष्टाचारी र अपराधीमाथि कारबाही हुन सकेन । बहुदलीय पार्टीका बहुदलीय नेताहरू समेत पञ्चायतकालकै भ्रष्टाचारीहरूबाट घेरिए भने गणतन्त्र स्थापना भइसकेपछि पनि सोही क्रम अगाडि बढ्यो । प्रतिवेदन र आयोग बन्ने क्रम चलि नै रह्यो । प्रतिवेदनका फाइलहरू दराजमा थन्किने क्रम जारी नै रह्यो र जघन्य अपराधीहरूले छाती फुकाएर हिँड्न पाउने छुट झन् बढ्दै गयो ।

महालेखा परीक्षक विभागले राज्यले गरेको खर्च र राजस्व असुलीलाई छानबिन गर्दै हरेक वर्ष ठूलठूला ठेली व्यवस्थापिकामा पठाए पनि त्यसबारे कहिल्यै गम्भीरतापूर्वक छानबिन भएन । ठूलठूला भ्रष्टाचारी र भ्रष्टाचारीका मतियारहरू सदनदेखि सरकारसम्म छ्याप्छ्याप्ती भएकाले भ्रष्टाचारीहरूले कुनै दण्ड सजाय पाएनन् ।

विदेशी स्वार्थमा सती जाने बानी परेका नेपालका नेताहरूले बाह्य शक्तिसँग मिलेर पनि अख्तियारको दुरूपयोग गरिरहे । सरकार बनाउने र ढाल्ने खेलमा ठूलठूला षड्यन्त्र र किनबेच भए । बुद्धिमान तामाङ, बालाराम घर्ती मगर, महेन्द्र राय, शान्तिशमशेर राणा र विष्णुविक्रम थापा मन्त्री छँदा एकैपटक बिरामी भएकाले बैंकक गएर उपचार गर्न पाउँ भनी निवेदन दिए र प्रधानमन्त्री शेरबहादुर देउवाले उनीहरूलाई २१२ हजार अमेरिकी डलर खर्च दिएर थाइल्यान्ड पठाए । यस्तै एमालेका कैयन् नेतालाई होटलको कोठामा थुनेर हप्तौं दिनसम्म ब्लुफिल्म देखाउँदै राखियो । जाँडरक्सी, सुरासुन्दरी र मोजमस्तीमा उनीहरूले सिद्धान्त बिर्सिदिए । २०५२ साल भदौ २६ गते प्रधानमन्त्री भएका शेरबहादुर देउवालाई पदच्युत गराउन अविश्वासको मत ल्याइएपछि २०५३ फागुन २३ गते देउवा संसदमा अल्पमतमा परे र विश्वासको मत प्राप्त गर्न नसकेर उनले राजीनामा दिनुपऱ्यो । सांसदहरूको किनबेच भएकै कारण देउवाको सरकार ढल्यो । त्यस्तै कारणले २०५३ फागुन २९ गते गठित लोकेन्द्रबहादुर चन्दको सरकार २०५४ असोज १८ गते पार्टीभित्रको अन्तर्घात समेतको सिकार बनेर ढलेको थियो । २०४६ सालदेखि २०६० सालसम्म नेपालीहरूले २० वटा सरकार देख्न पाए । २० वर्षको अवधिमा संसारको कुनै पनि अवधिमा २० वटा सरकार बनेको रेकर्ड छैन । भ्रष्टाचार र व्यक्तिगत स्वार्थका कारण आज पनि नेपालले राजनीतिक स्थिरता पाउन सकेको छैन । गणतन्त्र आए पनि विकृति र विसंगति एक सेन्टिमिटर पनि कम भएको छैन । बरु झन् बढेको छ । महँगी, भ्रष्टाचार, असुरक्षा, अराजकता, हिंसा र बेथितीले सिमाना नाघेको छ । नेपाल भ्रष्टाचारमा अग्रणी भएका कारणले राजनीतिक अस्थिरतालाई मलजल गरिरहेको सबैले बुझेका छन् ।

२०४६ सालपछि सन्त नेता भनिने कृष्णप्रसाद भट्टराई २ पल्ट गरेर १ वर्ष १० महिना प्रधानमन्त्री बने । सुराही र छाता बोकेर प्रधानमन्त्री निवासमा छिरेका कृष्णप्रसाद भट्टराईले त्यहाँबाट फर्किंदा भैंसीपाटीस्थित शरदसिंह भण्डारीको घर सित्तैमा पाएका थिए । सो घरमा बालुवाटारस्थित प्रधानमन्त्री निवासबाट फर्किंदा उनले २१ ट्रक सामान भित्र्याए ।

त्यत्तिका सामान र करोडौंको बैंक ब्यालेन्स कहाँबाट आयो ? के त्यो अमिता कपालीको दाइजो थियो ? विश्वज्योति सिनेमा हलमा चौकीदार काम गर्ने अमिताका बाबुले छोरीलाई त्यति दाइजो दिन सक्थे ? यस्ता प्रश्नहरूको उत्तर नदिई भट्टराईको देहान्त भयो भने उनको आत्माले शान्ति पाउने छैन । झन्डै ६ पटक प्रधानमन्त्री बनेका गिरिजाप्रसाद कोइरालाले ९ वर्ष प्रधानमन्त्री हुने मौका पाए । उनलाई भ्रष्टाचारका महानायक भनिन्छ । लाउडा र धमिजाकाण्डलगायत हजारौं अनियमितताका संरक्षक मानिने गिरिजाप्रसाद कोइरालाले नेपालमा भ्रष्टाचारलाई संस्थागत गर्नुमै आफ्नो जीवन बिताए । उनले पार्टी मात्र समाप्त पारेनन्, नेपालको राष्ट्रियतालाई समेत क्षतविक्षत बनाए । विदेशीहरूलाई नेपालमा भित्र्याउने, दिल्लीमा गएर विदेशीहरूसँग सम्झौता गर्ने र राष्ट्रियतालाई समाप्त पारेर भए पनि राष्ट्राध्यक्ष हुन खोज्ने उनको दुःस्वप्नकै कारण आज नेपाल खाडलमा परेको छ ।

नौ महिना मात्र प्रधानमन्त्री हुने सौभाग्य पाएका मनमोहन अधिकारी इमानदार व्यक्ति थिए । उनको पार्टीका मदन भण्डारी पनि इमानदार र राष्ट्रवादी व्यक्ति थिए । मदन भण्डारीको असामयिक र षड्यन्त्रपूर्ण मृत्युमा शोक व्यक्त गर्दै तत्कालीन राजा वीरेन्द्रले राष्ट्रवादी व्यक्तित्व मदन भण्डारीको निधनले आफूलाई ठूलो चोट पुगेको सन्देश दिएका थिए ।

पटक पटक प्रधानमन्त्री हुने मौका पाएका शेरबहादुर देउवा भ्रष्टहरूकै सूचीमा पर्छन् । प्यालेस्टिनीले विवाह गरेर एउटा छोरो जन्माएपछि घर फर्केकी श्री ४ जुद्धशमशेरकी नातिनी बिहे गरेर उनले राजनीतिलाई अगाडि बढाउन खोजे । डा. आरजु देउवाका दोस्रो पति शेरबहादुर देउवाले आउजुलाई दोस्रो पुत्र -जयवीर देउवा) जन्माइदिएर प्रसन्न बनाए । तर पारिवारिक अवस्था अझै सुखमय हुन सकेन । डा. मिनेन्द्र रिजालसँगको लसपस र विदेशीहरूसँगको उठबसले देउवालाई हिजोआज निद्रा परेको छैन । करोडौंको सम्पत्ति भए पनि देउवा डडेलधुराका गाउँहरू सम्झेर बेलाबेला रक्सी खाँदै साथीहरूसँग रुने गर्छन् ।

*(क्रमशः)*